स्थानीय पाठ्यक्रम

# सिकाइ सहजीकरण निर्देशिका, २०७९

आधारभूत तह (कक्षा ६–८)


पोखरा महानगरपालिका

शिक्षा महाशाखा

# स्थानीय पाठ्यक्रम सिकाइ सहजीकरण निर्देशिका, २०७९

आधारभूत तह (कक्षा ६-८)


पोखरा महानगरपालिका

शिक्षा महाशाखा

**प्रकाशक**

पोखरा महानगरपालिका

गण्डकी प्रदेश, नेपाल

© सर्वाधिकारः पोखरा महानगरपालिका

प्रथम संस्करण २०७९ (१४०० प्रति)

मुद्रण: आदर्श अफसेट प्रिन्टर्स

बगर ०६१–५४४९६२

*प्रकाशकको लिखित अनुमतिबिना व्यापारिक उद्देश्यले यस सामग्री पूर्ण वा आंशिक रूपमा हुबहु तथा स्वरूप परिवर्तन गरेर छाप्न पाइने छैन तर शैक्षिक प्रयोजन एवम् निःशुल्क वितरणका लागि बन्देज लाग्ने छैन ।*

सल्लाहकार समितिः श्री धनराज आचार्य, प्रमुख, पोखरा महानगरपालिका

श्री मञ्जुदेवी गुरुङ, उपप्रमुख, पोखरा महानगरपालिका

श्री बलराम रिज्याल, प्रमुख प्रशासकीय अधिकृत, पोखरा महानगरपालिका

श्री हेमप्रसाद आचार्य, शिक्षा महाशाखा प्रमुख, पोखरा महानगरपालिका

विषय सम्पादनः श्री विष्णुप्रसाद पराजुली

संयोजनः  पोखरा महानगरपालिका, शिक्षा महाशाखा

भाषा सम्पादनः प्रेमप्रसाद पोखरेल

टाइप तथा लेआउटः  केदार पौडेल, ९८५६०५९८०५

मस्यौदा कार्यदलः

| | |
|---|---|
| संयोजक- | श्री बद्रीनाथ सुवेदी, शाखा अधिकृत (आठौं) |
| सदस्य- | श्री विष्णुप्रसाद पराजुली (पाठ्यक्रम विज्ञ) |
| सदस्य- | श्री सञ्जीवराज खनाल |
| सदस्य- | श्री तारानाथ भण्डारी |
| सदस्य- | श्री प्रभा लम्साल रेग्मी |
| सदस्य- | श्री सन्दीप अधिकारी |
| सदस्य- | श्री विक्रम सुवेदी |
| विशेष सहयोगी | श्री केशवप्रसाद अम्गाईँ (कम्प्युटर विज्ञ) |

# हाम्रो भनाइ

नेपालको संविधानअनुसार आधारभूत तहसम्मको शिक्षा पाउनु सबै बालबालिकाहरूको नैसिर्गक अधिकार हो। आधारभूत तहका बालबालिकालाई शिक्षा प्रदान गर्नु आजको अपरिहार्य आवश्यकता पनि हो। यसका लागि विद्यालयले आफ्नो  स्थानीय आवश्यकता एवम् उपलब्ध स्रोत र साधनअनुसार शिक्षण गर्न सक्ने प्रावधान रहेको छ।

संविधानको अनुसूचीबमोजिम आधारभूत शिक्षामा पहुँचको सुनिश्चतता गर्नुका साथै विद्यालय तहसम्मको शिक्षा प्राप्त गर्ने अधिकार स्थानीय तहको मातहतमा रहने व्यवस्था गरेको छ। स्थानीय सरकार सञ्चालन ऐन ,२०७४ मा समेत स्थानीय स्तरको ज्ञान,सिप र प्रविधिको संरक्षण, सम्बर्द्धन र स्तरीकरण गर्ने अधिकार उल्लेख गरिएको छ। राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ ले हरेक स्थानीय तहलाई नै स्थानीय पाठ्यक्रम निर्माण गरी कार्यान्वयन गर्ने अधिकार सुनिश्चित गरेकाले पोखरा महानगरपालिका शिक्षा महाशाखाले आधारभूत तह कक्षा १ देखि कक्षा ८ सम्मको पाठ्यक्रम निर्माण गरी हरेक विद्यालयलाई उपलब्ध गराइसकेको छ। पाठ्यक्रमको उपलब्धताले मात्र शिक्षण सिकाइ प्रक्रियामा सहजता नभएको भन्ने गुनासो शिक्षक मित्रहरूबाट उठेको हुँदा उक्त गुनासोलाई सम्बोधन गर्नेको लागि पोखरा महानगरपालिका शिक्षा महाशाखाले शिक्षकहरूलाई शिक्षण कार्यमा सहजता होस् भन्ने हेतुले यसै शैक्षिक सत्रमा नै **स्थानीय पाठ्यक्रम शिक्षक सहजीकरण निर्देशिका २०७९** तयार परी नगरपालिका मातहतका सम्पूर्ण विद्यालयहरूमा उपलब्ध गराइएको छ।

पोखरा महानगरपालिका शिक्षा महाशाखाले तयार पारेको यस सामग्रीले विशेष गरी कक्षा १ देखि ८ कक्षासम्म स्थानीय पाठ्यक्रम शिक्षण गर्ने शिक्षकहरूलाई अवश्य पनि सहयोग पुर्‍याउने अपेक्षा राखिएको छ। यस सामग्रीको लेखन, सङ्कलन र सम्पादन गर्ने कार्यमा खटिनु हुने कार्यदलका संयोजकलगायत सम्पूर्ण सदस्यहरू भाषा सम्पादन गरी सहयोग पुर्‍याउनुहुने प्रेमप्रसाद पोखरेल तथा मायाकुमारी थापा एवं टाइप तथा लेआउट डिजाइन गर्नु हुने केदार पौडेललगायत सहयोगी सबैमा शिक्षा महाशाखा हार्दिक आभार प्रकट गर्दछ।

यो सामग्री  मूलतः विषयक्षेत्र मा आधारित भई तयार गरिएको छ। सकेसम्म स्थानीय पाठ्यक्रमको मर्मअनुरूप नै सहजीकरण पुस्तिका तयार पार्ने कोसिस गरिएको छ। प्रस्तुत सामग्री प्रयोग गर्दा विद्यालयको अनुकूलता, उपलब्ध स्रोत र साधन एवम् स्थानीय परिवेशलाई समेत ध्यान दिई शिक्षण सिकाइ क्रियाकलापलाई अगाडि बढाउनुहुनसमेत विशेष अनुरोध छ। सिकाइ सहजीकरण निर्देशिकालाई कार्यान्वयन गर्ने क्रममा विज्ञ एवम् प्रयोगकर्ताहरूबाट प्राप्त सल्लाह र सुझावलाई पृष्ठपोषणको आधारमा आगामी दिनमा अझै परिष्कृत बनाउनका लागि सबैको रचनात्मक सुझावको लागि पोखरा महानगरपालिका शिक्षा महाशाखा हार्दिक अनुरोध गर्दछ।

**शिक्षा महाशाखा**

पोखरा महानगरपालिका

# सहजकर्तालाई विशेष अनुरोध

स्थानीय पाठ्यक्रम शिक्षक सहजीकरण निर्देशिका कक्षा १ देखि कक्षा ८ सम्म अध्यापन गर्ने शिक्षकहरूका लागि तयार गरिएको हो । यो सहजीकरण पुस्तिका स्थानीय पाठ्यक्रमको मर्मअनुरूप सिकाइ उपलब्धि हासिल गर्न मद्दत पुऱ्याउने सामग्री रूपमा रहने छ भन्ने अपेक्षा गरिएको छ । यसका हरेक पृष्ठमा समावेश गरिएका नमूना अभ्यासहरूले मात्र पाठ्यक्रममा उल्लिखित पाठ्यवस्तुका उद्देश्य पूरा नहुन पनि सक्ने हुँदा सहजकर्ताले यहाँ सुझाइए जस्तै अन्य धेरै अभ्यासहरू गराउन सकिने छ । हरेक विषयक्षेत्रका अभ्यासहरू सहजकर्ताले विद्यार्थीलाई गराइसकेपश्चात् त्यसको मूल्याङ्कन अभिलेखीकरण गर्नुपर्ने छ । विषयवस्तुको प्रकृति, विद्यार्थीको स्तर,पाठ्यक्रमको उद्देश्य तथा स्रोतलाई दृष्टिगत गर्दै विभिन्न तहका बालबालिकालाई प्रेरित गरेर शिक्षण सिकाइका साधारण सिद्धान्त जस्तैः सरलबाट जटिल,ज्ञातबाट अज्ञात,मूर्तबाट अमूर्त र पूर्णबाट अंशलाई प्रयोग गरी शिक्षण गर्नु उपयुक्त मानिन्छ । यस्ता विधिहरूलाई विभिन्न प्रकारले वर्गीकरण गर्ने गरिएको भए तापनि यहाँ केही शिक्षक केन्द्रित र विद्यार्थी केन्द्रित विधिका रूपमा प्रचलित विधिहरूको बारेमा चर्चा गरिएको छ, जसलाई आवश्यकतानुसार प्रयोग गर्न सकिन्छ ।

**१ प्रर्दशन विधिः**

विषयवस्तुसँग सम्बन्धित चित्र,तस्बिर,प्रारूप, प्रतिमा,उपकरण ,यन्त्र आदिलाई कुशलताका साथ सञ्चालन र व्याख्या गरी तथ्य कार्यविधि सिकाउने तरिका नै प्रर्दशन विधि हो । यसमा तथ्य र व्याख्या गर्नुपर्ने विषयवस्तुको छनोट गरी पूर्व अभ्यास गरेर मात्र शिक्षकले प्रर्दशन गर्नुपर्दछ । प्रर्दशन गर्ने पाठलाई तयारी, प्रर्दशन र अनुकरण गरी समय मिलाएर सिकाउनु उपयुक्त मानिन्छ । यस विधिमा सबैले देख्ने गरी नमूना प्रर्दशन,सामग्रीको प्रयोग,सिकारूको संलग्नता तथा बसाइ व्यवस्थित हुनुपर्दछ । समयको बचत,प्रत्यक्ष अवलोकनको अवसर, विद्यार्थीको विषयवस्तुमा रूचि तथा सिकाइ दीर्घकालीन हुने हुनाले यो विधि भाषा तथा प्राविधिक दुवै विषयमा त्यतिकै प्रभावकारी मानिन्छ । प्रर्दशन विधिलाई अझ बढी प्रभावकारी बनाउन निम्नलिखित उपाय अवलम्बन गर्नु उपयुक्त मानिन्छः

- योजनाबद्ध रूपमा निश्चित समयमा विद्यार्थीको क्षमता र स्तरलाई बुझेर नमूना प्रर्दशन गर्नुपर्दछ ।
- सबै विद्यार्थीले देख्ने गरी सामग्री प्रर्दशन गरी सरल भाषामा प्रष्ट पार्नुपर्दछ ।
- विद्यार्थीको पूर्व ज्ञान र सिपसँग जोडेर अर्थपूर्ण प्रर्दशन गर्नुपर्दछ ।
- प्रर्दशन गरिने विषय बारम्बार विद्यार्थीलाई बुझाउन दोहोऱ्याउनुपर्दछ ।
- जानकारी,टेवा र पृष्ठपोषण बारम्बार दिनुपर्दछ ।
- बालबालिकालाई पनि सामग्री सङ्कलन ,छनोट र प्रयोगमा सहभागी गराउनु पर्दछ ।
- बालबालिकालाई सामूहिक रूपमा भन्न र अभ्यास गर्न लगाउनु पर्दछ ।
- सिकाइ उपलब्धिको राम्रो मूल्याङ्कन गरी सुधारात्मक शिक्षण गर्नुपर्दछ ।

**२  प्रश्नोत्तर विधिः**

विद्यार्थीमा के कति ज्ञान छ, उनीहरू कति विचार गर्न सक्छन् भन्ने जान्न र विद्यार्थीका जवाफबाट अरूलाई पनि जानकारी गराउन प्रश्नोत्तर विधिको प्रयोग गरिन्छ । विद्यार्थीको पूर्व ज्ञानसँग सम्बन्धित गराई विद्यार्थीलाई नै जागृत गरेर,अवस्था थाहा पाएर,पुनरावृत्ति गर्दै,विद्यार्थीलाई सक्रिय गराएर अभ्यास गर्ने र गराउने अवसर यस विधिमा हुने हुनाले यो विधि हालसम्म पनि त्यतिकै चलनचल्तीमा आउने गर्दछ । यस विधिलाई अझै बढी प्रभावकारी बनाउन शिक्षकले निम्नलिखित कुरामा ध्यान दिनुपर्दछः

- प्रश्न विषयवस्तुसँग सम्बन्धित हुनुपर्दछ ।
- प्रश्न दोहोरो अर्थ नलाग्ने हुनुपर्दछ ।
- प्रश्न विद्यार्थीको उमेर,कक्षा र स्तरअनुरूपको हुनुपर्दछ ।
- प्रश्न सरल र बोधगम्य हुनुपर्दछ ।
- प्रश्न सामूहिक रूपमा सोध्ने र उत्तर व्यक्तिगत रूपमा खोज्ने गर्नुपर्दछ ।
- प्रश्न सोधिसके पछि विद्यार्थीलाई सहज वातावरण निर्माण गरी उत्तर दिने अवसर सिर्जना गर्नुपर्दछ ।
- प्रश्न सोधाइ जहिले पनि सिकारूलाई अगाडि बढाउने खालको हुनुपर्दछ ।
- सिकारूले प्रश्नको सही जवाफ दिएमा उसलाई प्रशंसा गर्नुपर्दछ ।
- यदि सिकारूबाट सही जवाफ नआएमा मात्र शिक्षकले पृष्ठपोषणसहित सही जवाफ बताइदिनुपर्छ ।
- सिकाइ क्रियाकलापलाई अन्तरक्रियात्मक बनाउन विद्यार्थी विद्यार्थी बिच र शिक्षक विद्यार्थी बिच प्रश्न उत्तर गर्नुपर्दछ ।

**३  प्रयोग विधिः**

यो विधि ज्ञानात्मक,भावात्मक, क्रियात्मक सिप सिकाउनका लागि उपयोगी मानिन्छ । विद्यार्थीलाई प्रत्यक्ष रूपमा संलग्न गराएर यस विधिलाई थप प्रभावकारी बनाउन सकिन्छ । प्रारम्भिक कक्षाका विभिन्न विषयवस्तु शिक्षण गर्न यो विधिको प्रयोग उपयुक्त मानिन्छ । सैद्धान्तिक पाठ्यपुस्तकसम्बन्धी ज्ञान प्रदान गरिसकेपछि सैद्धान्तिक ज्ञानलाई प्रयोगात्मक रूपमा ढाल्नको लागि विद्यार्थीलाई नै आफैँ गरेर सिक्ने वातावरण सिर्जना गर्नुपर्दछ । विद्यार्थीले आफैँ गरेर सिक्ने हुनाले सिकाइ दीर्घकालीन समेत हुने गर्दछ ।

**४  सोधपुछ विधिः**

समस्या,घटना,रहस्य तथा जटिल विषयहरूका समाधानका लागि शिक्षकले विद्यार्थीलाई खोज तथा प्रयोग गरेर विषयको ज्ञान वा धारणा दिन यस विधिको प्रयोग गरिन्छ । विद्यार्थीलाई जागरूक गराएर स्वतन्त्रता प्रदान गरी, घटना वा तथ्यमा आधारित भएर खोजीनीतिबाट निष्कर्ष निकाल्न यो विधि प्रयोग गर्नु उपयुक्त हुन्छ । सिकारूमा खोज्ने बानी,स्वतन्त्रता, तथ्यमा आधारित, सिर्जनात्मक बानी,विचार आदान प्रदान गर्ने सिप विकास, रहस्य पत्ता लगाउने सिप आदिको विकासमा यस विधिको प्रयोग ज्यादै उपयोगी र प्रभावकारी मानिन्छ । यो विधि तल्ला कक्षाका विद्यार्थीका लागि भन्दा माथिल्ला कक्षाका  विद्यार्थीका लागि बढी उपयोगी मानिन्छ ।

### ५ प्रवचन विधिः

प्रवचन विधिलाई भाषण विधि पनि भन्ने गरिन्छ । यस विधिमा शिक्षकले समस्यासँग सम्बन्धित विषयवस्तुको छनोट गरी विद्यार्थीलाई उसको स्वभाव र प्रवृत्तिअनुसार उत्प्रेरित गर्दै क्रमिक रूपमा समन्वयात्मकरूपले हाउभाउका साथ व्याख्या गरेर विषयवस्तु बुझाउने प्रयास गर्नुपर्दछ । ठुलो समूह, धैरै विषयवस्तु,सामग्रीको अभाव, आर्थिक अवस्थाको अभाव, आदिको समस्या रहेको अवस्थामा प्रवचन विधिको प्रयोग गर्ने गरिन्छ । यो पूर्णरूपमा शिक्षक केन्द्रित विधि नै मानिन्छ । प्रभावकारी मूल्याङ्कन प्रविधिको प्रयोग नहुने , सिकाइ दिगो र प्रभावकारी नहुने , गरेर सिक्ने सिद्धान्तलाई यसले पूर्ण रूपमा अपेक्षा गर्ने हुँदा यो विधिलाई तल्ला कक्षाका विद्यार्थीका लागि त्यति प्रभावकारी मानिँदैन ।

### ६ भ्रमण विधिः

कक्षाकोठाभन्दा बाहिर शैक्षिक उद्देश्यसँग सम्बन्धित स्थानमा विद्यार्थीलाई भ्रमण गराएर त्यहाँको वास्तविक वस्तुस्थिति वा गतिविधि विद्यार्थीलाई नै अवलोकन गराएर वा निरीक्षण गर्न लगाएर वास्तविक ज्ञान वा जानकारी हासिल गराउने विधि नै भ्रमण विधि हो । यसरी विद्यार्थीलाई भ्रमण गराउनु पूर्व शिक्षकले भ्रमणको योजना,सामग्रीको तयारी,निर्देशन, छलफल तथा प्रश्नोत्तर आदिमा विशेष ध्यान दिनुपर्छ । धार्मिक,सांस्कृतिक तथा पर्यटकीय स्थलका बारेमा जिज्ञासा,खोजी,अध्ययन,प्रश्नोत्तर गरी ठोस वा वास्तविक ज्ञान हासिल गर्न यो विधिको प्रयोग महत्त्वपूर्ण मानिन्छ ।

### ७ स्वाध्ययन विधिः

विद्यार्थीले शिक्षकको सहयोगबिना नै व्यक्तिगत रूपमा विषयवस्तु छनोट गरेर अध्ययन सामग्रीको प्रबन्ध गरी बुँदा टिपोट,बुँदाको व्याख्या,साथै प्रतिवेदन तयार गर्नु व्यक्तिगत अध्ययन विधिको प्रक्रिया हो । यस विधिमा सिकारूले व्यक्तिगत प्रयासबाट ज्ञान,सिप,प्रतिभा प्रर्दशन गरी आफ्नै गति र क्षमताको आधारमा सिक्ने अवसर पाउँछ । प्रारम्भिक कक्षाका बालबालिकाहरूको रूचि, उनीहरूमा भएको ज्ञान र सिपलाई बुझेर शब्द निर्माण,हिज्जे, वाक्य संरचनाका साथै सन्दर्भ सामग्री प्रयोग गर्दा स्वतन्त्र रूपमा पढ्ने सन्दर्भमा यो विधिको प्रयोग धैरै गर्ने गरिन्छ । अध्ययन गरेको सामग्री बारे विद्यार्थीको स्तरअनुसार छोटो समीक्षा वा टिपोट लेख्न लगाउन सकिन्छ ।

### ८ खोज विधिः

कुनै पनि समस्याको खोजी गरेर समाधान निकाल्नु खोज अनुसन्धान हो । यो विधि अति वैज्ञानिक विद्यार्थी केन्द्रित शैक्षणिक विधि हो । खोज विधि पनि निर्देशित र अनिर्देशित गरी दुई किसिमका हुन्छन् । विद्यार्थीलाई शिक्षकले पूर्ण रूपमा निर्देशन दिई निष्कर्ष निकाल्न लगाउने विधिलाई पूर्ण निर्देशित खोज विधि भनिन्छ । प्रारम्भिक कक्षामा ध्वनि पत्ता लगाउने,ध्वनि र सङ्केतको सम्बन्ध खोजेर लेख्ने,चित्र र शब्द मिलाउने,शब्दको अर्थ खोज्ने,प्रश्नका उत्तरहरू पाठमा खोज्ने जस्ता कार्यमा यो विधिको प्रयोग गर्ने गरिन्छ ।

विद्यर्थीलाई आवश्यक मात्रामा निर्देशन दिएर तथा सहयोग दिएर सिर्जनात्मक रूपले खोजी कार्यलाई अगाडि बढाउनुपर्दछ। खोजबाट निस्केका विचारका आधारमा निष्कर्ष निकाल्न लगाउनुपर्दछ। प्रारम्भिक कक्षामा शिक्षकले विभिन्न सिकाइ क्षमता,भाषा र भाषिका भएका बालबालिकाको सिकाइ, उच्चारण, शब्द प्रयोग र बुझाइमा आएका समस्यालाई खोजेर कति जना कस्तो समस्यमा छन् र के गर्न आवश्यक छ भन्ने थाहा पाएर शैक्षणिक विधिको प्रयोग गर्नुपर्दछ। कक्षा १ देखि ३ सम्म विद्यार्थीमा सिर्जनात्मता र मौलिकताको विकास गर्न यस विधिको प्रयोग उपयोगी मानिन्छ। सिकाइमा पछि परेका विद्यार्थीलाई समेत समस्याप्रति चनाखो बनाउन, स्वतन्त्र रूपले चिन्तन क्षमताको विकास गराउन,आफ्नो कार्य आफैँ गर्नुपर्छ भन्ने सकारात्मक र स्वावलम्वी बानीको विकास गराई दायित्वबोध गराउन विद्यार्थीहरूलाई प्रयाप्त पाठ्यसामग्री उपलब्ध गराएर उनीहरूलाई सक्रिय रूपमा सहभागी गराई समस्या समाधान गर्न यो विधिको प्रयोग ज्यादै उपलब्धिमूलक मानिन्छ।

**९ अन्तरक्रिया विधिः**

अन्तरक्रिया विधि सबै तह र कक्षाहरूमा त्यतिकै उपयोगी हुने विधि हो। यसमा छलफलको योजना ,तयारी र छलफल सञ्चालन गर्ने तरिका पर्छन्। यसका लागि उपयुक्त शीर्षक छनोट गरी समूहमा वितरण गर्नुपर्छ। शिक्षकले कुन समूहलाई कुन ठाउँमा बसाइ व्यवस्थापन गर्ने भन्ने अगाडि नै योजना बनाउनुपर्छ। विशेष गरी कक्षाका विद्यार्थीहरूलाई कोठाका चार कुनामा ४ ओटा समूह बनाइ राख्नु उपयुक्त हुन्छ। बसाइ व्यवस्थापन गरिसकेपछि शिक्षकले छलफलको कार्यसूची विद्यार्थीलाई उपलव्ध गराउनुपर्दछ। कार्यसूचीअनुसार विद्यार्थीलाई समूहमा सक्रियतापूर्वक सहभागी गराउनुपर्दछ। छलफललाई निर्दिष्ट दिशातर्फ उन्मुख गराउनु पर्दछ। छलफलको क्रममा कम सक्रिय विद्यार्थीलाई थप प्रोत्साहन गर्दै अगाडि बढ्न उत्प्रेरित गर्नुपर्छ। छलफलबाट निस्केको निष्कर्षलाई कक्षामा प्रस्तुत गरिसकेपछि आवश्यक पृष्ठपोषणसहित शिक्षकले अन्तिम निष्कर्ष सुनाउनुपर्दछ।

**१० समूह शिक्षण विधिः**

समूह शिक्षण विधिमा कक्षाका सम्पूर्ण विद्यार्थीहरूलाई सकेसम्म साना साना समूहमा बाँडेर समूह सञ्चालन तथा रिपोटिङ लागि एक जना समूह नेताको चयन गर्नुपर्छ। छोटो समयमा समस्या समाधान गर्न सकिने समस्यालाई छानेर त्यसबारे शिक्षकले सङ्क्षिप्त परिचय दिनुपर्छ। प्रत्येक समूहलाई समूहगत रूपमा बस्ने व्यवस्था मिलाएर निश्चत समय तोकेर मात्र समस्या दिनुपर्छ। सबै सहभागीको विचारलाई समेट्ने गरी प्रतिवेदन तयार गरी समूह नेताले प्रस्तुत गर्ने व्यवस्था मिलाउनुपर्छ। शिक्षकले प्रतिवेदनको सारांश झिकी विद्यार्थीलाई क्रियाकलापको उद्देश्यमा आधारित भइ त्यसबारे बोध गराउनुपर्छ। यो विधि कक्षा १ देखि ३ सम्मका विद्यार्थीहरूमा मौखिक कार्य, अनुमान,जोडी पठन,गीत गायन तथा खेलका माध्यमबाट सिक्ने कार्यमा धेरै मात्रामा प्रयोग गर्न सकिन्छ।

**११ अभिनय विधिः**

मिल्दो विषयवस्तुमा हाउभाउसहित नक्कल नाटक वा भूमिका गरेर शिक्षण गर्ने विधिलाई अभिनय विधि भनिन्छ । यस विधिलाई नाटकीकरण विधि पनि भन्ने चलन छ । यो विधिमा कुनै पात्र,चरित्र,घटना वा विषय शिक्षण गर्न बालबालिकालाई प्रेरणा दिएर उनीहरूलाई नै प्रस्तुत गर्न लगाइन्छ । जस्तैः शिक्षक, चिकित्सक,व्यापारी,विद्यार्थी,नर्स,प्रहरी, किसान ,सञ्चारकर्मी,पथप्रदर्शक आदिको भूमिका के वा कस्तो हुन्छ सो बारेमा उनीहरूलाई नै सोधेर आफैँलाई अभिनय गर्न लगाउनुपर्छ । अभिनय गर्ने क्रममा शिक्षकको निरन्तर पृष्ठपोषणको जरूरत पर्दछ । सकभर कक्षाका सबै विद्यार्थीलाई नै अभिनय वा नाटकीकरणमा सहभागी हुने अवसरको सुनिश्चितता हुनुपर्दछ । हरेक बालबालिका नै नाटकीकरणमा सहभागी हुने अवसरले बालबालिकाको सिकाइ सहज,अर्थपूर्ण र मनोरञ्ननात्मक हुनुका साथै सिकाइ दीर्घकालीन हुने गर्दछ ।

**१२ सामग्री केन्द्रित विधिः**

पाठ्यक्रमले तोकेका उद्देश्य प्राप्तिका लागि विभिन्न किसिमका सामग्रीहरूको प्रयोग गरी शिक्षण गर्ने विधिलाई सामग्री केन्द्रित विधि भनिन्छ । प्रारम्भिक कक्षाका बालबालिकाहरूका लागि यो विधि ज्यादै उपयोगी र प्रभावकारी मानिन्छ । सामग्रीहरूको प्रदर्शन तथा चित्रहरू प्रर्दशन गर्नु,सिकाइ उपलब्धिका आधारमा पाठअनुसार प्रयोग हुने शैक्षणिक ,सन्दर्भ ,स्थानीयस्तरमा तयार गर्न सकिने ,सूचना तथा प्रविधिका आदिको प्रयोग यस विधिमा गरिन्छ । कुन सामग्री के विषयवस्तु सिकाउन प्रयोग गर्ने , कहाँ,कहिले,कसले र कसरी यो विधि प्रयोग गर्ने जस्ता कुरा महत्त्वपूर्ण हुन्छन् । शिक्षकले सामग्री प्रदर्शन गर्दा सरलबाट जटिल, ,देखेकाबाट नदेखेका,प्रयोग भइरहेका पछि प्रयोग हुनेतिर ख्याल गर्नुपर्छ । अन्त्यमा सामग्री प्रयोगको उद्देश्य सिकाइसँग जोडेर मूल्याङ्कन तथा लेखाजोखा गर्नुपर्छ । थप सामग्रीका लागि विज्ञान,प्रविधि,सञ्चार तथा चलचित्रलाई पनि सिकाइ केन्द्रित बनाएर कक्षा भित्र वा कक्षाकोठा बाहिर पनि प्रयोग गर्न सकिन्छ । यस्ता सामग्री देखाएर,प्रदर्शन गरेर,सुनाएर ,अभ्यास गरेर,सामग्रीको बारेमा भन्न लगाएर र लेख्न लगाएर पनि प्रयोगमा ल्याउन सकिन्छ । यसका लागि निश्चत उद्देश्य,विषय, स्थानका साथै समयको उचित व्यवस्थापन गर्न जान्नु पर्दछ । यस विधिको प्रयोगले सिकारूलाई उत्प्रेरित,ध्यान केन्द्रित,सिर्जनात्मक बनाउनुका साथै सिकेका कुराहरू लामो समयसम्म सम्झिरहने बनाउँछ ।

**१३ समस्या समाधान विधिः**

समस्या समाधान विधिले सिकारूलाई केवल सरसरती पढ्न मात्र सहयोग सहयोग नगरी उनीहरूको बुझाइमा समेत सहयोग पुऱ्याउँछ । सिकारूले सिक्ने क्रममा छापाका वर्णरूपी सङ्केतहरू अक्षर, शब्द र वाक्यांसहरूलाई उपयुक्त क्रम र तह मिल्ने गरी चिनेर गल्ती नगरी उच्चारण गरेर सरसरती पढ्नु राम्रो मानिन्छ । पछि राम्रो पढने बालबालिकाले पनि सुरूमा राम्ररी नपढ्न सक्छन् । उनीहरूलाई सुरूमा अरूको सहयोग आवश्यक पर्न सक्छ । धेरै राम्रो पढने बालबालिकाले पनि सरसर्ती पढ्दा गल्ती गरेर पढने गर्छन् । यस विधिको प्रयोगले विद्यार्थीमा समस्यासँग सम्बन्धित विषयवस्तु र पुस्तकहरू पढ्ने समस्या सङ्कलन गर्ने बानीको

विकास हुन्छ । यसले गर्दा सिकारूमा नयाँ नयाँ ज्ञान र खोजीको सिर्जना गर्ने बौद्धिक क्षमताको विकासमा महत्त्वपूर्ण सहयोग पुग्दछ । समस्या बुझ्न ,परिभाषित गर्न र सीमाङ्कन गर्न सक्ने क्षमताको विकासमा पनि यस विधिको प्रयोग उपयोगी मानिन्छ । आवश्यकतानुसार जब विद्यार्थीहरू समस्याको समाधान गरिरहेका हुन्छन् तब शिक्षकले पनि उनीहरूको आवश्यकतानुसार उनीहरूलाई सहयोग पुर्याइरहेको हुनुपर्दछ । समस्या समाधानमा शिक्षकले सा–साना समूह विभाजन गरेर समस्या प्रस्तुत गर्ने र समूहमा छलफल गरेर समस्याको समाधान समूहबाटै खोज्ने र समस्या समाधानको उपाय पनि समूहको नेताबाट प्रस्तुत गर्न लगाउने गर्नु पर्दछ । शिक्षकले आवश्यकतानुसार पृष्ठपोषण प्रदान गर्नु पर्दछ ।

**१४ परियोजना विधिः**

विषय प्रकृति र विद्यार्थीको उमेर /स्तरलाई ध्यान दिदै परियोजना कार्य दिई कक्षामा प्रस्तुत गर्न लगाउँदा विद्यार्थीमा गरेर सिक्ने  (Learning by doing) बानीको विकास हुन्छ ।

# विषयसूची

## कक्षा: ६


विषयक्षेत्र: महानगर परिचय १
विषयक्षेत्र: पर्यटन ३
विषयक्षेत्र: जीवन उपयोगी सिप ५
विषयक्षेत्र: स्मार्ट पोखरा र प्रविधि (ऐच्छिक खण्ड) ८
विषयक्षेत्र: उद्योग व्यापार तथा व्यवसाय (ऐच्छिक खण्ड) १०
विषयक्षेत्र: कृषि (ऐच्छिक खण्ड) १३


## कक्षा: ७


विषयक्षेत्र: महानगर परिचय १६
विषयक्षेत्र: पर्यटन १८
विषयक्षेत्र: जीवन उपयोगी सिप २०
विषयक्षेत्र: स्मार्ट पोखरा र प्रविधि (ऐच्छिक खण्ड) २४
विषयक्षेत्र: उद्योग व्यापार र व्यवसाय (ऐच्छिक खण्ड) २६
विषयक्षेत्र: कृषि (ऐच्छिक खण्ड) ३२


## कक्षा: ८


विषयक्षेत्र: महानगर परिचय ३५
विषयक्षेत्र: पर्यटन ३७
विषयक्षेत्र: जीवन उपयोगी सिप ३९
विषयक्षेत्र: स्मार्ट पोखरा र प्रविधि ४४
विषयक्षेत्र: उद्योग व्यापार तथा व्यवसाय (ऐच्छिक खण्ड) ४६
विषयक्षेत्र: कृषि (ऐच्छिक खण्ड) ४९

कक्षाः ६

विषयक्षेत्रः महानगर परिचय वार्षिक कार्यघण्टाः २५

## पाठ १: हाम्रो वडा कार्यालय

**परिचयः**

*नोटः विद्यार्थीको घर रहेको वडाकार्यालयको सङ्क्षिप्त विवरण एवम् जनप्रतिनिधिहरूको विषयमा सामान्य जानकारी दिने । वडामा प्रदान गरिने सेवा जस्तैः पञ्जीकरण, चारकिल्ला, सिफारिस, स्वास्थ्य सुविधा, खोप लगायत, राहत, नक्सापास, छात्रवृत्ति आदिको बारेमा जानकारी गराउने ।*

## पाठ २: नगरका विभिन्न केन्द्रहरू

*नोटः व्यापारिक केन्द्र तथा प्रदर्शनी केन्द्रहरूलाई कसरी जनताकोआयआर्जनसँग जोड्न सकिन्छ भन्ने कुरा प्रष्ट पार्ने । खेलमैदान, पार्क तथा चिडियाघरको आवश्यकताको बारेमा जानकारी दिएर तिनीहरूको उचित प्रयोग तथा संरक्षणका तरिकाहरू बताउने । आफ्नो वडामा भएका वा सबैभन्दा नजिकका यस्ता स्थलहरूको नाम तथा अवस्थिति बताएर कुनै एक वा दुई स्थानमा भ्रमण गराउने वा त्यस स्थानको भिडियो क्लिपहरू देखाउने ।*

## पाठ ३: सेवाप्रदायक

*नोटः आफ्नो वडामा भएका वा आफ्नो छरछिमेकमा प्रदान गरिएका सेवाहरूको सूची तयार गरेर विद्यार्थीलाई दिन सकिन्छ । उक्त सेवाहरूको मूल्य, सेवा सञ्चालन गर्ने तरिका, सेवा अवरूद्ध हुन सक्ने अवस्था, ती सेवाले मानवजीवनमा पारेका सकारात्मक प्रभाव आदिका बारेमा बताउन सकिन्छ ।*

**क) उद्देश्यः**

- विद्यार्थीले आफ्नो वडाको वडा कार्यालयको अवस्थिति, पदाधिकारी र सेवाको बारेमा बताउन सक्ने छन् ।
- पोखराको प्रमुख व्यापारिक केन्द्र, प्रदर्शनी केन्द्र, खेलमैदान, पार्क, चिडियाघर आदिको बारेमा बताउन सक्ने छन् ।
- आफ्नो घरमा प्रदत्त सेवा सुविधा (खानेपानी, विद्युत, टेलिफोन, इन्टरनेट, आदि) को प्रदायक निकायको बारेमा बताउन सक्ने छन् ।

**ख) विषयवस्तुः**

वडा कार्यालय, वडा सेवा केन्द्र, व्यापारिक केन्द्र, सेवा प्रदायक सङ्घसंस्थाहरू आदि ।

**ग) सम्भावित सिकाइ सामग्रीः**

- वडा कार्यालय सञ्चालन कार्यविधि
- वडा पदाधिकारीको नामावली (नगर प्रमुख र उपप्रमुखसहित)
- विभिन्न पत्रपत्रिका, बुलेटिन, पोस्टर, पम्पलेट आदि
- सेवा प्रदायक संस्थाहरूको सूची

**घ) सम्भावित सिकाइ क्रियाकलापः**

- वडा कार्यालयहरूको अवस्थिति तथा पदाधिकारीहरूको बारेमा जानकारी गराउने,
- संविधान, ऐन तथा निर्देशिकाले प्रदत्त गरेका, वडाले प्रदान गर्ने सम्पूर्ण सुविधाहरूको बारेमा बताउने,
- प्रमुख व्यापारिक केन्द्र, प्रदर्शनी केन्द्र, खेलमैदान, चिडियाघर आदिको बारेमा जानकारी गराउने तथा आफ्नै वडामा भएका त्यस्ता स्थान विशेषको भ्रमण गराउने,
- आफ्नो घरमा प्रयोग हुने सेवा सुविधा (खानेपानी, विद्युत, टेलिफोन, इन्टरनेट, आदि) को बारेमा बताउँदै उक्त सेवा पेदान गर्ने सेवा प्रदायक निकायको बारेमा बताउने ।

**ङ) सिकाइ मूल्याङ्कनः**

- प्रश्नोत्तर तथा छलफलमा सक्रियताको अवलोकन गरी मूल्याङ्कन गर्ने,
- विद्यार्थीले वडाबाट प्रदान हुने सेवाका बारेमा बताएका उत्तरका आधारमा मूल्याङ्कन गर्ने,
- विद्यार्थीले आत्मविश्वास तथा स्पष्टताका साथ प्रस्तुति गरे नगरेको अवलोकन गरी सिकाइ उपलब्धिको लेखाजोखा गर्ने,
- छलफल तथा भ्रमणमा देखाएको सक्रियता, कार्य सम्पादन, सहकार्यात्मक व्यवहारका आधारमा मूल्याङ्कन गर्ने ।

---

*(नोट - शिक्षक साथी यहाँ प्रस्तुत गरिएका कुराहरू केवल नमूना क्रियाकलाप मात्र हुन् । पाठ्यक्रममा उल्लिखित उद्देश्य र विस्तृतीकरणका आधारमा पाठ्यघण्टा २५ मा आधारित रहेर खोज, क्षेत्रगत भ्रमण र विद्यार्थी केन्द्रित क्रियाकलापहरू वा यस्तै अन्य क्रियाकलापहरू गराई मनोरञ्जनात्मक तरिकाले सहजीकरण गर्न सक्नुहुने छ । )*

---

| |
|---|
| कक्षाः ६ |
| विषयक्षेत्रः पर्यटन            वार्षिक कार्यघण्टाः २५ |

**परिचयः**

पोखरा एक पर्यटकीय सहर हो । यो गण्डकी प्रदेशको राजधानी सहर हो । प्रदेश अन्तर्गतका मुख्य मुख्य कार्यालय, मन्त्रालय पोखरामा नै अवस्थित छन् । शिक्षा, स्वास्थ्यको दृष्टिकोणले समेत पोखरामा गण्डकी प्रदेशबाहेक अन्य प्रदेश तथा बाह्य मुलुकबाट समेत विविध पेसा, व्यवसायमा मानिसहरू सलग्न भइरहेको अवस्था छ ।

प्रत्येक वर्ष हजारौँ पर्यटकहरू पोखरामा आउँछन् । देश भित्र तथा बाह्य मुलुकबाट पोखरामा आउने समूहलाई पर्यटक भनिन्छ । पर्यटकको लागि सेवा दिने व्यवसायलाई पर्यटन व्यवसाय भनिन्छ । पर्यटकलाई सेवा, सुविधा, आवास तथा स्थानीय परिकार (Lodging, Fooding) सुरक्षा, गाइडको सेवा उपलब्ध गराउने उद्देश्यले पोखराको प्रमुख पर्यटकीय स्थलहरूमा हजारौँ मानिसहरू पर्यटन व्यवसायमा संलग्न छन् । पर्यटन व्यवसायमा लागेका मानिसहरू पर्यटकलाई सेवा गर्न पाउँदा खुसी छन् । पर्यटन व्यवसायबाट आम्दानी गरी आफ्नो परिवारका सदस्यहरूको आवश्यकता सजिलै पूरा गर्न सकेका छन् । उनीहरूले व्यवसायबाट प्राप्त आम्दानीको तोकिएको निश्चित रकम सरकारलाई कर बुझाउँछन् । बचत भएको पैसालाई लगानीको क्षेत्रमा प्रयोग गर्दछन् । पोखरामा सबैभन्दा धेरै मानिसहरू पर्यटकलाई प्रदान गर्ने सेवामूलक व्यवसायमा संलग्न हुँदै आइरहेका छन् । त्यसैले पोखरा एक पर्यटकीय व्यवसायिक केन्द्रको रूपमा विकसित भइरहेको छ ।

प्राकृतिक रूपमा रहेका फेवाताल, वेगनासताल, रूपाताल, महेन्द्रगुफा, चमेरे गुफा, सराङकोट जस्ता स्थलले पोखरालाई दुलही जस्तै गरी सिंगारेको छ । ऐतिहासिक तथा धार्मिक स्थल कास्कीकोट, झाङरमारे (ठुलाकोट), विन्दबासिनी, तालबाराही, राम मन्दिर, माटेपानी गुम्बा, चाईनिज गुम्बा आदिले पोखरालाई धार्मिक पर्यटन तर्फ आकर्षण गरेको छ ।

**क) उद्देश्य:**

- पोखराको पर्यटन व्यवसायको परिचय दिन र महत्त्व बताउन ,
- प्राकृतिक, ऐतिहासिक, धार्मिक स्थलहरूको सूचीकरण गर्न,
- पोखरा एक पर्यटकीय व्यवसायिक केन्द्र हुनाका कारण बताउन ।

**ख) विषयवस्तुः**

पर्यटन र पर्यटक, महानगरका प्राकृतिक, ऐतिहासिक, धार्मिक स्थलहरू,

कक्षाकोठामा पर्यटन व्यवसायमा लागेका व्यक्तिलाई आमन्त्रण गरी पोखरा एक पर्यटकीय व्यवसायिक केन्द्र हुनुका कारण सम्बन्धमा विद्यार्थीबिच अन्तरसंवादको नमूना अभ्यास गर्नुहोस् ।

**ग) सम्भावित सिकाइ सामग्री :**

प्राकृतिक, ऐतिहासिक तथा धार्मिक पर्यटकीय स्थलहरू उल्लिखित सूची, स्थानीय पत्रपत्रिका, पर्यटकीय विषयवस्तुको चित्र, पोस्टर, बुलेटिन, तस्बिर।

**घ ) सम्भावित सिकाइ क्रियाकलाप :**

१. पर्यटन व्यवसायको परिचय र महत्त्व सम्बन्धमा प्रश्न उत्तर र छलफल प्रक्रियाबाट निष्कर्ष निकाल्ने अभ्यास गर्नुहोस्।

२ क्षेत्रभ्रमण तथा परियोजना कार्यमा विद्यार्थीहरूलाई संलग्न गराई परिचय सहित प्राकृति, ऐतिहाँसिक तथा धार्मिक स्थलहरूको सूची तयार गर्न लगाउनुहोस्।

३. पोखरालाई पर्यटकीय व्यवसायिक केन्द्र किन भनिएको हो भन्ने सन्दर्भमा स्रोत व्यक्तिलाई आमन्त्रण गरी अन्तरसंवाद र अन्तरक्रिया सञ्चालन गरी प्राप्त निष्कर्षका आधारमा समाचारको नमूना तयार गर्ने अभ्यास गर्नुहोस्।

४. आफ्नो वडा क्षेत्र अनुकूल हुने गरी महानगरभित्र रहेका प्राकृतिक ऐतिहासिक र धार्मिक स्थलहरूको अवलोकन भ्रमण गराई त्यसको परिचय र महत्त्व उल्लिखित प्रतिवेदन तयार गर्न लगाउनुहोस्।

**ङ. सिकाइ मूल्याङ्कन :**

सिकाइ मूल्याङ्कनका लागि केही नमूना प्रश्नहरू प्रस्तुत गरिएको छ। यस्तै अन्य प्रश्न निर्माण गरी विद्यार्थीको मूल्याङ्कन गर्न सकिने छ।

- पर्यटक र पर्यटनको परिचय दिनुहोस्।
- पोखरा महानगरमा रहेका प्राकृतिक, ऐतिहासिक, धार्मिक पर्यटकीय स्थलहरू फरक फरक तालिकामा प्रस्तुत गर्नुहोस्।
- विन्दवासिनी मन्दिरलाई पोखरामा धार्मिक पर्यटकीय स्थलको केन्द्र किन मानिन्छ? कारणहरूको खोजी गर्नुहोस्।
- पर्यटकबाट हुन सक्ने फोहोरमैला व्यवस्थापन गर्न कुन कुन उपायहरू अपनाउनुपर्छ उल्लेख गर्नुहोस्।
- पोखरा एक पर्यटकीय व्यवसायिक केन्द्र हुनाका कारणहरू उल्लेख गर्नुहोस्।

कक्षाः ६

विषयक्षेत्रः जीवन उपयोगी सिप वार्षिक कार्यघण्टाः १८

**परिचयः**

व्यक्तिलाई व्यावहारिक तथा प्राविधिक सिप प्रदान गर्ने विषयलाई जीवन उपयोगी शिक्षा भनिन्छ । यो एउटा स्वास्थ र समुन्नत जीवन यापन गर्न सिकाउने विषय हो । बालक एउटा कुनै निश्चित क्षेत्र वा भूगोलमा जन्मन्छ र हुर्कन्छ । उसलाई औपचारिक शिक्षाका साथसाथै स्थानीय स्तरमा प्रचलित मूल्य मान्यता र सिपहरूले थप ज्ञान आर्जन गर्नका लागि थप बल तथा प्रेरणा प्रदान गर्दछ । यस एकाइको अन्त्यमा केही प्रमुख स्थानीय जीवन उपयोगी सिपहरूको बारेमा चर्चा गरिएको छ । जस्तैः चरित्र निर्माणको अवधारणा स्थानीय प्रविधिहरूको परिचय र महत्त्वका साथै सामाजिक समस्या तथा विकृतिहरूको पहिचान गर्नु आदि ।

एउटा सफल किसान बन्नका लागि कृषिसम्बन्धी प्राविधिक ज्ञान र सिप नभई नहुने कुरा हो। व्यापारी बन्नका लागि पनि व्यवसाय क्षेत्रसँग सम्बन्धित ज्ञान, सिप र पेसागत दक्षताका विशिष्ट पक्षहरूमा दक्खल चाहिन्छ । हवाईजहाज उडाउने पाइलटलाई त्यही विषयको विशिष्ट प्राविधिक ज्ञान र सिप चाहिन्छ । त्यसकारण सम्बन्धित क्षेत्रको ज्ञान, विज्ञान र प्रविधि सिकाउने शिक्षा एकदमै महत्त्वपूर्ण भएको हो। अहिले नेपालमा पनि साधारण शिक्षाको अतिरिक्त व्यावसयिक र प्राविधिक शिक्षाको स्तर उकास्नका साथै विस्तार गर्नु पनि जरुरी भएको बारे राम्रो छलफल सुरु भएको छ।

यसका साथै किसान वा पत्रकार, व्यापारी वा प्राध्यापक, गायक वा राजनीतिकर्मी, पाइलट वा डकर्मी जुनसुकै पेसामा लागे पनि आफ्नो शरीरको नियमित हेरचाह गर्ने सिप, छरछिमेक वा समाजसँग संवाद गर्ने सिप, समूहमा काम गर्ने सिप, जीवन र जगतको सम्बन्ध हेर्ने र बुझ्नेलगायत धेरै सिपहरू यस्ता पनि हुन्छन्, जुन हामी सबैका लागि जरुरी छ । त्यसकारण ‘जीवनमुखी सिप र सिकाइ’ भन्नाले भविष्यमा जुनसुकै विधा वा पेसामा जाने विद्यार्थीले पनि अनिवार्य रूपमा जान्नैपर्ने साझा प्रकारका सिपहरू भन्ने बुझिन्छ।

सभ्य ढङ्गले सामाजिक व्यवहार गर्ने, नैतिक र न्यायपूर्ण काम गर्ने वा अर्थपूर्ण संवाद गरजस्ता कतिपय सामान्य लाग्ने जीवनमुखी सिपहरू सबै बालबालिका तथा नवयुवाले घरपरिवारबाटै सहजै सिक्न सक्ने अवस्था नभएकाले विगत परम्पराका गुरुकुल प्रणालीदेखि अहिलेका स्कुलहरूले समेत पाठ्यक्रममा नै अनिवार्य यस्ता विषय समावेश गरेका हुन् । पूर्वीय दर्शन र परम्परामा पनि गुरुहरूले शिष्यलाई विशेष जोड गरेर सिकाउने विषयअन्तर्गत जीवन र जगतलाई हेर्ने सम्यक दृष्टि र नैतिक शिक्षा हुने गर्थ्यो । यद्यपि, सामाजिक न्यायजस्ता सवाल महत्त्वपूर्ण भए पनि सामाजिक नैतिक व्यवहारको मापदण्ड भने समाजसापेक्ष हुने गर्छ ।

**विश्व स्वास्थ्थ सङ्गगठन र युनिसेफका अनुसारः**

- जीवन उपयोगी सिपहरू व्यक्तिका दैनिक कार्यमा आइपर्ने समस्याहरूको सामना गर्दै, सकारात्मक रूपमा जीवन निर्वाह गर्न मद्दत पुर्‍याउने सिपहरू हुन । जीवन उपयोगीहरूले व्यक्तिहरूको

मनोसामाजिक समस्याहरूसँग समाधान गर्न सक्ने क्षमताहरूलाई अभिवृद्धि गराउँछ ।

- हामीलाई दैनिक जीवनमा समस्या पर्न नदिन र समस्या परेको खण्डमा पनि तिनको समाधानका लागि प्रयोग गरिने सिपहरू नै जीवनोपयोगी सिप हुन् ।
- आधारभूत रूपमा जीवनोपयोगी सिप भन्नाले प्रभावकारी सञ्चार तथा अन्तर व्यक्ति सम्बन्ध, समालोचनात्मक रूपमा सोचेर निर्णय लिन सक्ने विभिन्न खालका तनावहरूलाई व्यवस्थित गर्न सक्ने क्षमता बुभिन्छ । यी सिपहरूले नै हामीलाई के, किन र कसरी गर्ने भन्ने कुराको ज्ञान, सिप,धारणा तथा मूल्य मान्यतालाई व्यवहारमा परिवर्तन गर्न सहयोग पुऱ्याउँछ ।
- कुनै पनि व्यक्तिलाई आफ्नो दैनिक जीवनका माग तथा चुनौतीहरूसँग प्रभावकारी ढङ्गले सामना गर्न सहयोग पुऱ्याउने तथा सकारात्मक व्यवहार विकास गर्न सक्ने क्षमतालाई नै जीवनोपयोगी सिप भनिन्छ ।

**क) उद्देश्यः**

- चरित्र निर्माणमा प्रभाव पार्ने तत्त्वहरू बताउन,
- स्थानीय क्षेत्रमा प्रचलित सामाजिक आचरण प्रदर्शन गर्न,
- जीवनमा आइपर्ने चुनौती वा समस्या सहजै समाधान गर्न,
- स्थानीय स्तरमा प्रयोगमा आउने प्रविधिहरूको परिचय र महत्त्व बताउन,
- आफ्नो क्षेत्रमा देखा परेका सामाजिक समस्या तथा विकृतिहरूको सूची तयार गर्न ।

**ख) विषयवस्तुः**

नमूना कक्षा ६ मा पढछिन् । आज उनका घरमा मामा आउनुभयो । उनी घरमा एक्लै छन् । उनले मामालाई नमस्कार गरिन् । मामालाई बस्नको लागि आवश्यक व्यवस्था मिलाइन् । पिउनको लागि पानी ल्याइन् । मामाको घरका परिवारको सन्चो विसन्चोको बारेमा सोधपुछ गरिन् । अनि मामालाई टेलिभिजन खोलि दिएर भान्छा कोठामा गइन् । त्यसपछि उनीले मामालाई चिया खाजा खान अनुरोध गरिन् । मामा पनि भान्जीको अनुशासन, इमान्दारिता, लगनशीलता, धैर्यता जस्ता कुराले ज्यादै प्रभावित हुनुभयो ।

---

*नोटः स्थानीय सिपलाई जीवनोपयोगी सिपसँग आबद्ध गर्न अन्य विषयवस्तु तयार गरी विद्यार्थी समक्ष प्रस्तुत गर्न सकिने छ ।*

---

**ग) सिकाइ सामग्रीहरूः**

चार्ट, पोस्टर, चित्र, सामाजिक समस्याहरूको सूची, श्रव्यदृश्य सामग्री

**घ) सम्भावित क्रियाकलापः**

- उल्लिखित विषयवस्तुमा दिएको नमूनाको जस्तै अन्य पात्रहरूसँग सम्बन्धित कथावस्तुको माध्यमद्वारा चरित्र निर्माणमा प्रभाव पार्ने तत्त्वका बारे छलफल गराउनुहोस् ।
- असल विचार, योग्यता सकारात्मक सोच माया, ममता, स्नेह, सहयोग, नियमको पालना, निष्पक्षता,

धैर्य, सम्मान, अरूको विचारको कदर, साकार संवेग नियन्त्रण, नैतिकता कायम गर्ने स्थानीय अभ्यासहरू, पारिवारिक असल सिकाइ जस्ता चरित्र विकासमा प्रभाव पार्न तत्त्वहरूको बारेमा सूची तयार गर्न लगाई छलफल गर्नुहोस् ।

- त्यसै गरी परियोजना कार्यमार्फत स्थानीय निकायमा के कस्ता असल चरित्र निर्माणका अभ्यासहरू प्रचलित छन् खोज्न लगाई कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् ।
- भूमिका निर्वाह विधिको माध्यमबाट असल चरित्र प्रदर्शन गर्न लगाउनुहोस् ।
- विभिन्न चित्र एवम् पोस्टरको माध्यमद्वारा आ-आफ्नो स्थानीय स्तरमा प्रयोगमा आएका प्रविधिहरू जस्तै ढिकी, जाँतो, पानीघट्ट, कोल आदिको सूची सहित छलफलद्वारा परिचय गराउनुहोस् ।
- ढिकी प्रयोग किन गरिन्छ ? यसको के महत्त्व छ ? भन्ने जस्ता प्रश्नहरूको माध्यमद्वारा अन्य स्थानीय प्रविधिहरूको प्रयोग र महत्त्वका बारेमा बताइदिनुहोस् ।
- सूचना र प्रविधिको रूपमा वर्तमान समाजका हरेक व्यक्तिले प्रयोगमा ल्याउने कम्प्युटर, टेलिफोन, मोबाइल जस्ता साधनहरूको चित्र देखाउनुहोस् । यी प्रविधिहरूको सुरक्षित प्रयोग कसरी गर्ने भन्ने बारेमा छलफल गराउनुहोस् ।
- सूचनाको स्रोतको रूपमा कम्प्युटर, टेलिफोन, मोबाइल जस्ता सञ्चार सिपको सही प्रयोग गर्ने तरिका पनि छलफल गराउनुहोस् ।
- सामाजिक समस्या तथा विकृतिहरू भनेको के हो ? भन्ने प्रश्न गर्दै तपाईंको समाजमा के कस्ता सामाजिक समस्याहरू वा विकृतिहरू रहेका छन् ? भनी प्रश्न गर्दै आ–आफ्नो समाजमा भएका सामाजिक समस्याहरूको सूची तयार गर्न लगाउनुहोस् ।
- त्यसैगरी दृश्य सामग्रीको प्रयोग गर्दै बाल यौन दुर्व्यव्हार, यौन दुराचार, दुर्व्यसन, बालश्रम, छवाछुत, बालविवाह, लैङ्गिक विभेद जस्ता विषयवस्तुको बारेमा चर्चा गराउनुहोस् ।

**ङ) मूल्याङ्कनः**

- शिक्षणप्रश्चात प्रश्नोत्तर गर्नुहोस् जस्तैः चरित्र निर्माणमा प्रभाव पार्ने तत्त्वहरू के के छन् ?
- असल सामाजिक व्यवहारका बारेमा संवाद तयार गर्नुहोस् ।
- परियोजना कार्यमार्फत स्थानीय प्रविधिहरूको नाम प्रयोग र महत्त्व लेख्न लगाउनुहोस् ।
- कक्षाका सबै विद्यार्थीहरूलाई QUIZ प्रश्न दिनुहोस् र सबै विद्यार्थीहरूलाई सक्रियतापूर्वक प्रश्नको जवाफ दिन प्रोत्साहित गर्नुहोस् ।

| नाम | प्रयोग | महत्त्व |
| --- | --- | --- |

- सामाजिक समस्या खोज कार्यमा तपाईंको भूमिका लेख्नुहोस् ।
- सम्भव भए सम्म Rubrics बताएर मूल्याङ्कन गर्नुहोस् ।

*नोटः शिक्षक साथी यी नमूना क्रियाकलापमात्र हुन् । तपाईंहरूले यस्तै अन्य क्रियाकलापहरू गराई मनोरञ्जनात्मक तरिकाले सिकाउन सक्नु हुनेछ । विशेषगरी पाठ्यघण्टा १८ मा आधारित रहेर खोज, क्षेत्र भ्रमण र विद्यार्थी केन्द्रित क्रियाकलापहरू गराउनु होला ।*

कक्षाः ६

विषयक्षेत्रः स्मार्ट पोखरा र प्रविधि (ऐच्छिक खण्ड)          वार्षिक कार्यघण्टाः ३०

## परिचयः

स्मार्ट सहरको अवधारणा, स्मार्ट हुनको लागि चाहिने आधारभूत प्रविधिहरू, सरकारी तथा गैर सरकारी कार्यालयहरूमा प्रयोग हुने विद्युतीय सामग्रीहरू, घरायसी प्रयोगका विद्युतीय सामग्रीहरू, भर्चुअल कन्फेरेन्सको अवधारणा र यसका लागि उपयोगी एप्लिकेशनहरू समावेश भएको ६ शीर्षकको पाठको संरचना रहेको छ।

समय सान्दर्भिक प्रविधिहरूको प्रयोग गर्दै दैनिक कार्यसम्पादनलाई चुस्त र दुरूस्त राख्नु वर्तमान आवश्यकता हो भन्ने तथ्य विद्यार्थीहरूलाई बुझाउन यो पाठले सहयोग गर्ने छ । शिक्षकले बालबालिकाहरूलाई पोखरामा प्रविधि प्रयोगको न्यूनतम अवस्थाको जानकारी गराउने, घर तथा कार्यालयहरूमा कस्ता विद्युतीय सामग्रीहरूको प्रयोगको अवस्थाको बोध गराउने, स्मार्ट सहरमा बस्ने बासिन्दा पनि स्मार्ट हुनुपर्छ भर्चुअल माध्यमबाट कार्य सम्पादन गर्नु पनि स्मार्ट व्यक्तिको पहिचान हो भन्ने सन्दर्भ जोड्दै गरिएको भर्चुअल कन्फेरेन्स तथा यसका एप्लिकेशनहरूको परिचयले सिकारूलाई उत्साहित बनाउने छ।

### क) उद्देश्यः

यो पाठले सिकारूमा निम्नानुसारको सिकाइ उपलब्धी हासिल हुने उद्देश्य राखेको छ।

- स्मार्ट सहरको परिचय दिन,
- स्मार्ट सहर हुनका लागि चाहिने आधारहरू भन्न,
- विभिन्न सरकारी तथा गैर सरकारी क्षेत्रहरूको दैनिक कार्य सम्पादनमा प्रयोग हुने विद्युतीय सेवाहरूको आवश्यकता र प्रयोग बताउन,
- घरायसी प्रयोजनका लागि प्रयोग हुने विद्युतीय सामग्रीहरूको सूची तयार गर्न र तिनीहरूको परिचय दिन,
- भर्चुअल कन्फेरेन्सको परिचय दिन यसका लागि उपयोगी एप्लिकेशनहरूको सूची तयार गर्न।

### ख) विषयवस्तुः

स्मार्ट सहरको अवधारणा, कार्यालयहरूमा प्रयोगहुने विद्युतीय साधनहरू, घरायसी प्रयोजनमा प्रयोग हुने साधनहरू, भर्चुअल कन्फेरेन्सका उपयोगी एपहरू

### ग) सिकाइ सामग्रीः

अनलाइन सामग्रीहरू, श्रव्यदृश्य सामग्रीहरू

**घ) सम्भावित सिकाइ क्रियाकलापहरू:**

- विभिन्न आधुनिक सहरहरूको वृत्तचित्रको प्रदर्शन गर्ने,
- तथ्याङ्क र प्रविधिलाई साधनको रूपमा प्रयोग गरी सहरका हरेक गतिविधिलाई चुस्त बनाउन सफल विकसित मुलुकका केही वृत्तचित्रहरूको प्रदर्शन गर्ने,
- पोखरा महानगरपालिका भित्र प्रयोग भएका प्रविधिहरूको जानकारीमूलक श्रव्यदृश्य सामग्री प्रस्तुत गर्ने,
- पोखराका विभिन्न सरकारी तथा गैर सरकारी कार्यालयहरूको स्थलगत भ्रमण गराई त्यहाँबाट प्रदान गरिने विद्युतीय सेवाहरूको जानकारी लिई टिपोट गर्न लगाउने (जस्तैः इमेल सेवा, फ्याक्स सेवा, अनलाइन भुक्तानी सेवा, भेन्डर मेसिनहरू मार्फत दिइने सेवाहरू ATM, MICR, Digital Token System, TOPUP service, आदि) । कम्तीमा १० ओटा यस्ता सेवाहरूको सूची तयार गरी सामान्य परिचय गराउने,
- Home Automation (घरायसी स्वचालित यन्त्रहरू) को जानकारी गराउने, यस्ता समाग्रीहरूको प्रदर्शन तथा बिक्री कक्षहरूको अवलोकन भ्रमण गराउने। स्वचालित यन्त्रहरू जस्तैः लुगाधुने मेसिन, भाँडाधुने मेसिन, चिसो तातो गर्ने प्रणाली, स्वचालित पकाउने, तताउने चुलोहरू आदि कम्तीमा १० ओटा स्वचालित घरायसी यन्त्रहरूको परिचय गराउने,
- घरायसी प्रयोगका स्मार्ट सामग्रीहरू जस्तैः स्मार्ट घडी, स्मार्ट वत्ती, स्मार्ट डोरलक, गुगल होम असिस्टेन्ट आदि कम्तीमा १० ओटा स्मार्ट सामग्रीको सूची बनाई सामान्य परिचय दिने ,
- भारत, यु.एस.ए. र स्कटल्यान्डका विज्ञहरूले छुट्टाछुट्टै प्रस्तुत गरेका स्मार्ट सिटीका आधारभूत मापदण्डबाट साभार गरिएका केही बुँदाहरू छन् ती बुँदाहरूलाई स्मार्ट सहरको आधारहरूको शिक्षणमा यसलाई पनि सन्दर्भ सामग्रीको रूपमा लिन सकिने छ।
- Efficient delivery of public Utilities such as water electricity, solid waste management, sanitation, and sewerage as well as associated government services with distance monitoring and controlling mechanism.
- Mechanism for supply-demand matching of surface transport services to provide congestion free roads, and minimal waiting time for public transport commuters with sufficient information
- Active surveillance, monitoring and alerts at vantage points in the city to provide the much-required public safety for citizens.
- On-demand availability of reliable emergency services.
- Accessible and qualitative education, health services and facilities with smart management. In all these dimensions, IT (Information Technology) should have integrated.

- भर्चुअल कन्फेरेन्सको जानकारी गराउने, यसका लागि प्रयोग गर्न सकिने एप्लिकेशनहरू मध्ये कम्तीमा तीनओटा लोकप्रिय एप्लिकेशनको परिचय र प्रयोग गर्न सिकाउने

**ङ) सिकाइ मूल्याङ्कन:**

- बहुवैकल्पिक प्रश्नहरूको निर्माण गर्ने,
- खाली ठाउँ भर्ने प्रश्नहरू निर्माण गर्ने,
- सम्बन्धित डिजिटल सामग्रीहरूको चित्रकोर्न लगाउने,
- बोध र ज्ञान तहका छोटो उत्तर आउने प्रश्नहरूको निमार्ण गर्ने,
- अवलोकन भ्रमणको प्रतिवेदन तयार गरी प्रस्तुत गर्नलगाउने,
- परियोजना कार्यहरू गर्न लगाउने ।

*नोटः शिक्षक साथी यी नमूना क्रियाकलापमात्र हुन् । तपाईंहंरूले यस्तै अन्य क्रियाकलापहरू गराई मनोरञ्जनात्मक तरिकाले सिकाउन सक्नु हुनेछ । विशेषगरी पाठ्यघण्टा ३० मा आधारित रहेर खोज, क्षेत्र भ्रमण र विद्यार्थी केन्द्रित क्रियाकलापहरू गराउनु होला ।*

कक्षाः ६

विषयक्षेत्रः उद्योग व्यापार तथा व्यवसाय (ऐच्छिक खण्ड) वार्षिक कार्यघण्टाः ३०

**परिचय :**

**उद्योग :** उद्योगको शाब्दिक अर्थ कुनै उद्देश्य वा कार्य सिद्धी गर्नको निमित्त परिश्रमपूर्वक लाग्ने काम वा उध्यम हुन्छ तसर्थ कुनै व्यक्ति, फर्म वा कम्पनीले आम्दानी गर्ने उद्देश्य लिएर परिश्रमपूर्वक वस्तुको उत्पादन वा सेवा प्रदान गर्ने आर्थिक क्रियाकलापलाई उद्योग भन्न सकिन्छ ।

औद्योगिक क्षेत्र : औद्योगिक क्षेत्र (industrial park, industrial estate) कुनै नगर, राज्य वा अन्य प्रशासनिक भौगोलिक इकाईको त्यो क्षेत्र हो जुन अधिकांश रूपमा उद्योग स्थापना र सञ्चालन गर्नको लागि प्रयोग गरिएको हुन्छ । यस क्षेत्रमा कल कारखाना अथवा अन्य औद्योगिक भवनहरू रहेका हुन्छन् । यो क्षेत्रमा प्राय कुनै आवासको प्रबन्ध गरिएको हुँदैन अर्थात् यहाँ काम गर्नको लागि मानिसहरू अन्य क्षेत्रबाट आएका हुन्छन् । औद्योगिक क्षेत्र अक्सर गरेर नगरको बाहिरी सीमातिर अवस्थित हुन्छ ।

**घरेलु उद्योग :** घरेलु उद्योगले घरघरमा सञ्चालन गर्ने उद्योगलाई बुझाउँछ । सानो लगानीमा साधारण मेसिन अथवा परम्परागत सिपको उपयोग गर्दै आफ्नै वरपर सजिलै उपलब्ध हुने कच्चा पदार्थको प्रयोग गरेर घरमा पनि सुरू गर्न सकिने उत्पादनमूलक व्यवसायलाई घरेलु उद्योग भनिएको छ । यस्ता उद्योगहरू

चर्को आवाज निकालेर छरछिमेकमा ध्वनी प्रदूषण गर्दैनन् भने यस्ता उद्योगबाट अन्य वातावरणीय प्रदूषण पनि निकै कम हुन्छ । यस्ता खालका उद्योगहरू आफु बस्ने घरको कोठामै पनि चलाउन सकिन्छ |

घरेलु तथा साना उद्योगअन्तर्गत ऊनी तथा सुती कपडा उद्योग, घरेलु कागज उद्योग, घरेलु धातु उद्योग, काष्ठ उद्योग, बिँडी उद्योग माटो उद्योग, दुग्ध उद्योग, बाँस–वेतसम्बन्धी उद्योग, धान कुट्ने तेल र उखु पेल्ने उद्योग र घरेलु छाला उद्योगसमेत आउने गर्छन् । ग्रामीण औद्योगीकरण भित्र हामीले कृषिमा आधारित विशेष उद्योग जस्तैः पशुपालन, कुखुरापालन, मत्स्यपालन, मौरीपालन, रेशम खेती, दुग्धशाला आदि उद्योगलाई सम्मिलित गर्न सकिन्छ । अक्सर गरेर कुटी र उद्योगहरू ग्रामीण क्षेत्रमा कृषिसँग सम्बन्ध भएका हुन्छन् । हातेतानमा कपडा बुन्नु, राडी पाखी, कार्पेट, गलैँचा, सुकुल, चटाई टोकरी बुन्नु, तोरी पेल्नु, काठमा बुट्टा कोर्नु, धातुका भाँडाकुँडा बनाउनु, माटाका भाँडाहरू बनाउनु, गहनाहरू बनाउनु, क्युरियोका सामान बनाउनु इत्यादि नेपालका विभिन्न प्रकारका कुटि र घरेलु उद्योग हुन् ।

**घरेलु उद्योगको महत्त्व :**

- स्थानीय श्रम, सिप तथा कलाको प्रबर्धन, आय आर्जन, जीवन स्तरमा सुधार ,
- बेरोजगारी, अर्ध-बेरोजगारी तथा गरिबी कम गर्न घरेलु उद्योगको भूमिका महत्त्वपूर्ण हुनसक्छ ,
- खेर गइरहेको स्थानीय कच्चा सामानहरूलाई परम्परागत रूपमा प्रयोग गरी फुर्सद हुने समयमा आफ्नो परिवारका सदस्यहरूको श्रमबाट पारिवारिक आवश्यकता पूर्तिका लागि मद्दत गर्ने ,
- स्थानीय कच्चा पदार्थमा आधारित व्यवसायको सिर्जना गर्न सकिएमा त्यस्ता व्यवसाय टिकाउ हुन सक्छन् ,
- बाह्य आयातित सिप र कच्चा पदार्थमा आधारित उद्योगको तुलनामा हाम्रा परम्परागत कला, संस्कृति र सिप अनुरूपका व्यवसायमा आय तथा रोजगारीका सम्भावना बढी रहेको हुन्छ ।

**व्यापार :** व्यापार भनेको धन आर्जन गर्नका लागि गरिने वस्तु तथा, सेवा (अथवा दुबै) को किन बेच हो । व्यापार गर्नको लागि बजारको आवश्यकता पर्दछ । नोट : (शिक्षक साथी यसको साथमा पाठ्यक्रममा उल्लिखित पदावलीहरूको अर्थसहित अध्यापन गराउनुहोस् )

**व्यवसाय:** व्यवसायको अर्थ व्यस्त भैरहने अवस्थालाई (State of being busy) लाई जनाउँदछ | तर, पनि सबै किसिमको व्यस्ततालाई व्यवसाय भन्न मिल्दैन । व्यवसाय भन्नाले आय आर्जन गर्नको लागि मानिसहरूले गर्ने आर्थिक क्रियाकलाप हो । हामीले समाजमा स-साना पसलहरूदेखि लिएर ठुला ठुला कलकारखानाहरू सञ्चालनमा आएको देख्न सक्छौँ। मानिसहरूले आफ्नो जीविकोपार्जन गर्नको लागि कुनै कुनै प्रकारको धन आर्जन गर्ने काम संलग्न रहेको पाउछौँ। उनीहरूले पैसाको लगानी गरी जोखिम बहन गरेबापत् त्यसबाट नाफा कमाउने उद्देश्य लिएका हुन्छन्। यसरी व्यवसाय भनेको मुनाफा कमाउने उद्देश्यले मानिसद्वारा गरिने आर्थिक क्रियाकलाप हो |

**बैंक:** नेपाली शब्दकोसहरूमा चाहेको बेला झिक्न पाउने गरी पैसा राखिदिने, ब्याजमा ऋण दिने आदि आर्थिक कारोबार गर्ने संस्थालाई बैंक भनिएको छ । खास गरेर पैसा अथवा मुद्राको कारोबार वा

लेनदेन गर्ने गरी देशको नियम कानुन बमोजिम सङ्गठित संस्थालाई बैंक भनिन्छ। अर्थात् बैंक यस्तो वित्तीय संस्था हो, जहाँ मानिसहरूले आफ्नो धनराशि सुरक्षित गर्न जम्मा गर्ने गर्दछन् र आफूसँग पैसा नभएको तर आवश्यक परेको बेलामा ऋणको रूपमा चल अचल पूँजी निकाल्न सक्दछन्। आफ्नो धनराशिको उचित सुरक्षा तथा बैंकबाट ब्याज लिने हेतुले बैंकमा धनराशि जम्मा गरिन्छ। जनताले आफूले बैंकमा जम्मा गरेको धनराशि पूर्व निर्धारित बैंकिङ नियम पूरा गरी निकाल्न र पुन: राख्न पनि सक्दछन्। कसैलाई कर्जा ( ऋण ) आवश्यक परेको खण्डमा आवश्यक प्रक्रिया पूरा गरी ऋण लिन सक्दछन्।

अर्को शब्दमा बैंक भनेको वित्तीय कारोबार गर्ने इजाजतपत्र प्राप्त संस्था हो, जसले रकमको बचत, बचतको भुक्तानी, ऋण प्रवाह र अन्य सेवाहरू प्रदान गर्छ। बैंकले बचत गर्न चाहने बचतकर्ताबाट रकम लिएर ऋण लिन चाहने व्यक्तिहरू तथा संस्थाहरूलाई रकम प्रदान गर्दछ। बैंकलाई वित्तीय मध्यस्थकर्ता पनि भनिन्छ। बैंकमा पैसा राख्नु भनेको आफ्नो कमाइलाई पारदर्शी र सुरक्षित बनाउनु हो। बैंकबाट पाउने ब्याज, भुक्तानी रकम वा निक्षेपको पूर्ण जानकारी पाउन सकिन्छ।

स्रोत:https://www.nrb.org.np/contents/uploads/2020/01/Bittiya_Saksharta_Sandarbha_Pustak_NRB.

---

*नोट : (शिक्षक साथी यसको साथमा पाठ्यक्रममा उल्लिखित पदावलीहरूको अर्थसहित अध्यापन गराउनुहोस् )*

---

**क ) उद्देश्य :**

- उद्योग व्यवसाय र बैंकलाई परिभाषित गर्न सक्ने छन् ,
- घरेलु उद्योगको महत्त्व बताउन सक्ने छन् ,
- आफु बसोबास गरेको क्षेत्र वरपर रहेका ब्याबसयाको सूची तयार गर्न सक्नेछन।

**ख ) विषयवस्तु :**

उद्योग, औद्योगिक क्षेत्र र घरेलु उद्योग , व्यापार तथा व्यवसाय, बैंक तथा वित्तीय संस्था

**ग ) सम्भावित सिकाइ सामग्री :**

परिभाषा उल्लिखित चार्ट, चित्र तथा तस्बिर,श्रब्यदृश्य सामग्री, वास्तविक वस्तु

**घ ) सम्भावित सिकाइ क्रियाकलाप :**

- औद्योगिक क्षेत्रको / बैंक / बजार क्षेत्रको छोटो श्रब्यदृश्य सामग्री देखाएर विद्यार्थी ध्यान आकृष्ट गर्ने,
- हामीले प्रयोग गर्ने विभिन्न वस्तुहरूको उत्पादन उद्योगहरूमा हुन्छ भन्ने विषयमा चित्र चार्ट, पोस्टर आदिका आधारमा छलफल गर्ने,
- विद्यालय वरपर रहेका उद्योगहरूको व्यापार / व्यवसायको उदाहरण छलफल गर्ने,
- क्षेत्रको लघुभ्रमण ।

**ङ ) सिकाइ मूल्याङ्कन :**

- घरेलु उद्योगका ५ ओटा उदाहरण बताउनुहोस् ।
- बैंकले प्रदान गर्ने सेवाहरू के के हुन ? बताउनुहोस् ।
- व्यापार व्यवसाय किन गरिन्छ ? अथवा व्यापार व्यवसायको मुख्य उद्देश्य के हो ?

*(नोट - शिक्षक साथी यहाँ प्रस्तुत गरिएका कुराहरू केवल नमूना क्रियाकलाप मात्र हुन् । पाठ्यक्रममा उल्लिखित उद्देश्य र विस्तृतीकरणका आधारमा पाठ्यघण्टा ३० मा आधारित रहेर खोज, क्षेत्रगत भ्रमण र विद्यार्थी केन्द्रित क्रियाकलापहरू वा यस्तै अन्य क्रियाकलापहरू गराई मनोरञ्जनात्मक तरिकाले सहजीकरण गर्न सक्नुहुने छ । )*

कक्षाः ६

विषयक्षेत्रः कृषि (ऐच्छिक खण्ड) वार्षिक कार्यघण्टाः ३०

**परिचयः**

स्थानीय क्षेत्रमा हुने/गर्दै आएका कौसी खेती, आलु खेती, च्याउ, काँक्रा, कुरिलो, सुन्तला आदिका बारेमा अघिल्ला कक्षामा जानकारी भइसकेको हुँदा यस कक्षामा धान, मकै, कोदो, गहुँ, कागती, पुष्प उत्पादन बारेमा जानकारी गरिने छ । यी खेतीहरू लगाउने समय, लगाउने तरिका साथै स्थानीय पशुपछीपालनको महत्त्व तथा खरिद बिक्रीका लागि बजारको बारेमा जानकारी दिइनेछ । आफ्नो गाउँठाउँमा बनाइएका पशुपछीपालन तथा कृषि समूह गाईभैसीपालन समूह, कृषि सञ्जाल आदिका बारेमा जानकारी गराइने छ ।

**क) उद्देश्यः**

- स्थानीय फलफूल, तरकारी र अन्नबालीको सूची तयार गर्न,
- स्थानीय अन्नबालीको पहिचान गरी लगाउने समय तरिका बताउन र काममा सहभागी हुन ,
- स्थानीय पशुपछीपालनको महत्त्व तथा खरिद बिक्रीका लागि बजार पहिचान गर्न,
- आफ्नो क्षेत्रमा रहेका स्थानीय स्तरका कृषक समूहको पहिचान तथा खोजी गर्न ।

**ख ) विषयवस्तुः**

**स्थानीय क्षेत्रमा हुने/गर्दै आएका खेतीः** स्थानीय क्षेत्रमा हुने/गर्दै आएका खेती (कौसी खेती, आलु खेती, च्याउ, काँक्रा, कुरिलो आदिका बारेमा अघिल्ला कक्षामा सिकिसकिएको छ । यहाँ निम्न खेतीका बारेमा जानकारी गराइने छ :

**धानः** जेठोबुढो धानका रूपमा प्रख्यात पोखरा महानगरपालिका भित्रका मुख्य गरी वडा नं १३ बाझापाटन, आर्बा र काँहुखोला, १६ को अर्मला र बाटुले चौर, १७ को बिरौटा फाँट, २३ को पामे, २९ को भन्डारढिक र ३१ को वेगनास, खोला बेसी आदि स्थानमा यस जेठोबुढो धानको खेती गरिन्छ । यस खेतीका लागि वैशाख महिनामा नर्सरी ब्याडको तयार गरिन्छ । जेठको अन्तिम हप्ताबाट रोप्न सुरू गरिन्छ। रोपेको २१ देखि २५ दिन भित्र गोडमेल गरी रासायनिक (युरिया) मल राखिन्छ ।भदौ असोजमा

पुन दोस्रो गोडमेल गरिन्छ । यसलाई प्रशस्त पानीको आवश्यकता पर्दछ । कात्तिक मङ्सिरमा यो धान थन्काउनका लागि उपयुक्त हुन्छ ।

**मकैः** नेपालमा प्रमुख खाद्यान्न बालीमा धान पछि मकै पर्छ । यो बहुउपयोगी बाली हो । यसबाट विभिन्न परिकार तेल, इन्धन, चिनी, रक्सी,आदि बनाउने गरिन्छ । मकैमा प्रशस्त पोषण तत्त्व हुन्छ । यस्तो बहुउपयोगी खेती नेपालको धेरै ठाउँमा गरिन्छ । पोखरा महानगरपालिकाको वडा नं १३ र २३ मा यसको खेती गरिन्छ । मकै चैत र साउन महिनामा लगाउन सकिन्छ । यसको लागि बिउ छर्ने वा रोप्ने गरिन्छ ।

**गहुँ :** गहुँ विश्वको एक प्रमुख अन्न बाली हो । यो विश्वका प्राय सबै देशमा खेती गरिन्छ । विश्वमा बालीको क्षेत्रमा गहुँले पहिलो स्थान ओगटेको छ भने नेपालमा तेस्रो स्थान ओगटेको छ । गहुँको पिठोको रोटी मानिसका लागि उपयुक्त छ भने यसको छवाली पशुका लागि प्रयोग हुन्छ । यसको खेती गर्नका लागि कम खनजोत गरेर गर्न सकिन्छ । जमिनमा प्रयाप्त मात्रामा चिस्यान संरक्षण गर्नुपर्छ । जमिन सुख्खा भएमा खेती लगाउनु भन्दा पहिला नै सिंचाइ गर्नुपर्छ । खेती गरिसकेपछि भने पानी जम्न दिनुहुँदैन । समयसमयमा गोडमेल गरी अनावश्यक झारहरू हटाउनुपर्छ । खेती गर्ने ठाउँ, हावापानी र जात अनुसार गहुँ छर्ने समय पनि फरक हुन्छ । पहाडमा असोजदेखि कार्तिक भरि छर्न सकिन्छ । पोखरा महानगरपालिकाको वडा नं १६ मा यसको खेती गरिएको छ ।

**कागतीः** कागतीको रसमा भिटामिन सि प्रशस्त पाइने हुँदा स्वास्थ्यका लागि अत्यन्तै महत्त्वपूर्ण मानिन्छ । कागती खेतीका लागि पानी नजम्ने, बार बन्देज लगाउन सकिने, पानीको भल नआउने, पानीको स्रोत भएको जमिन छनोट गर्नु उपयुक्त मानिन्छ । कागती रोप्नका लागि वैशाख महिनामा खाडल खन्ने, जेठ महिनाभित्र मल र माटोले भर्ने र असार महिनामा रोप्नुपर्छ । हिदँदमा सुकेका हाँगाबिगा काटेर हटाउनुपर्छ । पोखरा २१ मा यसको खेती गरिएको छ ।

**पुष्पः (फूल)** मानिसको जन्मदेखि मृत्युसम्म हरेक कार्यमा फूलको उतिनै महत्त्व छ । सामन्यतया फूलहरूको प्रयोग दैनिक जीवनमा हुने धार्मिक कार्यहरू जस्तै पूजाआजा, चाडपर्व, सामाजिक कार्यहरू जस्तै भेला, सभा सम्मेलनमा प्रयोग गरिन्छ । छोटो समयमा थोरै ठाउँमा लगाई प्रशस्त लाभ लिन सकिने र पछिल्लो समयमा बढ्दो माग हुँदा यसको व्यवसाय बढ्दो छ । फूल प्रत्येक घरघरमा गमला वा फूलबारी बनाई लगाइन्छ । फूलले घरको शोभा बढाउने हुँदा मानिसहरू फूल रोप्न लालायित हुन्छन् । पोखरा महानगरपालिका भित्र प्रत्येक घरघरमा फूल लगाइएको पाइन्छ भने पोखरा १४ मा फूल व्यवसायिक रूपमै गरिएको छ ।

### २ स्थानीय पशुपछीपालनको महत्त्व तथा खरिद बिक्रीका लागि बजारः

स्थानीय स्तरमा पालिएका पशुपछीबाट स्वच्छ, ताजा मासु उपलब्ध हुन्छ । स्थानीय स्तरमा उत्पादित हुनाले सस्तो र छिटो प्राप्त गर्न सकिन्छ । फलफूल तरकारी तथा अन्नबालीका लागि प्राङ्गारिक मल प्राप्त हुन्छ । पोखरा महानगरपालिकाभित्र आवश्यकताअनुसार विभिन्न ठाउँमा जिउँदा वा काटिएका पशुपछीको किनबेच हुन्छ । पोमनपा १० औधिगिक क्षेत्र, खसी बजार), वडा नं. २ साई टोल, वडा नं. ४ चिप्लेढुङ्गा श्री कम्लेक्स वडा नं. ९ बास्तोला कम्पलेक्स लगायतका स्थानमा किनबेच हुन्छ ।

३ **स्थानीय स्तरका कृषि सम्बन्धी सञ्जालः** कृषि पेसामा संलग्न भई कृषि सामग्री उत्पादनका लागि गठन भएका समूह नै कृषि समूह हुन् । हाम्रा गाउँठाउँमा यस्ता विभिन्न समूहहरू गठन भएका छन् । जस्तै पशुपछी तथा कृषि समूह सञ्जाल गाईभैसी पालन कृषक समूह आदि ।

**ग ) सम्भावित सिकाइ सामग्रीः**

चार्टहरू तथा भिडियोहरू, अनलाइन मेटाकार्ड, चित्र तथा तस्बिर, विधुतीय श्रव्यदृश्य सामग्री, वास्तविक तथा नमूना वस्तुहरू, लेख रचना आदि ।

**घ) सम्भावित सिकाइ क्रियाकलापः**

- पूर्वज्ञानको आधारमा केही प्रश्न सोधी ध्यानाकर्षण गराउने,
- व्यवसायिक रूपमा गरिएका फलफूल तथा तरकारीको बारेमा छलफल गराउने,
- लघु शैक्षिक भ्रमणको रूपमा कृषि फर्ममा लगेर तरकारी वा फलफूल देखाउने,
- आफ्नो घरमा वा छिमेकमा के के खेती, कसरी गरिएको छ सो को बारेमा सोधेर लेखेर ल्याउन लगाउने,
- विद्यालयमा रहेको करेसाबारीमा लगि प्रयोगात्मक रूपमा विद्यार्थीलाई नर्सरी ब्याड तयार गर्न लगाउने,
- घर घरमा सम्भव भएसम्म एक घर एक फलफूल लगाउन प्रोत्साहित गर्ने,
- विद्यालयमा विद्यार्थीको विभिन्न समूह बनाई फूलबारी बनाउन लगाउने,
- आफ्नो गाउँघरमा के के पशुपछी पालिएका छन् टिपोट गर्न लगाउने,
- तिनीहरूको फाइदाका बारेमा समूहमा छलफल गरी लेख्न लगाउने,
- आवश्यकता अनुसार पशुपछीको खरिदबिक्री गरिने ठाउँको बारेमा जानकारी दिने,
- फलफूल तथा तरकारी मन्डी अवलोकन गराई स्थानीय स्तरमा उत्पादन भएका र बाहिरबाट आएका टिपोट गर्न लगाउने, आगामी दिनमा यहाँको मागअनुसारको उत्पादनमा जोड दिन खोज अनुसन्धान गर्न लगाउने,
- आफ्नो गाउँघरमा कुन कुन कृषक समूहहरू गठन भएका छन् सोधेर लेखेर ल्याउन लगाउने ।

**ङ ) सिकाइ मूल्याङ्कन :**

- मौखिक प्रश्नोत्तर गराउनुहोस् ।
- समूहमा छलफल गरी लेख्नका लागि प्रश्न दिनुहोस् ।
- लघु शैक्षिक भ्रमणको रूपमा कृषि फर्ममा लगेर तरकारी वा फलफूल देखाउनुहोस् र फलफूल तथा तरकारी पहिचान गरे नगरेको अवलोकन गर्नुहोस् ।
- आफ्नो घरमा वा छिमेकमा के के खेती कसरी गरिएको छ सो को बारेमा सोधेर लेखेर ल्याउनुहोस् ।
- पशुपछी पालनको महत्त्वबारे लेखेर ल्याउन लगाउनुहोस् ।

*नोटः शिक्षक साथी यी नमूना क्रियाकलापमात्र हुन् । तपाईंहरूले यस्तै अन्य क्रियाकलापहरू गराई मनोरञ्जनात्मक तरिकाले सिकाउन सक्नु हुनेछ । विशेषगरी पाठ्यघण्टा ३० मा आधारित रहेर खोज, क्षेत्र भ्रमण र विद्यार्थी केन्द्रित क्रियाकलापहरू गराउनु होला ।*

कक्षाः ७

विषयक्षेत्रः महानगर परिचय — वार्षिक कार्यघण्टाः **२५**

## पाठ १: हाम्रो वडा कार्यालयबाट पाइने सेवा

**परिचयः**

*नोटः बडापत्रबाट वडासेवा जानकारी प्राप्त गर्ने वडासेवा सूची बनाएर पढाउन सकिन्छ ।*

- विभिन्न सिफारिस (नागरिकता, मतदाता नामावली, पासपोर्ट, चारकिल्ला बनाउनको लागि सिफारिस)
- एकीकृत सम्पत्ति कर, बहाल कर, व्यवसायिक कर तथा अन्य करहरू सङ्कलन
- टोल संस्थाहरू गठन तथा विविध सेवाहरूको बारेमा जानकारी
- स्थानीय योजना तर्जुमा समय तालिका वडाबाट नै प्राप्त गर्न सकिन्छ ।

## पाठ २: वित्तीय क्षेत्र

*नोटः पोखरामा केन्द्रीय कार्यालय रहेका तथा शाखाहरू रहेका बैंक तथा वित्तीय संस्थाहरूको नामावली दिने ।*

- बैंक, वित्तीय संस्थाहरूले प्रदान गर्ने आधारभूत सेवाको सामान्य जानकारी,
- बचत, ऋण, विभिन्न कार्डहरू, अनलाइन सेवा, सेयर कारोबार आदिको सामान्य जानकारी दिन सकिन्छ ।

## पाठ ३: वेबमा पोखरा महानगर (www.pokharamun.gov.np)

*नोटः पोखरा महानगरको वेबसाइटमा गएर विभिन्न सूचना तथा जानकारी प्राप्त गर्न सिकाउने, साथमा महानगरमा सम्पर्क गर्ने तरिका, सामाजिक सञ्जालमा महानगर कार्यालयको उपस्थितिबारेमा जानकारी गराउने, वेबसाइटमार्फत महानगर बडापत्रको जानकारी गराउने ।*

## पाठ ४: अन्य संस्थाहरू

*नोटः पोखरा महानगरका विभिन्न आन्तरिक तथा अन्य संस्थाहरूको बारेमा जानकारी दिने*

- महानगरका विभिन्न महाशाखा (शिक्षा, स्वास्थ्य, कृषि विकास, सामाजिक विकास, प्रशासन, भवन निर्माण तथा कानुन महाशाखा), शाखाहरू (राजश्व, सूचना प्रविधि, सरसफाइ लगायत अन्य शाखाहरू)
- नगरभित्रका सरकारी संस्था (Government Organizations),

- गैर सरकारी संस्था (Non- Government Organizations) तथा अन्तर्राष्ट्रिय गैर सरकारी संस्था (International Non-Government Organizations)

**क) उद्देश्यः**

- विद्यार्थीले आफ्नो वडाबाट प्राप्त हुने सेवाको बारेमा बताउन सक्ने छन् ,
- पोखराका मुख्य बैक तथा वित्तीय संस्थाको नाम तथा तिनले दिने सेवा बताउन सक्ने छन् ,
- महानगरको वेबसाइटमार्फत सूचना तथा जानकारी लिन र आवश्यक पर्दा सम्पर्क गर्न सक्ने छन् ,
- महानगर भित्र रहेका विभिन्न GO, NGO, INGO को बारेमा बताउन सक्ने छन् ।

**ख) विषयवस्तुः**

वडाभित्रका सेवा, महानगरका वित्तीय संस्था, महानगरको वेबसाइट, अन्य संस्थाहरू आदि ।

**ग) सम्भावित सिकाइ सामग्रीः**

- वडा कार्यालयको नागरिक वडापत्र,
- बैकका नामावली,
- महानगरको वेबसाइट (pokharamun.gov.np) ,
- विभिन्न पत्रपत्रिका, बुलेटिन, पोस्टर, पम्पलेट आदि
- सेवा प्रदायक संस्थाहरूको सूची ।

**घ) सम्भावित सिकाइ क्रियाकलापः**

- आफ्नो वडा कार्यालयमै लगेर सेवाको बारेमा जानकारी गराउने,
- पोखराका मुख्य बैक तथा वित्तीय संस्थाको नाम तथा तिनले दिने सेवा बताउने,
- पोखराको वेबसाइट खोलेर सूचना लिन सिकाउने ।

**ङ ) सिकाइ मूल्याङ्कन :**

- प्रश्नोत्तर तथा छलफलमा सक्रियताको आधारमा मूल्याङ्कन गर्ने ।
- विद्यार्थीले वडाबाट प्रदान हुने सेवाका बारेमा राखेका अभिव्यक्तिको आधारमा मूल्याङ्कन गर्ने ।
- विद्यार्थीले आत्मविश्वास तथा स्पष्टताका साथ प्रस्तुति गरे नगरेको अवलोकन गरी सिकाइ उपलब्धिको लेखाजोखा गर्ने ।
- छलफल तथा भ्रमणमा देखाएको सक्रियता, कार्य सम्पादन, सहकार्यात्मक व्यवहारका आधारमा मूल्याङ्कन गर्ने ।

---

*नोटः शिक्षक साथी यी नमूना क्रियाकलापमात्र हुन् । तपाईंहरूले यस्तै अन्य क्रियाकलापहरू गराई मनोरञ्जनात्मक तरिकाले सिकाउन सक्नु हुनेछ । विशेषगरी पाठ्यघण्टा २५ मा आधारित रहेर खोज, क्षेत्र भ्रमण र विद्यार्थी केन्द्रित क्रियाकलापहरू गराउनु होला ।*

---

| कक्षाः ७ | |
|---|---|
| विषयक्षेत्रः पर्यटन | वार्षिक कार्यघण्टाः **२५** |

**परिचय :**

पोखरा गण्डकी प्रदेशको राजधानी सहर हो । पोखरामा देशका विभिन्न स्थानहरूबाट पर्यटकहरू आउने गर्दछन् । आफ्नै देशको विभिन्न स्थानबाट आउने पर्यटक आन्तरिक पर्यटक हुन् । छिमेकी देश भारत, चीन लगायत विश्वका अन्य देशबाट आउने पर्यटकहरूलाई बाह्य पर्यटक भनिन्छ ।

पोखरामा घुम्न आउने केही पर्यटकहरू साहसिक खेल खेल्न रुचाउँछन् । फेवातालमा आफै बोटिङ्ग गर्ने, सराङकोटबाट प्याराग्लाइडिङ खेलको अन्तर्राष्ट्रिय प्रतिस्पर्धामा सहभागी हुने गर्दछन् । युरोप, उत्तर अमेरिकाबाट आउने कतिपय अन्तर्राष्ट्रिय पर्यटकहरू प्याराग्लाइडिङको अन्तर्राष्ट्रिय प्रतिष्पर्धा खेलका लागि पोखरामा आउने गर्दछन् । यस्ता साहसिक खेलहरूले पोखरालाई अन्तर्राष्ट्रिय रूपमा पहिचान गराउने काम गरेको छ ।

पोखरामा आउने पर्यटकहरूलाई पथप्रदर्शकको रूपमा सहयोग पुऱ्याउने पर्यटनबोर्डले ब्रोसर प्रकाशन गरेको छ । छोटो समयमा पोखराका प्रमुख स्थानहरूमा अवलोकन भ्रमण गर्ने, पर्यटकहरूको लागि होटल तथा लजहरूले समेत आफ्ना कर्मचारीहरूलाई गाइडको रूपमा खटाउने प्रचलन छ । केही व्यक्तिहरू भने व्यवसायिक रुपमै पर्यटक गाइडको रूपमा गाइडको भूमिकामा काम गर्दै आइरहेका छन् । पोखरामा आउने पर्यटकहरूलाई पोखराबासीहरूले उच्च सम्मान र श्रद्धाका साथ अभिवादन, नमस्कार, फूलमाला, अबिर, टीका लगाएर स्वागत गर्दछन् । त्यति मात्र नभई जुन देशबाट पर्यटक आएका हुन्, त्यही देशको भाषा र लवजमा समेत स्वागत गर्ने चलन छ । पोखरा महानगरपालिका तथा गण्डकी प्रदेश सरकारले समेत पोखरामा आउने पर्यटकहरूलाई भरपर्दो गाइड, सुरक्षा, यातायातको सहज पहुँच प्रदान गर्ने गरी आफ्ना नीति तथा कार्यक्रमहरू सार्वजनिक गरेका छन् । पोखरा पर्यटनबोर्ड र पोखरा महानगरपालिकाले महानगरभित्र पर्ने नयाँ पर्यटकीय स्थलहरूको खोजी तथा अनुसन्धान गरी पोखराको पर्यटनलाई अझ विस्तार गर्ने लक्ष्य लिएका छन् ।

**क) उद्देश्य :**

- पथप्रदर्शकको कार्य बताउन,
- साहसिक खेलको पर्यटकीय महत्त्व बताउन,
- पर्यटन व्यवसायका लागि चाहिने स्थानीय र अन्तर्राष्ट्रिय आतिथ्यताका अभ्यासहरू अवलम्बन गर्न,
- सम्भावित पर्यटकीय स्थलहरूको पहिचान गर्न ।

**ख) विषयवस्तु :**

पर्यटकका प्रकार, साहसिक खेल, प्याराग्लाइडिङ, बोटिङ्ग, बञ्जीजम्प, जीपफ्लाइङको परिचय, महत्त्व, नयाँ पर्यटकीय स्थलको खोज

दिपिशा गुरुङ जनप्रिय मा.वि. कक्षा ७ मा अध्ययन गर्ने छात्रा हुन् । विद्यालयको टिफिनको समयमा आफ्नो विद्यालयको खेलमैदानबाट फेवाताल तथा सराङकोट तर्फको आकाशमा बाक्लो मात्रामा चङ्गा उडाए झैँ रङ्गीबिरङ्गी दृश्य देखिन् । नजिकै बस्नुभएको शिक्षकलाई जिज्ञासापूर्वक फेवातालमाथी चङ्गा उडेझैँ के उडेका हुन् भनी जिज्ञासा राखिन । शिक्षकले त्यसलाई एक साहसिक खेल प्याराग्लाइडिङ भन्दछन् भनी दिपिशाको जिज्ञासा मेटाउनु भयो । त्यसमा पाइलट सहित २ जनासम्म बस्न मिल्छ । बढीमा १२ मिनेट देखि ४५ मिनेटसम्म हावाको गतिअनुसार प्याराग्लाइडिङ उडान गर्न मिल्छ । पोखरामा अन्तर्राष्ट्रियस्तरका प्याराग्लाइडिङ प्रतियोगिता हुने गरेका छन् । यस प्रकारको साहसिक खेलको लागि देशविदेशबाट पोखरामा पर्यटक आउँदा पोखराको पर्यटन व्यवसायमा थप टेवा पुगेको छ ।

---

*नोटः यस्तै प्रकृतिका विषयवस्तुको तयार गरी रोचक ढङ्गले विद्यार्थीलाई सक्रिय बनाई पठनपाठन कार्यमा सहजीकरण गर्नुहोस् ।*

---

**ग) सम्भावित सिकाइ सामग्री :**

टुरिस्ट गाइड, चार्ट, चित्र चार्ट, ब्रोसर, सम्भावित पर्यटकीय स्थलको सूची,

**घ) सम्भावित सिकाइ क्रियाकलाप :**

- पर्यटकलाई पथप्रदर्शकले प्रदान गर्ने सेवा तथा पर्यटकका प्रकार सम्बन्धमा छलफल, अन्तरक्रिया तथा प्रश्नोत्तर सञ्चालन गर्नुहोस्,
- बोटिङ्ग, बञ्जीजम्प तथा जीपफ्लाइङ्गको भिडियो प्रदर्शन गर्ने वा सम्भव भएसम्म अवलोकन भ्रमण गराई साहसिक खेलको परिचय र महत्त्व सम्बन्धमा छलफल गरी बुँदा टिपोट गर्न लगाउनुहोस्,
- पर्यटकलाई गरिने स्थानीय तथा अन्तर्राष्ट्रिय आतिथ्यताका अभ्यासहरूबारे कक्षामा अभ्यास गराउनुहोस्,
- विद्यार्थीहरूलाई आफ्नो गाउँ, टोल, छिमेकमा अवस्थित नयाँ पर्यटकीय स्थलहरूको खोजी तथा पहिचान कार्यमा संलग्न गराई त्यसको परिचय र विशेषता सम्बन्धमा प्रतिवेदन तयार गर्न सहजीकरण गर्नुहोस् ।

**ङ ) सिकाइ मूल्याङ्कन :**

विद्यार्थीहरूको सिकाइ मूल्याङ्कन गर्न निम्न अनुसारका प्रश्नहरू नमूनाको रूपमा मात्र हुन् । तपाईंहरू आफ्नो अनुकूल र परिवेश अनुसार विद्यार्थीको विविध क्षमताको पहिचान हुने गरी प्रश्नहरू निर्माण गर्न सक्नुहुने छः

- पथप्रदर्शकका कार्यहरू के के हुन् ?
- साहसिक खेल प्याराग्लाइडिङ, बञ्जीजम्प, जीपफ्लाइङ्ग, बोटिङ्गको परिचय र महत्त्व समेटिने गरी

कुनै एक क्षेत्रलाई समेटेर मूल्याङ्कन गर्नुहोस् ।

- पर्यटकलाई गरिने स्थानीय तथा अन्तर्राष्ट्रिय आतिथ्यताका अभ्यासहरूको खेल खेल्न लगाई अवलोकनको आधारमा मूल्याङ्कन गर्नुहोस् ।
- सम्भावित पर्यटकीय स्थलको सूची निर्माण गर्न लगाई आफ्नो टोल छिमेकमा रहेका नयाँ पर्यटकीय स्थलहरूको खोजी कार्यका आधारमा तयार गरेको प्रतिवेदनका आधारमा मूल्याङ्कन गर्नुहोस् ।

*नोटः यस्तै प्रकृतिका विषयवस्तुको तयार गरी रोचक ढङ्गले विद्यार्थीलाई सक्रिय बनाई पठनपाठन कार्यमा सहजीकरण गर्नुहोस् ।*

कक्षाः ७

विषयक्षेत्रः जीवन उपयोगी सिप　　　　वार्षिक कार्यघण्टाः १८

**परिचयः**

जीवन निर्वाहका क्रममा नभै नहुने सिपलाई जीवन उपयोगी सिप भनिन्छ । यसअन्तर्गत हाम्रो स्थानीय स्तरमा परम्परादेखि हालसम्म प्रचलनमा आइरहेका स्थानीय सिपहरूलाई जोड दिन खोजिएको छ । जसअन्तर्गत चरित्र निर्माणका आधारहरू, नैतिक विकासमा सहयोग पुऱ्याउने अभ्यासहरू, परम्परागत र आधुनिक प्रविधिको अन्तरसम्बन्ध, सामाजिक समस्या र विकृति समाधान कार्यमा प्रभावकारी सञ्चारमार्फत जनचेतना अभिवृद्धि गर्ने जस्ता कुराहरूको चर्चा गरिएको छ ।

**आधारभूत जीवनमुखी सिपहरू**

युनिसेफ, युनेस्को र विश्व स्वास्थ्य सङ्गठनले सिफारिस गरेका र विभिन्न सरकारहरूसँग मिलेर पाठ्यक्रम निर्माण तथा कार्यान्वयनमा सहयोग गरिरहेका जीवनमुखी सिपहरू निम्न प्रकारका हुन् :

पहिलो, आत्म सचेतना अर्थात् आफूले आफूलाई पहिचान गर्ने ज्ञान, सिप र तरिका। आफ्नो सबल पक्षहरू र अवसरलाई चिनेर कमजोरी र वाधाबारे जानकारी लिने सिप। त्यस्तै अर्को सिप सिर्जनात्मक ढंगले सोच्ने र विश्लेषण गर्न जान्नु हो। सिर्जनात्मक ढङ्गले सोच्ने तरिका जन्मजात गुण नभएर सिक्न र सिकाउन सकिने सिप हो भन्ने मान्यता रहेको छ । अर्को महत्त्वपूर्ण सिप भनेको आलोचनात्मक चिन्तन वा विश्लेषण गर्ने सिप हो ।

आलोचनात्मक चिन्तन र विश्लेषण सिपले विद्यार्थीलाई वस्तुगतरूपमा यथार्थ परिवेश बुझ्न सघाउँछ र समस्या समाधानका विकल्पहरू खोज्न पनि । त्यस्तै अन्य सिपहरूमा प्रभावकारी सञ्चार गर्ने सिप, सामाजिक सम्बन्धहरू गाँस्ने सिप, लोकतान्त्रिक ढङ्गले संवाद गर्ने सिप र कुनै पनि विषयमा निर्णय लिने सिप पनि पर्छ । कुनै पनि समस्यालाई बुझ्ने, केलाउने र समाधान खोज्ने आफैंमा एउटा महत्त्वपूर्ण सिप हो ।

केही मनोसामाजिक सिपहरू पनि जीवनमा एकदम महत्त्वपूर्ण हुन्छ, जस्तैः समानुभूतिको सिप । समानुभूति गर्न सक्नु स्वभाव मात्र नभएर सिक्न सकिने सिप हो भनेर अध्ययनहरूले स्थापित गरेको छ । आफ्नो आवेग र संवेगलाई संयम गरेर सामाजिक व्यवहार गर्न सक्नु पनि सिप नै हो । सामाजिक जटिलताका कारण बाह्य दबाबहरू आइपर्नु स्वाभाविकै हो ।

**नेपाली परिवेशबारे**

नेपाली सभ्यतामा ज्ञानको लामो परम्परा छ । विभिन्न जाति, क्षेत्रको जीवन र जगतलाई बुझ्ने र जीवन र जगतको सम्बन्ध कस्तो हुनुपर्छ भन्ने बारे आआफ्नै दर्शन र विश्लेषण पद्धति पनि छ । सर्वप्रथम, ज्ञानका ती स्थापित परम्परामा रहेका सान्दर्भिक पक्ष र सिपलाई हाम्रो पाठ्यक्रममा समावेश गर्नु जरुरी छ । योग र ध्यानजस्ता वैज्ञानिक हिसाबले समेत प्रमाणित स्वस्थ जीवन जिउने कला र सिपलाई पाठ्यक्रममै राखेर लैजानु जरुरी छ । साथै एक्काइसौं शताब्दीको परस्परमा निर्भर विश्व समाजको एक अङ्ग भएकाले नेपालले समकालीन विश्वमा स्थापित ज्ञान, सिप र अभ्यासहरूलाई पनि अपनाउनु जरुरी छ । युनिसेफ, युनेस्को र विश्व स्वास्थ्य सङ्गठनजस्ता विश्व संस्थाको सदस्य राष्ट्रको हैसियतले ती संस्थाका सुझावहरूलाई मुलुकको परिवेश सुहाउँदो ढङ्गले अपनाउनु जरुरी छ ।

खास गरेर नयाँ संविधानले कोरेको बाटो, समुन्नतिको लक्ष्य, समतामूलक नेपाल निर्माण गर्ने अठोटलाई केन्द्रमा राखेर विश्व मानचित्रमा नेपालको सकारात्मक पहिचान अझै गाढा बनाउन सान्दर्भिक ज्ञान र सिपहरू सिकाउने विषय नै अबको पाठ्यक्रममा जीवनमुखी सिप र सिकाइमा समावेश गर्नुपर्छ भन्ने मूल मर्मलाई मध्येनजर गरी स्थानीय पाठ्यक्रममासमेत यस्ता सिपलाई समावेश गरिएको छ ।

## विषयक्षेत्रः

कृष्ण कक्षा ७ मा पढ्छन् उनी बिहान सबेरै उठ्छन् । हातमुख धुन्छन् जप ध्यान गर्दछन् । उनी हरेक कार्यमा सचेत छन् । आफ्नो सम्पूर्ण सामान र आफूलाई पनि स्वव्यवस्थापन गर्दछन् । असल र खराब कामको मूल्याङ्कन आफै गर्दछन् । त्यसैगरी सामाजिक उत्तरदायित्वका कार्यमा पनि सक्रिय र ज्यादै सहयोगी छन् । स्थानीय प्रविधि रहेका स्थान, सामाजिक विकृति रहेका स्थान आदि यसरी नै अन्य उद्देश्यसँग सम्बन्धित विषयवस्तुलाई विद्यार्थी समक्ष प्रस्तुत गर्नुहोस् ।

**असल सञ्चार सम्बन्धी अभ्यासः**

सञ्चार सिप सम्बन्धी सिप विकास गर्न शिक्षकले तल उल्लेख गरिए जस्तै कथा वा नाटक विद्यार्थीहरूलाई नै तयार गर्न लगाएर सञ्चार सिपको विकास गराउन सक्नुहुने छ ।

---

*राजनकी आमा भान्छा कोठामा खाना पकाउँदै हुन्छिन् र त्यही बेला बाहिरबाट राजन घरभित्र आउँछन् । उनले आमा आमा भनी बोलाउँछन् तर बाहिरको होहल्ला र घरभित्रकै टेलिभिजनको चर्को आवाजले आमाले राजनको केही कुरा सुन्दिनन् । राजनले आमाबाट कुनै उत्तर नपाएपछि आमाको नजिकै गई चर्को स्वरमा आमासँग रिसाएपछि आमाले पनि छोरो रुखो र चर्को स्वरमा बोलेको र रिसाएको देखेर अचम्म मान्दै किन रिसाएको भनी प्रश्न गर्छिन । आमाको प्रश्नको जवाफ नदिई मलाई १०००। रूपैयाँ चाहियो भनी माग्न थाले । आमाले यति धेरै रकम किन चाहियो भनी प्रश्न गर्दा राजनले उल्टै रिसाउँदै जाबो १०००। रूपैयाँ माग्दा किन रिसाउँछिन र बढी कुरा गर्छिन बुढी*

*भन्दै जवाफ फर्काए । आमालाई पनि राजनको क्रियाकलाप देखेर झन रिस उठयो । अनि रिसाउँदै दिन्न पैसासैसा, पैसा फल्ने रूख छ र मसँग तलाई भन्ने बित्तिकै चाहियो भन्दै रिसाइन । आमाको कुरा सुन्नेबित्तिकै राजन रिसले चुर हुन्छन् र खुट्टाले भित्तामा हान्दै भाँडा फाल्दै बस्दिन तिम्रो घरमा तिमी मात्र बस मलाई माया नगर्ने घर किन चाहियो भन्दै घरबाट निस्कयो ।*

---

शिक्षक साथी माथि लेखिए जस्तैः अन्य विद्यार्थीहरूलाई पनि यस्तै क्रियाकलापमा अभिनय गर्न लगाउनुहोस् । अभिनयमा देखिएका घटनाहरूसँग सम्बन्धित रही किन यस्तो घटना घट्न गयो ? घटना के कारण र कसको कारणले घटन पुग्यो ? के भइदिएको भए यस्तो घटना घट्ने थिएन ? छलफल गरी निष्कर्ष निकाल्न लगाउनुहोस् ।

सबै सिकारूलाई साथीले गरेको अभिनय हेर्न लगाई अभिनयमा देखिएका घटनासँग सम्बन्धित रही किन यस्तो घट्न गयो, यस्तो घटना घट्नाको प्रमुख कारण के थियो, घटनाको दोषी को थियो, के भएको भए यस्तो घटना घट्ने थिएन आदि विविध प्रश्नहरू सोधेर प्रभावकारी सञ्चार सिपको महत्त्व र भूमिका सम्बन्धमा सिकारुलाई स्पष्ट पार्नुहोस् ।

**क) उद्देश्यः**

- चरित्र निर्माणका आधारहरू बताउन,
- नैतिक विकासमा सहयोग पुयाउने स्थानीय अभ्यासहरूलाई निरन्तरता दिन,
- परम्परागत र आधुनिक प्रविधिको अन्तरसम्बन्ध बताई तिनको सदुपयोग गर्न,
- सामाजिक समस्या र विकृति समाधानका कार्यमा प्रभावकारी सञ्चारमार्फत जनचेतना अभिवृद्धि गर्न ।

**ख) सम्भावित सिकाइ सामग्रीहरूः**

चार्ट, पोस्टर, चित्र, श्रव्यदृश्य सामग्री

**घ) सम्भावित क्रियाकलापहरूः**

- माथिको विषयवस्तुमा दिएको नमूना जस्तै अन्य पात्रहरू र विषयहरूसँग सम्बन्धित कथावस्तुको माध्यमद्वारा चरित्र निर्माणका आधारहरूको चर्चा गराउनुहोस् ।
- चरित्र विकासका आधारहरू उल्लेख गरिएको चार्टको माध्यमद्वारा सचेतना, स्वव्यवस्थापन, स्वमूल्याङकन, सामाजिक उत्तरदायित्व बोध र नैतिकता कायम गर्ने स्थानीय अभ्यासहरूको बारेमा छलफल गराउनुहोस् ।
- सरसामानहरू पैंचो लिने दिने, विवाह, ब्रतबन्ध, घरपैंचो, आँटी छाप्ने, दाइँ दलिन बोक्ने, रोपाइँ जस्ता कार्यमा साथै मान्छे मर्दा र विवाहमा स्थानीयबासीहरूले बिना स्वार्थ वा बिना पारिश्रमिक छरछिमेकमा सहयोग गर्ने परम्पराको बारेमा छलफल गराउनुहोस् ।
- यसपश्चात् तिमीले अरुको दुःख सुखमा के कस्ता कार्यमा सहयोग गर्न सक्छौ भनी कामको सूची बनाउन लगाउनुहोस् । उनीहरूमा यस्ता कार्यमा सहभागिता र सहयोग गर्ने भावनाको विकास

गराउनुहोस् ।

- स्थानीय स्तरमा प्रचलित परम्परागत प्रविधिहरू घट्ट, ढिकी, जाँतो, खल, कल, कोल, आरन, तुइन जस्ता वस्तुहरू र आधुनिक प्रविधिहरू क्रमश कुटानी तथा पिसानी मेसिनहरू, हिटर, प्रेसर कुकर, आधुनिक आरन, राइस कुकर, फिल्टरहरू आदिको अन्तर सम्बन्धका बारेमा छलफल गराउनुहोस् ।
- विद्यालय क्षेत्र वरपर वा विद्यार्थीको गाउँ टोलमा के कस्ता प्रविधिहरू छन् ? तिनीहरूको बारेमा छलफल गरी सूची तयार गर्न लगाउनुहोस् ।
- ती प्रविधिहरू कस्ता हुन्छन् ? के काम गर्दछन् ? परम्परागत हुन वा आधुनिक चिनारी गराउनुहोस् । (सम्भव भए तिनका चित्र वा पोस्टर देखाउनुहोस्) वा क्षेत्र भ्रमण गराउनुहोस् ।
- सम्भव भए सम्म माथि उल्लिखित प्रविधिहरू र यसको अन्तरसम्बन्धका बारेमा स्रोत व्यक्तिलाई आमन्त्रण गरी चर्चा गर्न लगाउनुहोस् । तिनीहरूको सदुपयोगको बारेमा स्पष्ट गरिदिनुहोस् ।
- श्रव्यदृश्य सामग्रीको प्रयोग गदै कम्प्युटर, इमेल, इन्टरनेट र अनलाइनको प्रयोग गर्दा अपनाउनु पर्ने सावधानीका बारेमा छलफल गराउनुहोस् ।
- च्याट वा भिडियोबाट सूचनाको आदान प्रदान गर्ने सिपको विकास गर्नका लागि जान्ने विद्यार्थी, शिक्षक/स्रोत व्यक्तिमार्फत् प्रयोगात्मक कक्षा सञ्चालन गरी छलफल गराउनुहोस् ।
- चित्र वा पोस्टरको माध्यमद्वारा सामाजिक समस्या र विकृतिहरूको पहिचान गर्न लगाई सूची तयार गर्न लगाउनुहोस् ।
- स्थानीय क्षेत्र वा समूदायमा दृश्य वा अदृश्य रूपमा भइरहेका बालयौन दुर्व्यवहार, दुर्व्यसन, बालश्रम, छुवाछुत, बालविवाह, लैङ्गिक विभेद आदि सामाजिक समस्या तथा विकृतिहरूको समाधानका उपायहरूको बारेमा छलफल गराउनुहोस् ।
- विद्यार्थीहरूलाई सामाजिक समस्या र त्यसको रोकथामका लागि पम्पलेट र पर्चा बनाउनभन्दा अघि त्यसको नमूना पनि देखाउनुहोस् । जस्तैः बालश्रम अत्य गर ।
- त्यसै गरी बालबालिकाहरूलाई तिमी कुनै दुर्व्यवहारमा पऱ्यौ भने के गर्छौ भनी प्रश्न सोध्ने र स्थानीय विकास वा सरकारी, गैर सरकारी संस्थाका प्रतिनिधि आमन्त्रण गरी अन्तरक्रिया गराई उपयुक्त निर्णय गर्न सक्ने क्षमताको विकास गराउनुहोस् ।

**ङ ) सिकाइ मूल्याङ्कन :**

- असल चरित्र विकासका आधारहरूको सूची तयार गर्नुहोस् ।
- नैतिक विकासमा सहयोग पुऱ्याउने समुदायमा प्रचलित स्थानीय अभ्यासहरू के के हुन् ?
- २/२ ओटा परम्परागत र आधुनिक प्रविधिहरूको चित्र कोर्नुहोस् ।
- तपाईको समाजमा विद्यमान कुनै १ ओटा सामाजिक समस्या र ती समस्या समाधानका उपायहरूबारेमा

परियोजना कार्य तयार पार्न लगाउनुहोस् ।

- विद्यार्थीले प्रस्तुत गरेको पम्प्लेट नमूना मिल्यो कि मिलेन क्रियाकलापसँग दाजी मूल्याङ्कन गर्नुहोस् ।
- सामाजिक समस्या र समाधानका कुनै ३ ओटा उपायहरू बताउनुहोस् ।

*शिक्षक मित्र माथि उलिखित मूल्याङ्कनका तौरतरिका मात्र पूर्ण नहुन सक्छन् त्यसैले यस्तै विभिन्न तौरतरिकाहरू अवलम्बन गरी विद्यार्थीहरूलाई अभ्यास गराउनुहोस् ।*

| कक्षाः ७ | |
|---|---|
| विषयक्षेत्रः स्मार्ट पोखरा र प्रविधि (ऐच्छिक खण्ड) | वार्षिक कार्यघण्टाः ३० |

**परिचयः**

कार्यालय स्वचालित सामग्रीहरू र तिनको परिचय, स्थानीय क्षेत्रमा (आफ्नो विद्यालय, वडा कार्यालय, महानगर कार्यालय आदिमा प्रयोग भएका विद्युतीय डिजिटल सामग्रीको सूची, यातायात प्रणालीअन्तर्गत सडक र हवाई यातायातमा प्रविधि प्रयोग, आपत्कालीन सूचना प्रणाली र यसमा प्रयोग हुने यन्त्रहरूको सामान्य जानकारी तथा गुगल क्लासरूम र यसको प्रयोग गरी ६ ओटा मुख्य शीर्षकहरूमा यो पाठको संरचना गरिएको छ ।

साधारणतया आधारभूत तहमा अध्ययन गर्ने उमेर समूहका सिकारूहरू बढी जिज्ञासु, रचनात्मक र अनुसरण गर्ने प्रवृतिका हुन्छन् । उनीहरूलाई समयमा नै व्यावहारिक ज्ञान दिन सके भविष्यमा एक योग्य जनशक्तिका रूपमा विकास हुने अवसर मिल्न सक्छ । एउटा उत्कृष्ट कार्यालयमा के कस्ता स्वचालित सामग्रीहरूको प्रयोग गर्न सकिन्छ र वर्तमान अवस्थामा हाम्रा वरपरका सरकारी तथा गैर सरकारी कार्यालयहरूमा के कस्ता स्वचालित यन्त्रहरूको प्रयोग भएका छन् भन्ने ज्ञानले उनीहरूमा तुलनात्मक अध्ययन गर्न सक्ने क्षमताको विकास हुनुको साथै दैनिक कामलाई कसरी प्रभावकारी बनाउन सकिन्छ भन्ने सन्दर्भमा रचनात्मक सोचको पनि विकास हुन सक्छ साथै सडक तथा हवाई यातायातमा कस्तो प्रविधिको प्रयोग गर्न सकिने रहेछ, आपत्कालीन अवस्थाको सङ्केत गर्न कस्तो सूचना प्रणालीले मद्दत गर्छ भन्ने ज्ञानले सिकारूलाई त्यस क्षेत्रमा सचेत बनाउनुको साथै आधारभूत ज्ञान हासिल हुन्छ ।

विभिन्न परिस्थितिमा भौतिक उपस्थितिमा अध्ययन गर्न असमर्थ अवस्थामा भर्चुअल माध्यमबाट सिकाइ निरन्तरताको लागि गुगल क्लासरूमको प्रयोग उपयोगी हुने हुनाले पोखरा महानगरका विद्यार्थीहरूलाई स्मार्ट विद्यार्थीका रूपमा परिचित गराउन यसको ज्ञान पनि आधारभूत तहबाट नै दिन आवश्यक भएकोले पाठमा समावेश गरिएको छ ।

**क) उद्देश्यः**

यो पाठले सिकारूमा निम्नानुसारको सिकाइ उपलब्धि हासिल हुने उद्देश्य राखेको छ :

- Office Automation मा प्रयोग हुने Devices को सूची बनाउन र तिनीहरूको परिचय दिन
- आफु रहेको स्थानीय तहका सरकारी तथा निजी संस्थानहरूमा प्रयोग भएका विद्युतीय प्रविधिको अवलोकन गरी त्यसको सूची बनाउन र प्रतिवेदन प्रस्तुत गर्न,
- Transportation Systems अन्तर्गत सडक तथा हवाइ यातायातमा प्रयोग हुने प्रविधिको बारेमा बताउन,
- GPS को परिचय दिन र यातायातमा यसको महत्त्व बताउन,
- सार्वजनिक सेवा र सुरक्षामा प्रयोग हुने विद्युतीय उपकरणहरूको परिचय दिन, तिनीहरूको महत्त्व बताउन र उदाहरणहरू दिन,
- गुगल क्लासरुमको परिचय दिन र प्रयोग गर्न ।

**ख) विषयवस्तुः**

कार्यालयहरूमा प्रयोग हुने स्वचालित सामग्रीहरू, सडक तथा हवाई यातायात, आपत्कालीन सूचना संयन्त्र, गुगल क्लासरूम

**ग) सम्भावित सिकाइ सामग्रीः**

अनलाइन सामग्रीहरू, श्रव्यदृश्य सामग्रीहरू ।

**घ) सम्भावित सिकाइ क्रियाकलापहरूः**

- कार्यालयमा प्रयोग हुने स्वचालित यन्त्रहरूको बारेमा जानकारी गराउँने जस अन्तर्गत फोटोकपी मेसिन धैरे प्रकारका हुन्छन् भन्ने तथ्य बुझाउदै यसका निम्नलिखित प्रकारहरूः Mono or Black and white copier, Colour copier, Multifunction copier, Wide-format copier, Desktop copier & Network copier को बारेमा छलफल गराउने,
- इम्प्याक्ट र ननइम्प्याक्ट प्रिन्टरका उदाहरणसहित फरक अवस्थामा यसको उपयोगीताको बारेमा प्रष्ट पार्ने,
- डेस्कटप, ल्यापटप र ट्याब्लेट कम्प्युटरको परिचय र प्रयोगको अवस्था अवगत गराउने,
- स्क्यानर र फ्याक्सको परिचय, प्रयोग र यसको आवश्यकताको बारेमा छलफल गराउने,
- GPS को परिचय र प्रयोगका बारेमा समूहगत छलफल गरी यसको प्रयोग क्षेत्रहरूको पहिचान गर्न लगाउने,
- सडक यातायातमा प्रविधि प्रयोगका सन्दर्भमा न्यूनतम निम्न जानकारीहरू गराउने ।

*सामान्य प्रविधिअन्तर्गत, डिजिटल सडक बत्ती, स्पिड क्यामेरा र Continuous Recording क्यामेराको प्रयोग स्मार्ट प्रविधिअन्तर्गत Motion detector interactive light, Glow in dark road (राति चम्कने बाटो – बाटोको दुवै किनारा र मध्यभागमा Photo Luminescent Power को प्रयोग गरी बनाइने), स्टेसनहरूमा जि.पि.एस. ट्रयाकिङ, मौसम पूर्वानुमान दृश्य, मुख्य मुख्य ठाउँहरूमा ट्राफिक चापको विवरण सहित Traffic Information board, Auto fine calculator sensors for over speed and lane cross.*

- हवाई यातायातअन्तर्गत यात्रुसँग सम्बन्धित निम्न प्रविधिहरूको मात्र जानकारी गराउने

*डिजिटल यात्रु सूचना पाटी, Check In र Check Out मा प्रयोग हुने स्क्यानिङ प्रविधि टिकट चेकिङ र बोर्डिङ पासमा प्रयोग हुने अटोमेसन सम्बन्धी जानकारी*

- आकस्मिक सूचना प्रणालीको आवश्यकता र महत्त्वका बारेमा छलफल गराउने । बाढी, पहिरो, भूकम्पले पारेको क्षतिका दृश्यहरू देखाउँदै समयमा नै यस्ता प्रकोपको बारेमा जानकारी भएमा धनजनको क्षति कम गर्न सकिने बारेमा बताउने । आकस्मिक सूचना प्रणालीअन्तर्गत निम्नकुराहरूको बारेमा जानकारी गराउने :
    * आकस्मिक सेवा (एम्बुलेन्स, दमकल, हटलाइन टेलिफोन सेवाअन्तर्गत मोबाइलमा आकस्मिक कल सेटिङ गर्ने तरिका)
    * आगलागी जनाउ प्रणाली (Fire Alarm System)
    * बाढी जनाउ प्रणाली (Flood Alarm System)
    * भूकम्प जनाउ प्रणाली (Earthquake Alarm System)
    * मौसम पूर्वानुमान प्रणाली (Weather Forecast System)

**ङ) सिकाइ मूल्याङ्कन :**

- शिक्षकले गुगल क्लास रूम बनाउने र विद्यार्थीहरूलाई जोड्ने, गुगल क्लास रूममा शैक्षिक सामग्रीहरू राख्ने र विद्यार्थीहरूलाई त्यसको प्रयोग गर्न सिकाउने, विद्यार्थीहरू बिच सामग्रीहरू आदानप्रदान गर्न सिकाउने, क्विज निर्माण गरी विद्यार्थीहरूलाई दिने, परियोजना कार्यहरू गुगल क्लास रूममा राखिदिने र गर्न लगाई त्यसको मूल्याङ्कन पनि त्यही गरिदिने,
- स्थलगत अवलोकन भ्रमण गराउने, रिपोर्ट लेखन तथा प्रोजेक्ट वर्क गराएर परियोजना कार्यका आधारमा विद्यार्थी मूल्याङ्कन गर्न सक्नुहुने छ ।

## कक्षाः ७
## विषयक्षेत्रः उद्योग व्यापार र व्यवसाय (ऐच्छिक खण्ड)    वार्षिक कार्यघण्टाः ३०

**परिचय :**

**उद्योगको वर्गीकरण ( Classification of Industry )**

नेपाल सरकार उद्योग, वाणिज्य तथा आपर्ति ऐनको दफा ३ अनुसार उद्योगलाई उद्योगको प्रकृतिको आधारमा निम्न बमोजिम उत्पादनमूलक, ऊर्जामूलक, कृषि तथा वनजन्य, खनिज, पर्यटन, सेवा र निर्माण उद्योगको रूपमा वर्गीकरण गरेको छ ।

**१ उत्पादनमूलक उद्योगः**

क) कोरा माल वा अर्ध प्रशोधित माल वा खेर गइरहेको मालसामानको वा अन्य माल सामान प्रयोग वा

प्रशोधन गरी मालसामान उत्पादन गर्ने,

ख) जम्बो रोलबाट कटिङ्ग, स्लिटिङ्ग, कन्फेक्टिङ्ग, परफोरेटिङ्ग, स्युलिङ्ग तथा क्यापिङ्ग गरी तयारी फोटोग्राफिक फिल्म रोल तयार गर्ने र प्याक गर्ने,

ग) जम्बो रोल आयात गरी कटिङ स्लिटिङ आदि प्रक्रिया पूरा गरी सिनेमाटोग्राफिक फिल्म, मेडिकल तथा औद्योगिक एक्सरे फिल्म, ग्राफिक आर्ट फिल्म, फोटोग्राफिक पेपर उत्पादन गर्ने तथा प्यान केक बनाउने उद्योग ।

**२) ऊर्जामूलक उद्योगः**

जलस्रोत, वायु, सौर्यशक्ति, कोइला, प्राकृतिक तेल, ग्याँस, वायो ग्याँस तथा अन्य स्रोतहरूबाट ऊर्जा पैदा गर्ने ।

**३) कृषि तथा वनजन्य उद्योगः**

मूलतः कृषि वा वन पैदावरमा आधारित एकीकृत किसिमका रेसम खेती तथा रेशम उत्पादन, फलफूल खेती तथा फलफूल प्रशोधन, पशुपालन, डेरी उद्योग, कुखुरा पालन, मत्स्यपालन, चिया खेती तथा प्रशोधन, कफी खेती तथा प्रशोधन, जडीबुटी खेती तथा प्रशोधन, तरकारीका बिउबिजन उत्पादन, च्याउ, तरकारी खेती वा तरकारी प्रशोधन, नयाँ प्रविधिद्वारा बिरूवा उत्पादन गर्ने उद्योग - टिस्युकल्चर ), ग्रिन हाउस, मौरीपालन, मह उत्पादन, रबर खेती, फूल खेती तथा उत्पादन, कबुलियती वन, एग्रोफरेष्ट्री आदि व्यवसायिक वन सम्बन्धी व्यवसायहरू ।

- कपास खेती, कपास र कपासको विउ उत्पादन तथा प्रशोधन गर्ने,
- व्यवसायिक रूपमा गरिने फलफूल तथा नगदे बालीको खेती,
- व्यवसायिक रूपमा गरिने बेतबाँस तथा निगालोको खेती र सोबाट वस्तुहरूको उत्पादन गर्ने कार्य,
- पर्यटन आवास, मोटेल, होटेल, रेस्टुराँ, रिसोर्ट, ट्राभल एजेन्सी, स्किइङ, ग्लाइडिङ्ग, वाटर ऱ्याफ्टिङ, केवलकार कम्प्लेक्स, पदयात्रा (ट्रेकिङ ), हट एयर व्यालुनिङ, प्यारा सेलिङ, गल्फ कोर्स, पोलो, अश्वारोहण (हर्स राइडिङ) आदि व्यवसायहरू ।
- चल्ला काढ्ने व्यवसाय ।
- वनस्पति उद्यान स्थापना, संरक्षण तथा व्यवस्थापन ।

**४ खनिज उद्योगः**

खनिज उत्खनन वा प्रशोधन गर्ने ।

**५ पर्यटन उद्योगः**

- मनोरञ्जन पार्क निर्माण तथा सञ्चालन गर्ने व्यवसाय,
- ग्रामीण पर्यटन,
- अन्य साहसिक टुरिजम व्यवसाय ।

**६ सेवा उद्योग :**

वस्तु उत्पादन भन्दा सेवा प्रदान गरेर नाफा कमाउने उद्देश्य राखिएको हुन्छ। कार्यशाला र वर्कसप छापाखाना, परामर्श सेवा, जिनिङ तथा वेलिङ व्यवसाय, चलचित्र व्यवसाय, निर्माण व्यवसाय, सार्वजानिक परिवहन व्यवसाय, फोटोग्राफी, अस्पताल, नर्सिङ होम, शिक्षण एवम् प्रशिक्षण संस्था, हवाई सेवा, शीत भण्डार आदि व्यवसायहरू। ढुवानी सेवा, टेलिफोन सेवा - सेलुलर टेलिफोन, मोबाइल टेलिफोन, पेजिङ टेलिफोन सेवा) र टेलिभिजन प्रसारण सेवा, कम्प्युटर सफ्टवेयर, विद्युत तथा उद्योग, बैंक तथा वित्तीय संस्था, उद्योग, होटेल, कार्यालय भवन, तथा आवासीय भवन आदिमा सुरक्षा सेवा, टेलिभिजनमा प्रसारण हुने टेलिड्रामा, टेलिफिल्म विज्ञापन, स्वास्थ्य शिक्षा सम्बन्धी कार्यक्रम, विभिन्न फिल्म निर्माण तथा प्रसारण गर्ने ,मोटरकार तथा टेम्पो आदि सवारी साधन, रेडियो स्टेसन खडा गरी रेडियो प्रसारण गर्ने, व्यवसायिक रूपमा गरिने पशु चिकित्सा सेवा, मानव स्वास्थ्योपचार सम्वन्धी डाइग्नोस्टिक सेवा, सभा सम्मेलन भवन सञ्चालन, ढल तथा फोहर मैला सङ्कलन, खानेपानी आपूर्ति, इन्धन तथा इन्धनजन्य ग्याँस आपूर्तिको पाइपलाइन सञ्चालन, गोदाम घर तथा भण्डारण सञ्चालन आदि ।

**७ निर्माण उद्योगः**

- सडक, पुल, रोपवे, रेल्वे, ट्रलिबस, टनेल, आकासे पुल तथा औद्योगिक, व्यापारिक एवम् आवास कम्प्लेक्स आदि निर्माण गरी सञ्चालन गर्ने,
- अफिस एवम् आवास कम्प्लेक्स आदि निर्माण गरी सञ्चालन गर्ने,
- सभा सम्मेलन केन्द्रको पूर्वाधार निर्माण, व्यवस्थापन तथा सञ्चालन,
- ढल तथा निकासको पूर्वाधार निर्माण व्यवस्थापन तथा सञ्चालन,
- खानेपानी पाइप लाइन आपूर्ति गर्ने पूर्वाधारको निर्माण, व्यवस्था तथा सञ्चालन,
- इन्धन तथा ग्याँस आपूर्तिको पाइप लाइन जडानको पर्वाधारको निर्माण, व्यवस्था तथा सञ्चालन,
- सिंचाइको पूर्वाधार निर्माण, व्यवस्था र सञ्चालन,
- ऊर्जा घर तथा ऊर्जा प्रसारण लाइनको पूर्वाधार निर्माण, व्यवस्था र सञ्चालन।

स्तरको आधारमा उद्योगको वर्गीकरण (CATAGORY OF INDUSTRY) औधोगिक व्यवसाय ऐनले उद्योगलाई घरेलु उद्योग, साना उद्योग, मझौला उद्योग र ठुला उद्योगको रूपमा स्थापना गर्न पाउने गरी निम्न अनुसार उद्योगको स्तर निर्धारण गरेको छ :

**१) घरेलु उद्योगः**

दुई लाख रूपैयाँसम्म स्थिर जेथा भएका, ५ कि . वा . विद्युत्, मोटर वा डिजल वा पेट्रोल वा क्रुडआयल इन्जिन शक्ति प्रयोग गरेर सञ्चालन गर्न सकिने कुटीर उद्योगहरूलाई घरेलु उद्योग भनि परिभाषित गरिएको छ। जस्तै : श्रममूलक, देशको परम्परा, कला र संस्कृतिसँग सम्बद्ध खास सिप वा स्थानीय कच्चा पदार्थ र साधन परिचालन गर्ने परम्परागत वस्तु उत्पादन गर्ने उद्योग, हाते तान, खुट्टे तान, सिलाइ- बुनाइ, राडी, पाखी, ऊनी गलैंचा, पस्मिना, ऊनी पोसाक, सिकर्मी कार्य, काठका कलात्मक वस्तु उत्पादन, बाँस बेत र निगालो सम्बन्धी काम, प्राकृतिक रेशाबाट वस्तु उत्पादन, हाते कागज र त्यसबाट बनेको वस्तु, सुन, चाँदी, पित्तल,

तामा, किमती पत्थरलगायतका फिलीगिरी सामान, गहना, मुर्ति, भाँडा आदि बनाउने कार्य, मह, च्युरी, अलैंची प्रशोधन, माटो, चिनियाँ माटोबाट भाँडा बनाउने कार्य, छाला काट्ने, सुकाउने ग्रामीण ट्यानिङ र छालाका वस्तु उत्पादन गर्ने कार्य, सनपाट, बाबियो, चोया, हाड सिङका कलात्मक सामान उत्पादन, ढुङ्गामा कुँदी बनाइएका सामान, चित्रकला, पौवा, धूप, पुतली, खेलौना उद्योगहरू आदि ।

२) **साना उद्योग**ः तीन करोड रूपैयाँसम्म स्थिर जेथा भएको उद्योग।

३) **मझौला उद्योग**ः तीन करोड रूपैयाँभन्दा बढी दश करोड रूपैयासम्म स्थिर जेथा भएको उद्योग।

४) **ठुला उद्योग**ः दश करोड रूपैयाँभन्दा बढीको स्थिर जेथा भएको उद्योग

(स्रोत http://dcsi.gov.np/post/view ? id =28)

**उद्योगका लागि आवश्यक पूर्वाधारहरू :**

यातायात, सञ्चार, कच्चा पदार्थ, विद्युत, मानब संसाधन आदि

**उद्योग र व्यापारको अन्तर सम्बन्ध :**

उद्योगले वस्तु तथा सेवाको उत्पादनसँग सम्बन्धित काम गर्दछ भने व्यापारले उत्पादित वस्तु तथा सेवालाई वितरण गरी उपभोक्ता सम्म पुऱ्याउने काम गरेको हुन्छ। वस्तु तथा सेवा उत्पादनको उद्देश्य नै ती वस्तु तथा सेवा उपभोक्तासम्म पुऱ्याएर बिक्री वितरण गरी नाफा आर्जन गर्नु रहेको हुन्छ भने व्यापारले त्यो कामलाई सहज बनाएको हुन्छ। व्यापारिक क्षेत्र भनेको बजार हुन्छ। बजारको मागको आधारमा वस्तु तथा सेवाको उत्पादन, वितरण र मूल्य निर्धारण समेत गरिएको हुन्छ, आदि।

बजार : सामान्य अर्थमा बजार कुनै स्थान हो जहाँ विशेष सामान वा सेवाका विक्रेताहरू ती सामान र सेवाहरूको क्रेताहरूसँग भेट्न सक्छन्। बजारमा सामान तथा सेवाहरू सहज रूपमा प्राप्त गर्न सकिन्छ र क्रेता र बिक्रेताको स्वतन्त्र रूपमा सामान तथा सेवाको मोल मोलाइ हुन्छ।

बजारीकरण : बजारीकरण भन्नाले उत्पादित वस्तु तथा सेबाका सम्बन्धमा विभिन्न माध्यमबाट सबैलाई सूचना वा जानकरी दिने र बजारसम्म अथवा क्रेतासम्म पुऱ्याउने काम हो।

उत्पादन : कच्चा पदार्थ, मानब संसाधन तथा प्रविधिको प्रयोग गरेर निश्चित प्रक्रिया पूरा गरी वस्तुको निर्माण गर्ने कार्य नै उत्पादन हो।

भण्डारण: उत्पादित वस्तु आवश्यक प्रक्रिया पूरा गरे पछि प्रयोग गर्नको लागि सुरक्षित रूपमा राख्ने काम। यसका लागि शीत घर, चिस्यान केन्द्र, गोदाम घर, आदिको प्रयोग गरिन्छ। उत्पादित वस्तुको प्रकृतिअनुसार फरक फरक प्रकृतिको भण्डारण आवश्यक हुन्छ।

**व्यवसाय (Business) :**

व्यवसाय एउटा यस्तो प्रक्रिया हो जसमा कुनै व्यक्ति वा संस्थाले नियमित रूपमा कुनै वस्तु तथा सेवाको उत्पादन वा बिक्री वितरण गरी अर्थोपार्जन गरेको हुन्छ। व्यवसायमा त्यस्ता सम्पूर्ण मानवीय क्रियाकलापहरू पर्दछन् जुन वस्तु तथा सेवाको उत्पादन एवम् वितरणका लागि गरिएको हुन्छ। सामान्यत व्यवसायिकको उद्देश्य आफ्नो सेवाद्वारा समाजको आवश्याकता पूरा गरी लाभ आर्जन गर्नु रहेको हुन्छ। हामीले हाम्रो

आसपासमा हेर्यौं भने मानिसहरू आफ्नो जीवन निर्वाह गर्न वा आय आर्जन गर्न कुनै न कुनै काममा संलग्न रहेको कसैले बिरामी जाँचेको, कसैले खेत बारीमा काम गरेको, कसैले विद्यालयमा अध्यापन गरेको, कसैले पसल थापेर सामान बेचेको पाउँदछौ तिनै व्यवसायका उदाहरण हुन् ।

फाइदा : रोजगारी, आयआर्जन, नाफा ,आवश्यकताको परिपूर्ति ,जीवन स्तरमा सुधार, सेवा गर्ने मौका, मानवीय सम्बन्ध विस्तार आदि ।

**व्यापार :** स्थानीय, राष्ट्रिय, तथा अन्तर्राष्ट्रिय व्यापार ।

**व्यापारको महत्त्व :**

**बैंक खाता :** सर्वसाधारण व्यक्ति वा संस्थाको रकम जम्मा गर्न बैंक तथा वित्तीय संस्थाले सम्बन्धित व्यक्ति वा संस्थाको नाममा विवरण खडा गरी खाता खोलिदिने र उनीहरूको नाममा रकम राख्न र झिक्न पाइने गरी दर्ता गरिदिने कार्य नै बैंक खाता हो । अर्को अर्थमा बैंक खाता व्यक्ति वा संस्थाको एक प्रकारको कारोबार विवरण हो ।

बैक खाताको प्रकारः बैंक खाता विभिन्न प्रकारका हुन्छन् । यीमध्ये चलनचल्तीमा रहेका खाताहरूमा चल्ती खाता, बचत खाता र मुद्दती खाता प्रमुख हुन् । आफुले चाहेको समयमा चाहेको जति रकम एकै दिनमा जतिसुकै पटक पनि राख्न तथा झिक्न सकिने खातालाई चल्ती खाता भनिन्छ । चल्ती खातामा बचत गरेको रकममा ब्याज पाइँदैन । कार्यालयहरूका लागि यो खाता बढी उपयोगी हुन्छ । बचत खातामा रकम जति पटक पनि जम्मा गर्न सकिन्छ तर एउटा निश्चित सीमाभित्र रहेर मात्र रकम झिक्न सकिन्छ । मुद्दती खातामा ६ महिना, १ वर्ष, २ वर्ष, ५ वर्ष वा सोभन्दा धेरै अवधिसम्मको एउटा निश्चित समय अवधि तोकेर रकम जम्मा गरिन्छ । सामान्यतया रकम जम्मा गरेको भुक्तानी अवधि समाप्त नभई मुद्दती खाताबाट रकम झिक्न पाइँदैन । मुद्दती खातामा रकम जम्मा गरेवापत् ब्याज पाइन्छ । यसै गरी पैसाको धेरै आवश्यक भएको अवस्थामा मुद्दती खातामा भएको रकमलाई नै धितो राखेर उक्त रकमको नब्बे प्रतिशतसम्म ऋण लिन पनि सकिन्छ ।

**बैंकका प्रकार :**

केन्द्रीय बैंक मुलुकको सर्वोच्च बैंक हो । जसले देश भरिको मौद्रिक तथा आर्थिक विकासमा उल्लेखनीय भूमिका निर्वाह गर्दछ । मुलुकको मुद्रा तथा मौद्रिक नीति तयार गर्ने, विदेशी विनिमय नीति बनाउने, अन्य बैंक तथा वित्तीय संस्थाको नियमन, निरीक्षण तथा सुपरिवेक्षण गर्ने एक मात्र सर्वोच्च बैंक केन्द्रीय बैंक हो । नेपाल राष्ट्र बैंक नेपालको केन्द्रीय बैंक हो । कामका आधारमा बैंकलाई ३ वर्गमा विभाजन गरिएको छः

- केन्द्रीय बैंक
- वाणिज्य बैंक
- विकास बैंक

**बैंकमा कारोबार गर्दा हुने फाइदाहरू:**

- बैंकमा बचत गरिएको रकम सुरक्षित हुन्छ,

- बैंकमा बचत गर्नाले बचत रकम अनुसारको ब्याज पाइन्छ ,
- आवश्यक परेको बेलामा बैंकबाट रकम झिकेर प्रयोग गर्न सकिन्छ,
- बैंकमा खाता भयो भने देश वा विदेशबाट पैसा पाउन वा पठाउन सकिन्छ ,
- आवश्यक परेको बेलामा बैंकबाट ऋण लिन सकिन्छ,
- बैंक खाताबाट सामाजिक सुरक्षा भत्ता, पेन्सन, तलब वा सरकारबाट प्रदान हुने रकमहरू प्राप्त गर्न सकिन्छ,
- बैंक तथा वित्तीय संस्थाको सेवा लिने मान्छेले एक ठाउँबाट अर्को ठाउँमा जाँदा धेरै ठुलो रकम बोकेर हिँड्नु पर्दैन । विभिन्न ठाउँमा भएका बैंकहरूका शाखा वा एटिएम मेसिनबाट आवश्यक रकम झिक्न सकिन्छ यसरी पैसा हराउने वा लुटिने जोखिम कम गर्न सकिन्छ ।

स्रोतः https://www.nrb.org.np/contents/uploads/2020/01/Bittiya_Saksharta_Sandarbha_Pustak_NRB.

**क ) उद्देश्य:**

- उद्योग लागि आवश्यक पर्ने पूर्वाधारहरू, महत्त्व र आवश्यकता बताउन,
- उत्पादन र भण्डारणको परिभाषा दिन, आफ्नो घरमा उत्पादित वस्तुको भण्डारण र बजारीकरणमा सहभागी हुन,
- व्यवसायका किसिमहरू र व्यवसाय सञ्चालन गर्दा हुन सक्ने फाइदाहरू बताउन ,
- व्यापारका किसिमहरू महत्त्व र आवश्यकताको बारेमा बताउन,
- बैंक तथा वित्तीय संस्थाका प्रकारहरू र महत्त्व बताउन बताउन ।

**ख) विषयवस्तु :**

उद्योगको वर्गीकरण तथा पूर्वाधारहरू, भण्डारण र बजारीकरण, उद्योग र व्यापारको अन्तरसम्बन्ध, व्यापार व्यवसायका किसिम तथा फाइदा, बैंकका प्रकार, खाता, बैंकबाट कारोबार गर्दा हुने फाइदा आदि ।

**ग) सम्भावित सिकाइ सामग्री :**

चार्ट, पोस्टर, लेख रचना, श्रब्यदृश्य सामग्री ।

**घ) सम्भावित सिकाइ क्रियाकलाप:**

- चार्ट, पोस्टर, लेख रचना आदिका आधारमा छलफल / समूह कार्य ,
- लेख रचना वाचन छलफल तथा अन्तरक्रिया ,
- विद्यालय वरपर रहेका उद्योगहरूको व्यवसायको उदाहरण छलफल गर्ने ,
- अवलोकन भ्रमण ।

**ङ) मूल्याङ्कन :**

- घरेलु उद्योगको उदाहरणसहित परिचय दिनुहोस् ।
- भण्डारण भनेको के हो ?
- व्यापार कति किसिमका हुन्छन ? सबै प्रकारका व्यापारको छोटो परिचय लेख्नुहोस् ।

- बैंक बाट कारोबार गर्दा हुने ५ ओटा फाइदाको सूची तयार गर्नुहोस्।

कक्षाः ७

विषयक्षेत्रः कृषि (ऐच्छिक खण्ड) वार्षिक कार्यघण्टाः ३०

**परिचयः**

हामीले यस कक्षामा स्थानीय फलफूल, तरकारी तथा अन्नबालीमा कस्ताकस्ता रोग लाग्न सक्छ ? स्थानीयस्तरमा पालिने पशुपछीमा लाग्ने रोगहरू के के हुन् ? हाम्रा अभिभावकहरू स्थानीय स्तरमा खुलेका कृषक समूहमा आबद्ध हुँदा के कस्ता फाइदा हुन्छ ? हामीले हाम्रो विद्यालय हाताभित्र करेसाबारी र फलफूल बगैँचा निर्माण कसरी गर्ने भन्ने सिकी आफैँ सहभागी भई निर्माण गर्न सिक्ने छौँ।

**क) उद्देश्यः**

- स्थानीय फलफूल, तरकारी तथा अन्नबालीमा लाग्ने रोगको सूची तयार गर्न,
- स्थानीय स्तरमा पालिने पशुपछीमा लाग्ने रोगको सूची तयार गर्न,
- स्थानीय स्तरका कृषक समूहमा आबद्ध हुँदा हुने फाइदा बताउन,
- विद्यालय हाताभित्र करेसाबारी र फलफूल बगैँचा निर्माण गरी सैद्धान्तिक र व्यावहारिक ज्ञान हासिल गर्न।

**ख ) विषयवस्तुः**

**१) फलफूल, तरकारी तथा अन्नबालीमा लाग्ने रोगः** हामीले घरमा लगाइएका विभिन्न किसिमका स्थानीय फलफूल तथा तरकारीमा विभिन्न किसिमका रोगहरूले सताउने गर्दछन्। जस्तै :- फेद कटुवा, रातो कमिला, खुम्रे, धमिरा, रिट्ठे किरा, फौजी किरा झुसिल्किरा, खपटे लगायतका किराले सताउन सक्छ। जसका कारण हुनुपर्ने उत्पादन हुन सक्दैन। यस्ता रोगहरू समयमै पहिचान गरेर रोकथाम गर्न सकेमा राम्रो उत्पादन भई फाइदा लिन सकिन्छ।

- **फलफूलमा लाग्ने रोगः** केराबारीमा केराको थाम ओइलाउने रोग,गानो कुहिने रोग, गवारो, कोत्रे जस्ता रोगहरू देखा पर्दछन्। अमिला फलफूलमा कालो ध्वाँसे, जरा कुहिने,फेद कुहिने लगायतका रोग लाग्न सक्छ, अम्बामा पात सुकेर झरी बोट नै मर्ने ओइलाउने रोग लाग्दछ।

- **तरकारीमा लाग्ने रोगः** आलुमा डढुवा रोग, ऐजेरु, ओइलाउने, दादे रोगहरू देखिन्छ। बन्दा, काउली, फूलगोभी, ब्रोकाउली,मुला, रायो, सलगम लगायतका फूलगोभी समूहमा डाँठ कुहिने रोग, नसा कालो भई कुहिने रोग लगायतका रोगहरू देखिन सक्छ। काँक्रो, फर्सी, घिरौला, करेला लगायतका बालीमा लाग्ने रोग थोप्ले खपटे, लाही, रातो खपटे फल कुहाउने औसाले आक्रमण गर्न सक्छ। गोलभेडा, भन्टा, खुर्सानीमा डढुवा रोग, ओइलाउने रोग लगायतका रोगहरू लाग्न सक्छ।

- **अन्नबालीमा लाग्ने रोगः** हामीले लगाइएका अन्नबालीमा विभिन्न किसिमका रोगहरूले सताउँछन् । धानमा रिट्टे, गवारो, पतेरो, खपटे, पात बेरुवा लगायतका रोगका किराहरूले सताउँछन् । मकैमा फेद कटुवा, खुम्रे किरा, फौजी किरा, गवारो, डढुवा, कालो पोके, घुँगा डाँठ कुहिने लगायतका रोग लाग्दछ । गहुँमा डढुवा, खैरो सिन्दुरे, पहेँलो सिन्दुरे, कालो पोके लगायतका रोग लाग्न सक्छ ।

- **पशुपछीमा लाग्ने रोगः** हाम्रा गाउँघरमा पालिएका पशुपछीहरूमा विभिन्न किसिमका रोगले सताउन सक्छ । गाईभैँसीमा लाग्ने रोग खोरेत, भ्यागुते, चरचरे, पेट फुल्ने, माहोला, पट्के, थुनेलो, भण्डार फर्कने लगायतका समस्याहरू देखिन सक्छन् । कुखुरामा रानीखेत, कक्सिडियोसिस (दिसामा रगत छेर्ने रोग), गम्बोरो (झोक्राउने), बर्डफ्लु लगायतका रोगहरू लाग्न सक्छ ।

२ ) **स्थानीय स्तरका कृषक समूहः** कृषि पेसामा संलग्न भई कृषि सामग्री उत्पादनका लागि बनाइका समूहहरू कृषक समूह हुन् जसमा आबद्ध भएर काम गर्दा एक आपसमा सामिप्यताको भावनाको विकास हुन्छ । समूहमा मिलेर काम गर्नाले सामूहिक भावनाको विकास हुन्छ । आबद्ध कृषकहरूको आर्थिक स्तर वृद्धि हुन्छ । समूहमा काम गर्दा सहज हुने, छिटो गर्न सकिने, कुनै सङ्घ संस्थाबाट उपलब्ध हुने सहयोग तथा अनुदान माग गर्न सजिलो हुने, समस्या भएमा पनि तुरुन्त सुनुवाई हुने जस्ता फाइदाहरू हुन्छन् ।

**ग) सम्भावित सिकाइ सामग्रीः**

चार्टहरू तथा भिडियोहरू, अनलाइन सामग्रीहरू, मेटाकार्ड, चित्र तथा तस्विर, विद्युतिय श्रव्यदृश्य सामग्री, लाग्न सक्ने रोगका नामहरूको सूची, लेखरचना आदि ।

**घ) सम्भावित सिकाइ क्रियाकलापः**

- पूर्वज्ञानका आधारमा विद्यार्थीहरूलाई समूहगत रूपमा विभाजन गरी स्थानीय स्तरमा उत्पादित फलफूल तथा तरकारीमा लाग्ने रोगहरूको सूची तयार गर्न लगाउने,
- समूहगत रूपमा तयार गरेको सूची प्रस्तुत गर्न लगाउने,
- तयार गरी प्रस्तुत गरेको सूचीमा छलफल गरी थप जानकारीका लागि स्थानीय स्तरमा पशुपछी पालन फर्ममा क्षेत्र भ्रमण गराउने,
- सम्बन्धित विज्ञसँग भेट गरी त्यसका बारेमा थप जानकारी लिने,
- सामान्य लक्षण हेरेर के रोग रहेछ भनी भन्न विद्यार्थीलाई प्रेरित गर्ने, (जस्तै :- पातमा सेतो धब्बा देखिनु, डडुवा, पातमा रातो धब्बा देखिनु, भाइरसले आक्रमण गरेको हुन सक्ने, पात खुम्चिनु, लाही )
- पूर्वज्ञानका आधारमा विद्यार्थीहरूलाई समूहगत रूपमा विभाजन गरी स्थानीय स्तरमा पालिने पशुपछीमा लाग्ने रोगहरूको सूची तयार गर्न लगाउने,

- समूहगत रूपमा तयार गरेको सूची प्रस्तुत गर्न लगाउने,
- तयार गरी प्रस्तुत गरेको सूचीमा छलफल गरी थप जानकारीका लागि स्थानीय स्तरमा क्षेत्र भ्रमण गराउने,
- सम्बन्धित कृषक विज्ञसँग भेट गरी त्यसका बारेमा थप जानकारी लिने,
- सामान्य लक्षण हेरेर के रोग रहेछ भनी भन्न विद्यार्थीलाई प्रेरित गर्ने, (जस्तै :- पशु झोक्रयाउने, मुखबाट र्याल चुहाउने,ज्वरो आउने, खुट्टाको खुर पाक्ने, घाँस दाना नखाने खोरेत रोग, पछीमा सिउडो (गजुर) सुनिनु, कतैकतै निला भागहरू देखिन्छ, पछीलाई पखला लाग्नु, खुट्टामा स -साना रगतका दाग देखिनु भएमा – वर्ड फ्लु, पशुको थुन र फाँचो सुनिनु, दुध पँहेलो हुने अन्तिममा दुध नै नआउने - थुनेलो)
- आफ्नो बुबाआमा वा आफन्त कुन कुन कृषक समूहमा आबद्ध हुनुहुन्छ ? आबद्ध हुँदा समूहबाट के के फइदा हुँदो रहेछ सो को बारेमा सोधेर लेखेर ल्याउन लगाउने,
- ल्याइएको परियोजना कार्य समूहमा छलफल गरी आफुले पनि थपिदिने, (जस्तै – समूहमा काम गर्दा सहज हुने, छिटो गर्न सकिने, एक आपसमा सामिप्यता बढ्ने,कुनै सङ्घ संस्थाबाट उपलब्ध हुने सहयोग तथा अनुदान माग गर्न सजिलो हुने, समस्या भएमा पनि तुरुन्त सुनुवाई हुने )
- फलफूल, तरकारी तथा अन्न र पशुपछीमा लाग्न सक्ने सामान्य रोगका बारेमा सम्बन्धित विज्ञसँग भेटी छलफल गराउनुहोस् ।
- विद्यालय हाताभित्र विद्यार्थीलाई छुट्टाछुटै समूह बनाई करेसाबारी र बगैँचा निर्माण गर्न लगाउने,
- आवश्यकताअनुसार गुगलमा खोजी गरी लेख्न लगाउनुहोस् ।

**ङ) सिकाइ मूल्याङ्कनः**

- मौखिक प्रश्नोत्तर गराउनुहोस् ।
- समूहमा छलफल गरी लेख्नका लागि प्रश्न दिनुहोस् ।
- लघु शैक्षिक भ्रमणको रूपमा कृषि फर्ममा वा पशुपालन गरिएको स्थानमा लगेर स्वस्थ्य र रोगी बिरूवा वा पशुको अवलोकन गराई सामान्य रोगको पहिचान गरे नगरेको अवलोकन गर्नुहोस् ।
- आफ्नो घरमा वा छिमेकमा के के खेती गरिएको वा के के पशुपछी पालिएको छ तिनीहरूमा लाग्ने रोगहरूको नाम टिपेर ल्याउनुहोस् ।
- कृषक समूहमा आबद्ध हुँदा हुने कुनै ५ ओटा फाइदाहरू लेख्नुहोस् ।
- समूह बनाई करेसाबारी र बगैँचा निर्माण गर्न लगाउनुहोस् र अवलोकन गर्नुहोस् ।

---

*नोटः शिक्षक साथी यी नमूना क्रियाकलापमात्र हुन् । तपाईंहरूले यस्तै अन्य क्रियाकलापहरू गराई मनोरञ्जनात्मक तरिकाले सिकाउन सक्नुहुने छ । विशेष गरी पाठ्यघण्टा ३० मा आधारित रहेर खोज, क्षेत्रगत भ्रमण र विद्यार्थी केन्द्रित क्रियाकलापहरू गराउनुहोला ।*

---

कक्षाः ८

विषयक्षेत्रः महानगर परिचय　　　　　　　　　　　　वार्षिक कार्यघण्टाः **२५**

## पाठ १: पञ्जीकरण तथा योजना

**परिचयः**

**नोटः** *वडामा गर्नुपर्ने पञ्जीकरण (जन्म, मृत्यु, बसाइँसराइ, विवाहलगायतको दर्ता प्रक्रिया)को प्रक्रिया, समय, शुल्क तथा वडाको पञ्जीकरण शाखाको विषयमा जानकारी गराउन सकिन्छ । योजना निर्माणको प्रक्रिया, ढाँचा, समय तालिका, प्रक्रिया, उदाहरणहरूका बारेमा बताउन सकिन्छ ।*

## पाठ २: स्थानीय चुनाव

*नोटः स्थानीय तहको चुनाव (उम्मेदवारको योग्यता, कार्यकाल, अधिकार, अन्य) बारेमा बताउने । निर्वाचनमा गलत व्यक्ति छान्दा हुन सक्ने बेफाइदाहरू देखाएर दबाब, लोभ र भ्रममा नपरी विचार गरेर असल व्यक्तिहरूलाई विभिन्न पदमा छान्न प्रेरित गर्ने ।*

## पाठ ३: शैक्षिक संस्था

*नोटः विभिन्न विश्वविद्यालयका केन्द्रीय, आङ्गिक, सम्बन्धन प्राप्त क्याम्पसहरू, अध्यापन हुने विषय, भर्ना हुन चाहिने योग्यता आदिका बारेमा बताउने ।*

## पाठ ४: सुरक्षा निकाय

*महानगर भित्रका विभिन्न सुरक्षा निकायहरू (प्रहरी, सेना, सशस्त्र प्रहरी, ट्राफिक प्रहरी, नगर प्रहरी) का बारेमा बताउने ।*

## पाठ ५: यातायात

स्थल, हवाई तथा जल यातायात (लामो दुरीका गन्तव्य, बस पार्क, नगरबस, ट्याक्सी, डुङ्गा, जहाज, क्षेत्रीय विमानस्थल आदिका बारेमा बताउने ।

**क) उद्देश्यः**

- विद्यार्थीले आफ्नो वडामा पञ्जीकरण गर्ने विषय तथा तिनलाई दर्ता गर्ने समयको बारेमा बताउन,
- विद्यार्थीले स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमाको बारेमा जानकारी पाउन,
- विद्यार्थीले स्थानीय तहको चुनाव, असल उम्मेदवारको चयन तथा उम्मेदवार हुन चाहिने योग्यताको बारेमा बताउन ,
- विद्यार्थीले महानगरमा भएका शैक्षिक संस्थाहरूको बारेमा बताउन,
- विद्यार्थीले महानगरमा भएका सुरक्षा संस्थाहरूको बारेमा बताउन ,
- विद्यार्थीले महानगरको यातायातको बारेमा बताउन ।

**ख) विषयवस्तुः**

वडा कार्यालय, वडा सेवा केन्द्र, व्यापारिक केन्द्र, सेवा प्रदायक सङ्घसंस्थाहरू, आदि ।

**ग) सम्भावित सिकाइ सामग्रीः**

- गृह मन्त्रालयको राष्ट्रिय परिचय पत्र तथा पञ्जीकरण विभागको मातहतमा वडामा हुने पञ्जीकरण सेवा (moha.gov.np), स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, परिमार्जित संस्करण ,
- निर्वाचन आयोगको वेब (election.gov.np) मा रहेको स्थानीय निर्वाचन निर्देशिका ,
- महानगरका शैक्षिक संस्थाका नामावली,
- विभिन्न पत्रपत्रिका, बुलेटिन, पोस्टर, पम्पलेट आदि,
- सुरक्षा तथा यातायातका बारेमा जानकारीमूलक सामग्री,

**घ) सम्भावित सिकाइ क्रियाकलापः**

- वडाबाट प्राप्त हुने पञ्जीकरण तथा योजना तर्जुमाको बारेमा जानकारी गराउने,
- स्थानीय निर्वाचनको विविध पक्षको बारेमा बताउने,
- प्रमुख शैक्षिक संस्थाका बारेमा बताउने,
- सुरक्षा तथा यातायात सेवा प्रदायक निकायको बारेमा बताउने,
- निर्वाचन सम्बन्धी Simulation क्रियाकलाप सञ्चालन गर्नुहोस् ।

**ङ ) सिकाइ मूल्याङ्कनः**

- प्रश्नोत्तर तथा छलफलमा सक्रियताको आधारमा मूल्याङ्कन गर्ने ।
- विद्यार्थीले वडाबाट प्रदान हुने सेवाका बारेमा राखेका अभिव्यक्तिको आधारमा मूल्याङ्कन गर्ने ।
- विद्यार्थीले आत्मविश्वास तथा स्पष्टताका साथ प्रस्तुत गरे नगरेको अवलोकन गरी सिकाइ उपलब्धिको लेखाजोखा गर्ने ।
- छलफल तथा भ्रमणमा देखाएको सक्रियता, कार्य सम्पादन, सहकार्यात्मक व्यवहारका आधारमा मूल्याङ्कन गर्ने ।

---

*नोटः शिक्षक साथी यी नमूना क्रियाकलापमात्र हुन् । तपाईंहरूले यस्तै अन्य क्रियाकलापहरू गराई मनोरञ्जनात्मक तरिकाले सिकाउन सक्नुहुने छ । विशेष गरी पाठ्यघण्टा २५ मा आधारित रहेर खोज, क्षेत्रगत भ्रमण र विद्यार्थी केन्द्रित क्रियाकलापहरू गराउनुहोला ।*

---

कक्षाः ८

विषयक्षेत्रः पर्यटन　　　　　　　वार्षिक कार्यघण्टाः २५

## परिचय :

पोखरा अन्तर्राष्ट्रिय स्तरमै परिचित नेपालको एक प्रसिद्ध पर्यटकीय सहर हो। मध्य पहाडी क्षेत्रमा अवस्थित पोखरामा न त धेरै जाडो न त धेरै गर्मी र किसिमको हावापानी पाइन्छ। पोखरामा विश्वका विभिन्न देशहरूबाट पर्यटकहरू आउने गर्दछन्। पर्यटकहरूलाई राम्रो सेवा प्रदान गर्ने उद्देश्यले पोखरामा अन्तर्राष्ट्रिय स्तरका तारे होटलहरू सञ्चालित छन्। पोखरामा पर्यटकहरूको लागि आवश्यक पर्ने यातायात, सुरक्षा,आवास तथा स्थानीय परिकार (Lodging, Fooding ) Banking प्रणाली, सञ्चार, आफ्नो माग अनुसार खानाको परिकार पर्याप्त मात्रामा उपलब्ध छ। तालहरू, गुफा, सेती नदी, सराङकोट, काहुँ, चाइनिज गुम्बा जस्ता स्थलहरूले पोखरा सिँगारिएको छ। पैदलमार्ग, धार्मिक तथा सांस्कृतिक स्थल, रमणीय हावापानी, साहसिक पर्यटकीय खेल र साँस्कृतिक विविधताले गर्दा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रूपमा आएका पर्यटकहरूको मन पोखराले लोभ्याएको छ। पोखरामा पर्यटन सेवालाई थप मर्यादित र व्यवस्थित बनाउन महानगरले पर्यटन विकासको पूर्वाधारको लागि आफ्ना कार्यक्रमहरू सञ्चालन गरिरहेको छ।

महानगरद्वारा सञ्चालन गरिएका प्रमुख कार्यक्रमहरूमा सरसफाइ, सडकबत्ती, सुरक्षाको व्यवस्थापन, मनोरञ्जनस्थल, पार्क, हाइकिङ, ट्रेकिङ मार्ग आदि। घरबास (Home Stay) सेवा बाट देशभित्र तथा बाह्य मुलुकबाट आउने पर्यटकहरूले, सस्तो, सर्वसुलभ र पारिवारिक वातावरणमा Lodging Fooding को सुविधा प्राप्त गरेका छन्। घरबास सेवा उपलब्ध गराएका विभिन्न व्यक्ति तथा समूहहरूले पर्यटकहरूलाई सुविधा उपलब्ध गराउनुका साथसाथै आफूले पनि आयआर्जन गरेका छन्।

**क) उद्देश्य :**

- पोखरा अन्तर्राष्ट्रिय रूपमा एक पर्यटकीय सहरको रूपमा चिनिने आधारहरू बताउन ,
- पर्यटन व्यवसायको लागि आवश्यक प्रमुख पूर्वाधारहरू बताउन ,
- पर्यटन प्रवर्द्धनमा पालिकाले खेल्नुपर्ने भूमिका बताउन,
- घरबासको महत्त्व तथा यसले आर्थिक र सामाजिक जीवनमा पार्ने प्रभावको बारेमा बताउन।

**ख) विषयवस्तु :**

पोखरा एक पर्यटकीय गन्तव्य, ग्रामीण पर्यटन र पर्यटन व्यवसाय, पर्यटन व्यवसाय विकासका लागि महानगरले खेल्नुपर्ने भूमिका, घरबासले आर्थिक तथा सामाजिक जीवनमा पारेको प्रभाव।

---

*जस्तै : उदाहरणको लागि पाठ्यक्रमले तोकेको सिकाइ उपलब्धि प्राप्त हुने गरी निम्नअनुसारको विषयवस्तु छनोट गरी पठनपाठन कार्यलाई अगाडि बढाउनुहोस्। घरबास सञ्चालक, पर्यटन व्यवसायीलाई कक्षाकोठामा आमन्त्रण गर्नुहोस्। घरबास सेवाबाट उनीहरूको आर्थिक तथा सामाजिक जीवनमा पारेको प्रभाव सम्बन्धमा विद्यार्थीसँग अन्तरसंवाद कार्यक्रम सञ्चालन गर्नुहोस्।*

---

**ग) सम्भावित सिकाइ सामग्री :**

चार्ट, तस्बिर लेख तथा अन्य सन्दर्भ सामग्री, पर्यटन सम्भावना, समस्या र समाधानका उपाय उल्लिखित चार्ट, ब्रोसर, सूचना, पोस्टर, टेबल एजेन्सीहरूको वेबसाइट आदि ।

**घ) सम्भावित सिकाइ क्रियाकलाप :**

- पोखरालाई अन्तर्राष्ट्रिय रूपमा एक पर्यटकीय सहरको रूपमा चिनिने आधारहरू सम्बन्धमा छलफल तथा अन्तरक्रिया सञ्चालन गर्नुहोस् ।
- महानगरपालिकाद्वारा पोखरामा पर्यटन प्रवर्द्धनमा खेलेको भूमिका सम्बन्धमा सम्भव भएसम्म मेयर तथा उप मेयरसँग विद्यार्थीहरूलाई भेट गराई प्रश्न उत्तर र अन्तरवार्ता सूचीको माध्यमबाट सूचना सङ्कलन गर्न लगाई विद्यार्थीहरूलाई प्रतिवेदन तयार गर्न लगाउनुहोस् ।
- पोखरामा पर्यटन सम्भावना, पर्यटनमा देखा परेका समस्या र समाधानका उपाय सम्बन्धमा श्रव्य, दृश्य चित्र तथा डकुमेन्ट्री प्रदर्शन गरी विद्यार्थीहरूलाई बुँदा टिपोट गर्न लगाउनुहोस् ।
- घरबास सेवा सञ्चालक व्यक्तित्वहरूलाई कक्षाकोठामा आमन्त्रण गरी उनीहरूको आर्थिक तथा सामाजिक जीवनमा पारेको प्रभाव सम्बन्धमा अन्तरसंवाद सञ्चालन गर्नुहोस् ।
- पर्यटन व्यावसयको लागि आवश्यक पूर्वाधार उल्लिखित चार्ट तथा सन्दर्भ सामग्रीहरू विद्यार्थीहरूलाई अध्ययन गर्न लगाई कक्षाकोठामा प्रस्तुत गर्न लगाउनुहोस् ।

**ङ) सिकाइ मूल्याङ्कन :**

विद्यार्थीहरूको सिकाइ मूल्याङ्कन गर्न निम्नअनुसारका प्रश्नहरू नमूनाको रूपमा मात्र हुन् । तपाईंहरू आफ्नो अनुकूल र परिवेशअनुसार विद्यार्थीको विविध क्षमताको पहिचान हुने गरी प्रश्नहरू निर्माण गर्न सक्नुहुने छ ।

- पोखरालाई अन्तर्राष्ट्रिय पर्यटकीय सहरको रूपमा चिनाउने आधारहरू उल्लेख गर्नुहोस् ।
- पोखरामा महानगरपालिकाद्वारा पर्यटन विकासका लागि गरेको भूमिका सम्बन्धमा मेयर तथा उप मेयर सँग गरेको अन्तरवार्ता र प्रश्नावलीको माध्यमद्वारा तयार गरेको प्रतिवेदनका आधारमा विद्यार्थीहरूको मूल्याङ्कन गर्नुहोस् ।
- पोखरामा पर्यटकबाट आउन सक्ने समस्या र समाधानका उपाय सम्बन्धमा सन्दर्भ सामग्रीको अध्ययन र विश्लेषणको आधारमा विद्यार्थीहरूले तयार पारेको बुँदा टिपोट र प्रस्तुतीकरणका आधारमा उनीहरूको मूल्याङ्कन गर्नुहोस् ।
- घरबास सेवाले सेवा सञ्चालकलाई पारेको सकारात्मक प्रभाव सम्बन्धमा क्षेत्रभ्रमणबाट प्राप्त अनुभव र विद्यार्थीले गरेको प्रस्तुतीकरणका आधारमा मूल्याङ्कन गर्नुहोस् ।

---

*नोटः शिक्षक साथी यी नमूना क्रियाकलापमात्र हुन् । तपाईंहरूले यस्तै अन्य क्रियाकलापहरू गराई मनोरञ्जनात्मक तरिकाले सिकाउन सक्नुहुने छ । विशेष गरी पाठ्यघण्टा २५ मा आधारित रहेर खोज, क्षेत्रगत भ्रमण र विद्यार्थी केन्द्रित क्रियाकलापहरू गराउनुहोला ।*

---

कक्षाः ८

जीवन उपयोगी सिप वार्षिक कार्यघण्टाः १८

**परिचयः**

जीवन निर्वाहका क्रममा नभै नहुने सिपलाई जीवन उपयोगी सिप भनिन्छ । सिपअन्तर्गत स्थानीय स्तरमा परम्परादेखि हालसम्म विभिन्न स्थान र क्षेत्रमा प्रचलित सिपहरूलाई संरक्षण गरी पुस्तान्तरण गर्दै जानुपर्दछ । जसको कारण बालक सहज रूपमा जीवन जिउन सफल हुन्छ । यस एकाइअन्तर्गत स्थानीय मूल्य मान्यतामा आधारित सामाजिक अभ्यासहरू गर्न र असल अभ्यासहरूलाई निरन्तरता दिन जोड दिइएको छ । त्यसैगरी स्थानीय स्तरमा रहेका परम्परागत र आधुनिक प्रविधिहरूको महत्त्व बताइ तिनीहरूको खोजी गरी प्रयोग गर्न सक्षम तुल्याइने छ । बालबालिकाहरूको सामाजिक समस्या तथा विकृतिहरूको पहिचान गरी उपयुक्त निर्णय लिन र दिन सक्ने सिप क्षमताको समेत विकास गर्ने मूल मर्म रहेको छ ।

**द्वन्द्व व्यवस्थापन (Conflict Management)**

द्वन्द्वको शाब्दिक अर्थ झगडा, मनमुटाव, मनोमालिन्य हो । कुनै विषय वा प्रसङ्गमा रहने फरक मतलाई कार्यस्थलमा विभिन्न रूपमा प्रस्तुत तरिका नै द्वन्द्व हो । द्वन्द्व विशेषतः स्रोत र साधनको अपर्याप्तता वा तिनको अविवेकी वितरण, अधिकारको अस्पष्टता सरोकारवाला व्यक्ति वा समूहको व्यक्तिगत वा सामूहिक दबाबको स्थितिमा सिर्जना हुन्छ । अभाव, कुण्ठा, इर्ष्या जस्ता नकारात्मक अवस्थामा मूलरूपमा द्वन्द्वको सिर्जना हुने भए तापनि द्वन्द्व परिवर्तित संस्कार, मान्यता र विचारको उपज पनि हो ।

- सङ्गठनात्मक विकासको दृष्टिकोणले द्वन्द्व सिर्जनात्मक शक्ति हो ।
- द्वन्द्व मूल्य र लक्ष्य बिचको वस्तुपरक असङ्गतताको स्थिति हो ।
- अरूको लक्ष्य प्राप्तिमा जानाजान हस्तक्षेप गर्ने आचरण हो ।
- द्वन्द्व सङ्गठनको हकमा मात्र नभई समाजको लागि अवसम्भावी रोग हो ।
- यस्तो रोग सकारात्मक परिस्थितिको निर्माणतर्फ केन्द्रित हुनु पर्दछ ।
- परिवर्तित मूल्य, मान्यता, विचार, संस्कार र पद्धतिको परिदृश्यमा व्यक्तिगत, सामूहिक तथा साङ्गठनिक अधिपत्य, वर्चश्व वा प्रभाव राख्ने क्रममा देखिने प्रतिद्वन्दिता नै द्वन्द्व हो ।

**धारणागत रूपबाट हेर्दा**

- मानवशास्त्रीहरूको दृष्टिमा द्वन्द्व समाज संस्कृतिका बिचको विभेद हो ।
- अर्थशास्त्रीका मतानुसार द्वन्द्व दुर्लभ स्रोतहरूको बाँडफाँडमा हुने प्रतिस्पर्धाको उपज हो ।
- मनोवेत्ताहरूको धारणामा द्वन्द्व सामूहिक र व्यक्तिगत हितको परिधिमा रहेको विभेद हो ।
- राजनीतिज्ञको धारणामा राजनीतिक सोचमा भिन्नता नै द्वन्द्व हो ।

यसरी द्वन्द्व मूल रूपमा मानवीय मूल्य र मान्यतासँग सम्बन्धित व्यवस्थापकीय समस्या हो र यसलाई

समाज, सङ्गठन र व्यक्तिको उन्नतिका निमित्त व्यवस्थापन गरिनु पर्दछ । Fruz Standford का अुसार द्वन्द्व,व्यक्तिहरू वा समूहको बिचमा हुने सांस्कृतिक, सामाजिक, राजनीतिक र आर्थिक स्वार्थ, दृष्टिकोण वा बुझाइको भिन्नताको कारणले सिर्जित अवस्था हो । समाज, सङ्गठन र व्यक्तिमा देखिने द्वन्द्वहरूलाई दुई प्रकारबाट विश्लेषण गर्न सकिन्छ ।

**द्वन्द्वका स्रोतहरू:** मूलतः द्वन्द्व वैयक्तिक सोच तथा आवश्यकता तथा तिनको उपयोग एवं प्राप्तिको बिचमा रहेको असमानताको सिर्जना गरेको अवस्था हो । तसर्थ व्यक्ति, समूह वा सङ्गठनको आवश्यकताहरू सही रूपमा परिपूर्ति नहुँदा द्वन्द्व सिर्जना हुन्छ । व्यक्ति, समूह वा सङ्गठनको आवश्यकता तथा सोचको परिपूर्तिका निमित्त विभिन्न पक्षहरू जिम्मेवार हुन्छन् । तिनै पक्षहरू नै वास्तवमा द्वन्द्धका कारक तत्त्वहरू मानिन्छन् ।

**क. व्यक्तिगत सोच र धारणाको स्तरः**

- व्यक्तिगत भेदभावको स्थिति र अवस्था,
- न्यून सहनशीलता,
- व्यक्तिगत पृष्ठभूमि (आर्थिक, सामाजिक तथा पारिवारिक),

**ख. अप्रभावकारी तथा अपर्याप्त सञ्चार प्रणालीः**

- Feedback (पृष्ठपोषण) को कमी
- असमझदारी,
- आलोचना/प्रशंसा
- झुटा विवरण, सूचना
- सूचना प्रवाहको तरिका र शैली,
- विपरीत अर्थ दिने शब्दको प्रयोग, आदि ।

**ग. संस्थागत संरचनाको अनिश्चितता र स्रोत एवम् साधनको अप्रभावकारी वितरण प्रणाली**

- विशेषज्ञता र यसको उपयोग,
- स्रोत र साधनको उपलब्धता र यसको न्यायिक वितरण प्रणाली,
- जिम्मेवारीको मात्रा र किसिम,
- पुरस्कार र दण्ड प्रणाली आदि ।

**घ. कार्य प्रक्रियामा रहेको अस्पष्टता र कमीः**

- कसरी र के काम गर्ने भन्ने द्विविधा,
- उद्देश्य र लक्ष्यमा अस्पष्टता,
- समस्या समाधान प्रतिको दृष्टिकोण,
- कुनै विषय उपरको भिन्न सम्भाव्यता,
- सूचनाको स्रोतको भिन्नता आदि ।

**ङ. शक्तिको प्रयोग र विवरणमा रहेको पृथकता**

- शक्तिको असमान पहुँच,

- शक्तिको प्रयोगमा रहेको पृथकता,
- वर्गीय र क्षेत्रीय भेदभाव,
- पहिचानको अभाव ।

**द्वन्द्वका प्रकारहरू:**

सङ्गठनमा द्वन्द्व विभिन्न रूप र अवस्थामा प्रकट हुने यर्थाथतालाई मध्येनजर राख्दा द्वन्द्वलाई निम्न रूपमा वर्गीकरण गर्न सकिन्छ ।

**व्यक्तिगत स्तरको द्वन्द्वः**

व्यक्ति, व्यक्तिमा प्रतिस्पर्धात्मकताका कारण सिर्जना हुने द्वन्द्वलाई व्यक्तिगत स्तरको द्वन्द्व भनिन्छ । व्यक्तिगत अभिष्ट पुरा गर्ने सन्दभमा देखिने वाधा पार गर्ने क्रममा यस प्रकारको द्वन्द्व सिर्जना हुन्छ । साथै व्यक्तिगत उत्प्रेरणाका औजारहरूको सहज प्राप्तिलाई सुगम बनाउन यस प्रकारको व्यक्तिगत स्तरको द्वन्द्व सिर्जना हुन पुग्दछ ।

**व्यक्तिगत द्वन्द्वका लक्षणहरू:**

- कार्यप्रतिको बेवास्ता,
- प्रतिस्पर्धीको व्यक्तिगत आचरण र कार्यशैलीको सूक्ष्म विश्लेषण,
- आत्मकेन्द्रीत व्यवहार,
- प्रतिस्पर्धी पराजित गर्ने रणनीतिहरूको अवलम्बन आदि ।

**व्यक्तिगत द्वन्द्वका कारणहरू:**

- व्यक्तिगत आकाङ्क्षा, सोच, प्रवृत्ति, व्यवहार एवम् दक्षतामा देखिने विविधता, स्रोत र साधनहरूको न्यून उपलब्धता,
- वृत्ति विकास र उत्प्रेरणाको न्यून अवसर,
- अस्पष्ट कार्य सम्बन्ध,
- सञ्चार सम्पर्कमा देखिने अवरोध,
- उद्देश्यमा विविधता,
- व्यक्तिगत महत्त्वकाङ्क्षाको तीव्रता आदि ।

**क) उद्देश्यः**

- स्थानीय मूल्य, मान्यतामा आधारित सामाजिक अभ्यास प्रर्दशन गर्न ,
- द्वन्द्व भनेको के हो र यसको व्यवस्थापन कसरी गर्न सकिन्छ सो बारेमा बताउन,
- स्थानीय टोल छिमेकमा सिर्जित मनमुटाब वा सामान्य झैझगडा मेलमिलापका उपाय बताइ निराकरण गर्न,
- नैतिक विकासमा सहयोग पुऱ्याउने स्थानीय समुदायमा भए असल अभ्यासहरूलाई निरन्तरता दिन ,
- स्थानीय ज्ञान सिप र प्रविधिहरूको महत्त्व बताउन र त्यसको खोजी गरी प्रयोग गर्न,
- सामाजिक समस्या तथा विकृतिहरूको पहिचान गरी उपयुक्त निर्णय लिन र दिन ।

**ख) विषयवस्तुः**

चरित्र निर्माण बोलिने विषय नभएर व्यवहारमा प्रदर्शन गरिने विषय हो । आत्मविश्वास सद्भाव र समर्पणबाट चरित्रको निर्माण र विकास हुन्छ । द्वन्द्वले समाजलाई विकृत बनाउँछ । असल सोचाइ र व्यवहारले मानिसको चरित्र अनुकरणीय पनि बन्न पुग्छ । यसका लागि स-साना पात्र र प्रसङ्ग पनि प्रेरक हुन सक्दछन् । (कुनै असल पात्रको उदारणीय जीवनी बताउनुहोस्) स्थानीय सामाजिक संस्था, प्रविधि रहेको स्थान आदि । अन्य विषयवस्तुलाई पनि यस्ता प्रकारका कथा कहानी संवाद तयार गरी छलफल गराउनुहोस् ।

**ग) सिकाइ सामग्रीहरूः**

चार्ट, पोस्टर, चित्र, श्रव्यदृश्य सामग्रीहरू डकुमेन्ट्री न्यूजप्रिन्ट

**घ) सम्भावित क्रियाकलापहरूः**

- कक्षाको सुरूमा सिकारूहरूलाई द्वन्द्व वा तनावको बारेमा केही प्रश्नहरू गर्नुहोस् जस्तैः द्वन्द्व वा तनाव भनेको के हो ? द्वन्द्व वा तनाव किन हुन्छ ? तनाव वा द्वन्द्वका बेला हामी के गर्दछौं ? वा सोच्दछौं ? तनाव वा द्वन्द्व नबढोस् भनेर हामीले के के प्रयास गरेका छौं ? वा गर्न जरूरी छ ?
- सहभागीबाट आएका उत्तर वा विचारहरूलाई बुँदागत रूपमा सेतोपाटी वा कालो पाटीमा टिपोट गर्दै जानुहोस् ।
- सहभागीसँग छोटो मस्तिष्क मन्थन गरिसकेपछि कुनै पनि द्वन्द्व वा तनाव व्यवस्थापन गर्का लागि थप पृष्ठपोषण आवश्यक भएमा शिक्षकले सहजीकरण गर्नुहोस् ।
- माथिको विषयवस्तुमा दिएको नमूना जस्तै अन्य पात्र वा विषयहरूसँग सम्बन्धित कथा जीवनीको माध्यमद्वारा स्थानीय मूल्य मान्यतामा आधारित भई असल चरित्रले मानव जीवनमा पार्ने प्रभावहरू मनन गरी सोही बमोजिमको व्यवहार प्रदर्शन गर्न लगाउनुहोस् ।
- त्यसै गरी चार्टको माध्यमद्वारा नियमहरूको पालना, सामाजिक कार्यमा सहभागी, विपद् व्यवस्थापन, द्वन्द्व व्यवस्थापन, क्षमताको पहिचान, निष्ठापूर्ण कार्य, विनयी, क्षमाशील, विश्वसनीय व्यक्ति बन्न, सबै नियन्त्रण, समालोचनात्मक सोच र विचारको सञ्चार गर्ने जस्ता स्थानीय अभ्यासहरू आर्जन गरी नैतिक विकासमा सहयोग पुऱ्याउने कार्यका बारेमा छलफल गराउनुहोस् ।
- कक्षा शिक्षणका क्रममा चित्र वा पोस्टरको माध्यमद्वारा बालबालिकाहरूका लागि प्रेरणाको स्रोत असल व्यवहारमा स्वीकृति प्रदान गर्न, नैतिक अनुभवहरूको साझेदारी जस्ता अभ्यासहरूलाई छलफलद्वारा व्याख्या गर्नुहोस् ।
- श्रव्यदृश्य सामग्रीको प्रयोग गर्दै स्थानीय ज्ञान सिप र प्रविधिको महत्त्वको बारेमा छलफल गराउनुहोस् ।
- आधुनिक ज्ञान र सिप अन्तर्गत एटिएम, फोटोकपी, फ्याक्स, स्क्यानिङ, मल्टिमिडिया, भिडियो मेल जस्ता प्रविधिको बारेमा छलफल गराउनुहोस् ।
- माथि उल्लिखित ज्ञान प्रविधिहरूको प्रयोग कसरी गर्ने भन्ने बारे स्पष्ट गरिदिनुहोस् ।
- माथि उल्लिखित प्रविधिहरूको प्रयोग कार्यका लागि सम्बन्धित विषयका विज्ञलाई आमन्त्रण गरी

वा सम्बन्धित स्थानमा लगि प्रयोगातमक विधि द्वारा स्पष्ट गरिदिनुहोस् ।

- न्युज प्रिन्टको प्रयोग गर्दै सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्दा अपनाउनु पर्ने आचारसंहिताको परिपालना सम्बन्धमा छलफल गराउनुहोस् ।
- भिडियो एवम् चित्रको माध्यमद्वारा आफ्नो समुदाय वा क्षेत्रमा घट्ने बालयौन दुर्व्यवहार, यौन दुराचार, बालश्रम, छुवाछुत, बालविवाह, लैङ्गिक विभेद जस्ता सामाजिक समस्याहरूबाट सुरक्षित रहन अवलम्वन गरिने सुरक्षाका उपायहरू अवलम्बन गर्ने तरिकाहरूको बारेमा छलफल गराउनुहोस् ।
- माथि उल्लिखित सामाजिक समाचारहरूबाट बच्न तपाईंले के कस्ता सावधानी अपनाउनु हुन्छ भन्ने प्रश्नलाई मध्यनजर गर्दै परियोजना कार्य तयार गर्न लगाउनुहोस् ।
- विद्यार्थीहरूले तयार गरेका परियोजना कार्यलाई पालैपालो कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् र थप कुराहरू बोर्डमा लेखिदिनुहोस् ।
- यस्ता समस्याहरूको न्यूनीकरण गर्न ऱ्याली, सभा, अन्तरक्रिया र विद्यार्थीहरूलाई सामाजिक नियमहरूको पालना गर्नुपर्ने कुरामा जोड दिनुहोस् ।
- स्थानीय परिवशेमा होम स्टे (घरवास) ले पर्यटकलाई गर्ने मान सम्मान, गीत र मौलिक नृत्य प्रस्तुत, भजन जस्ता कार्यक्रमको बारेमा छलफल गर्नुहोस् र होम स्टेमा अतिथि सत्कार कसरी गरिन्छ भन्ने कुरा छलफल गर्नुहोस् ।
- प्रभावकारी सूचना र निर्णयमार्फत स्थानीय स्तरमा आइपर्ने झैझगडा तथा द्वन्द्व व्यवस्थापन कसरी गर्न सकिन्छ भन्ने कुरा छलफल गराउनुहोस् यस्ता कार्यमा तपाईंको भूमिका कस्तो रहन्छ भन्ने बारे स्पष्ट गरिदिनुहोस् ।

**ङ ) सिकाइ मूल्याङ्कन :**

- स्थानीय मूल्य मान्यतामा आधारित सामाजिक अभ्यासहरूको सूची तयार गर्नुहोस् ।
- स्थानीय समुदायमा भएका असल अभ्यास प्रयोग गरे नगरेको अवलोकन गरी मूल्याङ्कन गर्नुहोस् ।
- द्वन्द्वले समाजको आर्थिक र सामाजिक क्षेत्रमा के कस्तो प्रभाव पार्दछ ? उल्लेख गर्नुहोस् ।
- स्थानीय ज्ञान र प्रविधिको महत्त्व र प्रयोग लेख्नुहोस् ।

| महत्त्व | प्रयोग |
|---|---|

कुनै स्थानीय परिवेशमा घट्ने सामजिक समस्या र त्यसबाट बच्ने सुरक्षित उपाय र सावधानीका तौतरिकाका बारेमा परियोजना कार्य मार्फत गर्न लगाउनुहोस् । सम्भव भएसम्म Rubric बनाएर मूल्याङ्कन गर्नुहोस् ।

*नोटः शिक्षक साथी यी नमूना क्रियाकलापमात्र हुन् । तपाईंहरूले यस्तै अन्य क्रियाकलापहरू गराई मनोरञ्जनात्मक तरिकाले सिकाउन सक्नुहुने छ । विशेष गरी पाठ्यघण्टा १८ मा आधारित रहेर खोज, क्षेत्रगत भ्रमण र विद्यार्थी केन्द्रित क्रियाकलापहरू गराउनुहोला ।*

| कक्षाः ८ | |
|---|---|
| विषयक्षेत्रः स्मार्ट पोखरा र प्रविधि | वार्षिक कार्यघण्टाः ३० |

## परिचयः

बैंकिङ क्षेत्रमा प्रयोग हुने स्वचालित उपकरणहरू जस्तैः ATM Machine, MICR check scanner (अघिल्लो कक्षामा परिचय मात्र राखिएको), Cash Counting Machine (Banknote Counter or Bill Counter), e-Banking, यसको जोखिम र सावधानी, Mobile Banking, Internet, Banking, Digital Wallet को प्रयोग, फाइदा, जोखिम र सावधानी, अनलाइन किनमेलको अवधारणा, फाइदा, बेफाइदा तथा सम्भावित बदमासीहरू (Possible Frauds), नगदरहित भुक्तानी (Cashless Payment), Digital wallets (names only), Debit & Credit cards, tap to pay enabled cards, QR (Quick Response) Code, NFC (Near Field Communication) tag, सुरक्षा क्यामेरा (CCTV र IP Camera) र यसको तथ्याङ्क भण्डारण गर्ने DVR (Digital Video Recorder) र NVR (Network Video Recorder) को परिचय र ब्लग निर्माण अन्तर्गत एजुब्लगको परिचय विषयवस्तु रहेको पाठको संरचना गरिएको छ।

बदलिँदो समयअनुसार मानिसको जीवन शैली पनि परिवर्तन भएको छ। विगतमा दैनिक प्रयोगमा आउने नुन किन्नको लागि हप्तौँको यात्रा गर्नुपर्ने बाध्यात्मक परिस्थिति परिवर्तन भएर आज कोठा भित्रै बसेर गरिएको सानो प्रविधि प्रयोगले विलासिताका वस्तु समेत ढोकामा नै आइपुग्ने परिवेश बनेको छ। प्रविधिको प्रयोग गर्न जाने दैनिक जीवन यापन अत्यन्त सहज र सरल हुने र नजानेको अवस्थामा जोखिम हुने अर्थात ठुलो हानी नोक्सानी बेहोर्नु पर्ने हुन सक्छ। त्यसैले आजको पुस्तालाई समयमा नै जिम्मेवार र स्मार्ट बनाउनको लागि परिवर्तित र परिमार्जित बैंकिङ प्रणाली, किनमेल प्रणाली तथा सुरक्षा प्रणालीसँग साक्षात्कार गराउन यस पाठको उल्लिखित संरचना गरिएको हो।

आफूले सिकेका, रचना गरेका र तयार गरेका सामग्रीहरूलाई विश्वव्यापी रूपमा प्रकाशित गर्ने क्षमता विकास पनि आजका विद्यार्थीहरूको आवश्यकता भएको तथ्यलाई स्वीकर गरी ब्लग निर्माण अन्तर्गत एजुब्लगलाई पाठमा समावेश गरिएको छ।

क) उद्देश्यः यो पाठले सिकाइमा निम्नानुसारको सिकाइ उपलब्धि हासिल हुने उद्देश्य राखेको छ।

- १ Banking क्षेत्रमा प्रयोग हुने प्रविधिको परिचय दिन, यसको महत्त्व बताउन,
- e-Banking अन्तर्गत Mobile banking, internet banking को परिचय दिन, यसको जोखिम र सावधानीका बारेमा बताउन
- Digital wallet, Online shopping तथा Cashless भुक्तानीको परिचय, यिनीहरूसँग सम्बन्धित वर्तमान प्रविधिहरू, यिनीहरूको प्रयोगले हुने जोखिम, फाइदा र बेफाइदाका बारेमा भन्न ,
- Security Camera को आवश्यकता र प्रयोग क्षेत्रको पहिचान गर्न तथा महत्त्व बताउन ,
- एजुब्लगको परिचय दिन, एजुब्लगमा आफ्नो ब्लग बनाउन र प्रयोग गर्न।

**ख) विषयवस्तुः**

बैंकिङ क्षेत्रका हार्डवयर र सफ्टवेयर प्रविधि, अनलाइन किनमेल र यसको प्रक्रिया, सामाजिक सुरक्षा प्रणालीअन्तर्गत सी.सी.टी.भी. क्यामेराको प्रयोग र ब्लग निर्माण

**ग) सम्भावित सिकाइ सामग्रीः**

अनलाइन सामग्रीहरू, श्रव्यदृश्य सामग्रीहरू, मोबाइल, इन्टरनेट, ल्यापटप वा डेस्कटप कम्प्युटर

**घ) सम्भावित सिकाइ क्रियाकलापहरूः**

- बैंकिङ क्षेत्रमा प्रयोग हुने ATM Machine, Note Counting Machine, Check Processing Machine (MICR) को परिचय, यिनीहरूको कार्यको बारेमा सिकाउने, यसका साथै बैंकहरूमा प्रयोग हुने अन्य हार्डवयर साधनहरू कम्प्युटर, स्क्यानर, प्रिन्टर, फोटोकपी मेसिन, फ्याक्स, सुस्म निगरानीका उपकरणहरू (Surveillance Equipment) जस्तै सी.सी.टी.भी. क्यामेरा, मेटल डिटेक्टर आदिको सूची बनाउन लगाउने ।
- बैकिंङ सेक्टरमा प्रयोग हुने सफ्टवेयरअन्तर्गत ग्राहक सेवाका लागि प्रयोग हुने सेवाहरूसँग सम्बन्धित सफ्टवेयरहरूको मात्र अध्यापन गराउने । जस्तैः क्लाउड बैंकिङ अन्तर्गत इन्टरनेट बैंकिङ, मोबाइल बैंकिङको विस्तृत जानकारी गराउने । स्मार्ट बैंकिङका एपहरू देखाएर प्रयोग विधिहरूको बारेमा सहजीकरण गर्ने । यसमा हुन सक्ने जोखिम तथा फ्रडमा अपनाउनु पर्ने सावधानीका बारेमा छलफल गराउने, अन्तर विषय सम्बन्धलाई जोड्दै विज्ञान प्रविधि विषयमा समावेश साइबर अपराध विषयको पुनरावृत्ति ई.बैंकिङमा सचेत हुनका लागि गराउने। राष्ट्रबैंकले फ्रड व्यवस्थापनका लागि बैंकहरूलाई गरेको निर्देशनहरूका बारेमा पनि जानकारी गराउने ।
- डेबिड र क्रेडिट कार्डको परिचय दिने । यिनीहरू बिचको समानता र भिन्नताको बारेमा विद्यार्थीहरूलाई बुझाउने, यसको प्रयोग र प्रयोगमा बैंकहरूले प्रदान गर्ने फरक फरक सुविधाको बारेमा उदाहरणसहित जानकारी गराउने । यी बाहेक Tap to pay प्रयोजनको लागि प्रयोग हुने टपअप कार्डहरूको परिचय दिने ।
- अनलाइन किनमेलको अवधारणा र परिचय गराउने, यसबाट हुने फाइदाका तथा हुन सक्ने ठगीका बारेमा छलफल गराउने, नेपालमा तथा स्थानीय स्तरमा प्रचलित अनलाइन किनमेलमा संलग्न सेवा प्रदायकहरूको उदाहरणहरू दिने, अनलाइन सेवा प्रदायकका वेबसाइट खोली अनलाइन सपिङको प्रक्रिया देखाइदिने
- नगद रहित भुक्तानीको अवधारणा र परिचय दिने, यसबाट हुने फाइदा, यसका जोखिमहरू र सावधानीका बारेमा व्यापक छलफल गराउने । नगद रहित भुक्तानी अन्तर्गत निम्न विषयवस्तु समावेश गर्नेः

१) डिजिटल वालेट, परिचय, विश्वसनियता, प्रयोग गर्ने तरीका नेपालमा प्रचलित डिजिटल वालेटको उदाहरणहरू (जस्तैः ईसेवा, खल्ती, प्रभु पे, आईएमई पे आदि)

२) स्क्यान एण्ड पे को परिचय र यस अन्तर्गत QR (Quick Response) code Scan, NFC (Near Field Communication) tag आदिको प्रयोग विधि सहित जानकारी दिने,

- बैंक बाहेक सामाजिक सुरक्षा र सुशासनको लागि CCTV/IP क्यामेराको परिचय दिने र यसको आवश्यकताको बारेमा कक्षा कोठामा छलफल गराउने, कस्ता कस्ता ठाउँहरूमा यसको प्रयोग उपयुक्त होला भन्ने सम्बन्धमा विद्यार्थीका धारणाहरू लिने र बढी भिडभाड हुने क्षेत्र, हुलदङ्गा हुने क्षेत्र, चोक बाटाहरू, विद्यालय, अस्पताल आदि क्षेत्रहरूमा यसको आवश्यकता र महत्त्वको बोध गराउने, पोखरा महानगरपालिकाभित्र यस्ता क्यामेरा राख्नुपर्ने ठाउँको पहिचान गर्न लगाउने र सहजीकरण गर्ने । यसले कसरी काम गर्छ ? यसको तथ्याङ्क कहाँ भण्डारण हुन्छ भन्ने जानकारीका लागि NVR र DVR को परिचय दिने क्यामेराको रेकर्डिङ प्रक्रिया बताईदिने ।
- एजु ब्लगको बारेमा कक्षामा छलफल गर्ने, यसमा विद्यार्थीको खाता बनाउन सहजीकरण गर्ने, विभिन्न विषयको परियोजना कार्य, प्रतिवेदन प्रस्तुतिका लागि तयार पारिएका सामग्रीहरू तथा अन्य सामग्रीहरू ब्लगमा राख्न र ब्लगलाई आकर्षक डिजाइन गर्न सिकाउने । शिक्षण सिकाइमा ब्लगको महत्त्वको बारेमा छलफल गर्ने । ब्लग मार्फत सामग्री आदान प्रदान गर्न सिकाउने ।
- उल्लिखित विषयवस्तुको धारणागत सिकाइका लागि स्थलगत भ्रमण गराई प्रत्यक्ष हेर्ने वातावरण तयार गर्ने र सो गर्न नमिलेको अवस्थामा सम्बन्धित विषयवस्तुको भिडियो प्रदर्शन गर्ने ।
- स्थलगत अवलोकन भ्रमणको रिपोर्ट लेखन तथा प्रोजेक्ट वर्क गराउने ।

**ङ) सिकाइ मूल्याङ्कनः**

- बहुवैकल्पिक प्रश्नहरूको निर्माण गर्ने,
- खाली ठाउँ भर्ने प्रश्नहरू निर्माण गर्ने,
- सम्बन्धित डिजिटल सामग्रीहरूको चित्र कोर्न लगाउने,
- बोध तथा ज्ञान तहका छोटो उत्तर आउने प्रश्नहरूको निमार्ण गर्ने,
- उच्च तहका तुलनात्मक अध्ययन गर्ने तथा तार्किक उत्तर आउने प्रश्नहरू निर्माण गर्ने,
- प्रविधि प्रयोगसँग सम्बन्धित प्रश्नहरू निर्माण गर्ने,
- अवलोकन भ्रमणको प्रतिवेदन प्रस्तुत गर्न लगाउने,
- परियोजना कार्यहरूको मूल्याङ्कन गर्ने ।

कक्षाः ८

विषयक्षेत्रः उद्योग व्यापार तथा व्यवसाय वार्षिक कार्यघण्टाः २५

**परिचय :**

**मानब श्रोत व्यवस्थापन :** कुनै पनि उत्पादन कार्यको लागि पूँजी, प्रविधि, प्रक्रिया, वस्तु, सूचना लगायतका विभिन्न साधनहरू आवश्यक पर्ने भए तापनि मानब श्रोत वा जनशक्ति बिना उत्पादन सम्भब हुँदैन त्यसैले जनशक्ति कुनैपनि उत्पादन कार्यको अत्यन्तै महत्त्वपूर्ण साधन हो । तसर्थ बस्तु तथा सेवा उत्पादनको लागि आवश्यक पर्ने जनशक्तिको प्राप्ति गर्नु , प्राप्त जनशक्तिमा आवश्यक सिप तथा दक्षताको बिकास गर्नु,

उनीहरूको अधिकतम उपयोग गर्नु र उनीहरूलाई आवश्यक संरक्षण वा संभार सम्बन्धी व्यवस्थापनलाई मानव श्रोत व्यवस्थापन भन्न सकिन्छ ।

**मानव श्रोत व्यवस्थापनको किन आवश्यक छ ?**

- उपयुक्त जनशक्ति प्राप्त गर्ने,
- आफ्नो आवश्यकता अनुसारको जनशक्तिको क्षमता विकास गर्ने ,
- आफूसँग भएको जनशक्तिको अधिकतम उपयोग गर्ने ,
- कार्यमा निरन्तरता कायम गर्ने ,
- जनशक्तिलाई प्रेरणा प्रदान गर्न ।

**कार्य विभाजन :**

ठुलो परिमाणमा व्यवसायिकरूपमा बस्तु तथा सेवाको उत्पादन एकै व्यक्तिबाट सम्भव हुँदैन तसर्थ समग्र उत्पादन प्रक्रियालाई स- साना इकाइहरूमा विभाजन गरी जनशक्तिमा रहेको सिप, कार्य दक्षता, तथा क्षमताका आधारमा निश्चित कामको अख्तियार र उत्तरदायित्व हस्तान्तरण गर्ने ( जिम्मा दिने ) प्रक्रिया नै कार्य विभाजन हो ।

**औद्योगिकीकरणको महत्त्व / आवश्यकता :**

- रोजगारीको सिर्जना, आर्थिक उन्नति, क्रय शक्ति बृद्धि जीवन स्तरमा सुधार,
- आवश्यक दैनिक उपभोग्य बस्तु तथा सेवाको सहज आपूर्ति,
- जनशक्तिमा सिप तथा कार्य दक्षताको विकास,
- हामीलाई बढी उत्पादनशील बनाउदछ बिकासको सूचक आदि ।

**ब्यापापरिक योजना** आफूले सञ्चालन गर्न गइरहेको व्यवसायको बारेमा सबै जानकारी एकै ठाँउमा देखिने गरी लेखिएको कागज वा फाईल नै व्यवसायिक योजना हो । सामान्यतया यसमा निम्नलिखित कुराहरू समेटिएको हुन्छ ।

व्यवसायको नाम र ठेगाना, उद्देश्य, मेशिन उपकरण के कति चाहिन्छ ? कति र कस्ता दक्षताका कति जनशक्ति चाहिन्छ ? कति पूँजी आवश्यक पर्छ ? अन्य खर्चहरू के कति लाग्ला ? कति लगानी गर्ने ? कति नाफा पाउन सकिन्छ ? कुन र कस्तो गुणस्तरको वस्तु / सेवा उत्पादन गर्ने ? कति परिमाणमा उत्पादन गर्ने ? वस्तु / सेवाको बजार क्षेत्र कहाँ हो ? बजार माग कस्तो छ ? आदि

**व्यवसायिक गुणहरू :** स्पष्टता ,शुद्धता,निर्णय क्षमता ,इमान्दारिता, लगनशीलता, बिनायाशीलता, श्रमको सम्मान , चातुर्यता,धैर्यता, आदि ।

**व्यवसाय छनोट गर्दा ध्यान दिनुपर्ने कुराहरू :**

कुन व्यवसाय गर्ने भनेर निर्णय लिने भनेको व्यवसायको छनोट हो । राम्ररी सोचेर, अवसर वा सम्भावना हेरेर

सुरू गरेको व्यवसायबाट धेरै फाइदा लिन सकिन्छ ।

**व्यवसायको छनोट गर्दा ध्यान दिनु पर्ने कुराहरू :**

आफ्नो रुचि, परिवारको सहमति, आफ्नो ज्ञान, सिप, अनुभव, बजार अर्थात आफ्नो उत्पादन र सेवा लिने व्यक्ति वा ग्राहक कति छन् ? को हुन् ? क्रयशक्ति कस्तो छ ? कच्चा पदार्थ / औजार, जनशक्तिको उपलब्धता, लगानी गर्ने पूँजी कति छ ? दर्ता, नवीकरण, शुल्क, कर आदि कानूनी प्रक्रियाहरू कस्ता छन् ? सम्भाव्य सहयोगी संस्था तथा निकायहरू छन् कि छैनन् ? जोखिम तथा चुनौती कति छ ? आदि ।

**तालिम प्रदायक संस्था :**

फरक फरक सिप विकासका लागि फरक फरक संस्थाहरूले तालिम प्रदान गर्ने ,

सरकारी निकाय : जस्तै- व्यवसायिक तथा सिप विकास तालिम प्रतिष्ठान - केन्द्रहरू, लघु, घरेलु तथा साना उद्योग प्रबर्धन केन्द्र ।

गैरसरकारी निकाय : जस्तै- CTEVT

निजि कम्पनि : जस्तै- Training Centre Nepal

**बैंकले प्रदान गर्ने सेवा सुबिधाः**

खाता: बचत, चल्ती, मुद्दतीका मध्यमबाट धितो राखेर कर्जा, ओवर ड्राफ्ट कर्जा, सेयर बजारको कारोबारका लागि डीम्याट खाताका माध्यमबाट ।

ग्राहकको सहजताको लागि अन्य सेवाहरू : पैसा पठाउने , पठाएको पैसा भुक्तानी दिने, लकर सेवा, इ बैंकिंग सेवा, ए.टि.एम सेवा, आदि ।

**उद्देश्य :**

- व्यवसायको परिचय दिइ खाका तयार गर्न सक्ने छन् ।
- साना तथा मझौला उद्योगको परिचय दिइ उद्योग सञ्चालनका चुनौतिहरू बताउन सक्ने छन् ,
- व्यवसायिक गुण तथा सिपहरूको अभ्यास गर्न ।

विषय वस्तु : घरेलु तथा मझौला उद्योग, उद्योग, व्यापार, व्यवसाय, व्यवसायिक गुण, मानवस्रोत व्यवस्थापन, व्यवसायको योजना, नाफा नोक्सान,चुनौती, बैंक तथा वित्तीय संस्थाबाट प्राप्त गर्न सकिने सुविधा , तालिम प्रदायक संस्था

**सम्भावित सिकाइ सामग्री :**

श्रब्यदृश्य सामग्री , पोस्टर, ब्रोसर, चार्ट, बुलेटिन, पत्रपत्रिकामा प्रकाशित लेख, आदि ।

**सम्भावित सिकाई क्रियाकलाप :**

- औद्योगिक क्षेत्र अबलोकन भ्रमण,
- लघु प्रवचन ,
- चार्ट, बुलेटिन, ब्रोसर, श्रब्यदृश्य सामग्रीको आधारमा छलफल तथा अन्तरक्रिया आदि ।

**मूल्याङ्कन :**

- व्यवसाय सञ्चालनका चुनौतिहरू बताउनुहोस् ।

- व्यवसाय सञ्चालनको खाका तयार गर्दा कुन कुन कुरा उल्लेख गर्नुपर्दछ ? बताउनुहोस् ।
- व्यवसाय छनोट गर्दा कुन कुन कुरामा ध्यान दिनुपर्दछ बताउनुहोस् ।
- घरेलु उद्योगका उदाहरणहरू बताउनुहोस् ।
- परियोजना कार्यको माध्यमबाट धेरै भन्दा धेरै मात्रामा विद्यार्थीहरूलाई क्रियाशील बनाउनुहोस् ।

| कक्षाः ८ | |
|---|---|
| विषयक्षेत्रः कृषि (ऐच्छिक खण्ड) | वार्षिक कार्यघण्टाः ३० |

**परिचयः**

हामीले यस खण्डमा स्थानीय फलफूल, तरकारी तथा अन्नबालीमा र पशुपछीमा लाग्ने रोगको उपचारका लागि घरेलु औषधिलगायत अन्य उपचार विधिका बारेमा सिक्ने छौँ । पोखरा महानगरभित्र रहेका कृषि सेवाप्रदायक कार्यालयहरूको नाम र त्यहाँबाट प्राप्त हुने सेवा सुविधाका बारेमा पढ्ने छौँ । स्थानीय कृषि उत्पादनको आर्थिक, सामाजिक र स्वास्थ्य सम्बन्धी महत्त्व बारेमा सिक्ने छौँ ।

**क) उद्देश्यः**

- स्थानीय फलफूल, तरकारी तथा अन्नबालीमा लाग्ने रोगको उपचारका विधि बताउन,
- स्थानीय पशुपछीमा लाग्ने रोगको उपचारका विधि बताउन,
- नगरभित्र रहेका कृषि सेवाप्रदायक कार्यालयहरूको पहिचान गरी त्यहाँबाट प्राप्त हुने सेवा सुविधाहरूको सूची तयार गर्ने,
- स्थानीय कृषि उत्पादनको आर्थिक, सामाजिक र स्वास्थ्य सम्बन्धी महत्त्व बताउन,

**ख) विषयवस्तुः**

**१· स्थानीय फलफूल, अन्नबाली तथा तरकारीमा लाग्ने रोगको उपचारका विधिः**

**फलफूलमा लाग्ने रोगको उपचार विधिः** केराबारीमा केराको थाम ओइलाउने रोग,गानो कुहिने रोग, गवारो, कोत्रे जस्ता रोगहरू देखा पर्दछन् । यी रोगहरू नियन्त्रणका लागि रोगी बिरूवा उखलेर फाल्ने, फल र बिरूवालाई चोट लाग्न नदिने । अमिला फलफूलमा कालो ध्वाँसे, जरा कुहिने, फेद कुहिने लगायतका रोग लाग्न सक्छ, अम्बामा पात सुकेर झरी बोट नै मर्ने ओइलाउने रोग लाग्दछ । यस्ता रोगको नियन्त्रणका लागि रोग सहन सक्ने जातका बिरूवा लगाउने । रोगी हाँगाबिगा काटेर नष्ट गर्ने । आवश्यकताअनुसार सम्बन्धित विज्ञसँग भेटी विषादीको प्रयोग गर्ने ।

**तरकारीमा लाग्ने रोगको उपचार विधिः** आलुमा डढुवा रोग, ऐजेरू, ओइलाउने,दादे रोगहरू देखिन्छ । यस्ता रोगहरू नियन्त्रण गर्नका लागि सम्बन्थित विज्ञसँगको सल्लाहअनुसार विषादीको प्रयोग गर्ने । स्वस्थ्य बिउ प्रयोग गर्ने । रोग लागेको खेतबाट उत्पादित बिउ नरोप्ने र रोग लागेको खेतमा पनि नरोप्ने । बन्दा, काउली,फूलगोभी, ब्रोकाउली, मुला, रायो, सलगम लगायतका फूलगोभी समूहमा डाँठ कुहिने रोग, नसा कालो भई कुहिने रोगलगायतका रोगहरू देखिन सक्छ । यसको नियन्त्रणका लागि

रोगमुक्त बिउ प्रयोग गर्ने, विज्ञको सल्लाहअनुसार विषादी प्रयोग गर्ने। काँक्रो,फर्सी, घिरौँला, करेला लगायतका बालीमा लाग्ने रोग थोप्ले खपटे, लाही, रातो खपटे फल कुहाउने औसाले आक्रमण गर्न सक्छ। गोलभेडा, भन्टा, खुर्सानीमा डढुवा रोग, ओइलाउने रोग लगायतका रोगहरू लाग्न सक्छ। यी रोगहरू नियन्त्रणका लागि स्वस्थ्य बिउ प्रयोग गर्ने साथै घरेलु औषधिका लागि सुर्तीको पातको रस, गाईभैँसीको पिसाबमा पानी मिसाइ प्रयोग गर्न सकिन्छ। तिते पाती, वनमासा आदिलाई कुहाइ बनाएको रस पनि प्रयोग गर्न सकिन्छ।

**अन्नबालीमा लाग्ने रोगको उपचार विधिः** धानमा रिट्टे, गवारो, पतेरो, खपटे, पात बेरूवालगायतका रोगका किराहरूले सताउँछन्। यसका लागि हरेक वर्ष धान कटिसकेपछि रहेको ठुटा निकाली जलाइदिने वा ठुटा डुब्ने गरी पानी पटाउनुपर्छ। खेतभित्र वा वरपरका झारपात गोडमेल गर्नुपर्छ। एकै समयमा पाक्ने धानका जातहरू लगाउनुपर्छ। नाइट्रोजनयुक्त मलखादको प्रयोग गर्नुपर्छ। मकैमा फेद कटुवा, खुम्रे किरा, फौजी किरा, गवारो, डढुवा, कालो पोके, घुँगा डाँठ कुहिने लगायतका रोग लाग्दछ। यस्ता रोगका रोगथामका लागि खेत बारीलाई गहिरो गरी खनजोत गर्ने, फेद काटेका बिरूवा नजिकै खोसली किराहरू भए नष्ट गर्नुपर्छ। रोग अवरोधक जातहरू लगाउने गर्नुपर्छ। गहुँमा डढुवा,खैरो सिन्दुरे,पहेँलो सिन्दुरे, कालो पोकेलगायतका रोग लाग्न सक्छ। यस्ता रोग नियन्त्रण गर्न रोग अवरोधक जातका बिउ प्रयोग गर्ने। अन्नबालीमा लाग्ने रोग नियन्त्रणका लागि सम्बन्धित विज्ञसँगको सल्लाहअनुसार विषादीको प्रयोग गर्नुपर्छ।

**२· स्थानीय पशुपछीमा लाउने रोगको उपचारका विधिः** हाम्रा गाउँघरमा पालिएका पशुपछीहरूमा विभिन्न किसिमका रोगले सताउन सक्छ। गाईभैँसीमा लाग्ने रोग खोरेत रोगका लागि पशु महिना पुगेपछि खोरेत विरूद्धको खोप लगाउने र प्रत्येक वर्ष दोहोऱ्याउने घाउलाई पोटास पानीले सफा गरिदिने। खोरेतका लागि फिटकिरीले घाउ सफा गरिदिने। सुरूका अवस्थामा केरा खुवाउने। भ्यागुते र चरचरे रोगका लागि वर्षायाम सुरू हुनु अगावै यी रोगका विरूद्ध खोप लगाउनुपर्छ। पेट फुलेमा घरेलु औषधिको रूपमा १००मि लि जति तोरीको तेल खुवाइदिने। पखला लागेमा चामलको माडमा अदुवाको धुलो खुवाउन सकिन्छ। किर्ना परेमा नरिबलको तेलमा गन्धक र अदुवा मिसाइ तताएर चिसो बनाइ लगाइदिने। सुर्तीको पातको झोल पनि लगाउन सकिन्छ। माहोला, पट्के, थुनेलो, भण्डार फर्कने लगायतका समस्याहरू देखिन सक्छन्। पशुलाई रूघाखोकी लागेमा फलेदोको ५०० ग्राम हरियो पातलाई पिनेर पानीमा मिसाएर खुवाउने। यस्ता रोगहरू लागेमा रोगी पशुलाई हरू पशुबाट अलग राख्नुपर्छ। सामान्य रूपमा घरेलु औषधि प्रयोग गरेता पनि सम्बन्धित प्राविधिकको सल्लाह अनुसार उपचार गराउनुपर्छ। कुखुरामा रानीखेत, कक्सिडियोसिस (दिसामा रगत छेर्ने रोग), गम्बोरो (झोक्राउने), बर्डफ्लु लगायतका रोगहरू लाग्न सक्छ।

**३ · कृषि सेवाप्रदायक कार्यालयहरूबाट प्राप्त सेवा सुविधाः**

पोनपा भित्र रहेका तपसिलका कृषि सेवाप्रदायक कार्यालयहरूबाट तपसिलका सेवा सुविधा लिन सकिन्छ।

| क्र सं | कृषि सेवाप्रदायक कार्यालय | प्राप्त सेवा सुविधा |
|---|---|---|
| १ | बाली संरक्षण प्रयोगशाला पोखरा -१७ बिरौटा | १.रोग तथा किराको क्षति निरीक्षण गरेर व्यवस्थापनमा सहयोग गर्ने,<br>२. विषादी बिक्रेताहरूको पसलमा छानबिन गर्ने,<br>३. बाली शिविर सञ्चालन गर्ने,<br>विषादी विक्रेता सम्बन्धी तालिम दिने, |
| २ | बिउ बिजन प्रयोगशाला पोखरा -१७ बिरौटा | १.प्रदेश स्थित बिउ उत्पादन कृषकहरूसँग सहकार्य गर्ने,<br>२. बिउ बाली निरीक्षण गर्ने,<br>३. बिउलाई प्रमाणीकरण गर्ने, |
| ३ | माटो तथा मल परीक्षण प्रयोगशाला पोखरा-१७ बिरौटा | १.माटो तथा मलको खाद्य तत्त्वबारे परीक्षण गर्ने,<br>२. घुम्ती माटो परिक्षन सेवा प्रदान गर्ने,<br>३.कृषक तथा स्थानीय तहमा कार्यरत प्राविधिकहरूलाई तालिम प्रदान गर्ने, |
| ४ | कृषि ज्ञान केन्द्र पोखरा -१७ बिरौटा | १.कृषकहरूलाई तालिम दिने,<br>२.कृषकहरूलाई अनुदानमा यन्त्रिकरण, कृषि उपकरण दिने,<br>३.प्राविधिक सेवा सुविधा प्रदान गर्ने,<br>४. कृषकहरूसँग सहकार्य गरी कार्य गर्ने, |
| ५ | वागवानी अनुसन्धान केन्द्र पोखरा -५ | १.विभिन्न बाली उत्पादन तथा नयाँ बिउ उपलब्ध गराउने, |
| ६ | भूमि व्यवस्था, कृषि सहकारी तथा गरिबी निवारण मन्त्रालय पोखरा -५ | १.ऐन तथा नियमावली, कार्यविधि, बजेट बाँडफाँड,<br>२.कर्मचारीको विवरण, |
| ७ | Li Bird कृषि महाशाखा पोखरा- माटेपानी | १.बिउ उत्पादन,बिरूवा उत्पादन र कृषकलाई क्षमता अभिवृद्धि तालिम<br>२. जैविक विविधता संरक्षण |
| ८ | कृषि महाशाखा पोखरा | कृषकहरूसँग सहकार्य गरी बिउहरू वितरण गर्ने तालिम सञ्चालन गर्ने, |

**ग) सम्भावित सिकाइ सामग्रीः**

चार्टहरू तथा भिडियोहरू, अनलाइन सामग्रीहरू, मेटाकार्ड, चित्र तथा तस्बिर, विद्युतीय श्रव्यदृश्य सामग्री, लाग्न सक्ने रोगका नामहरूको सूची, लेखरचना आदि ।

**घ) सम्भावित सिकाइ क्रियाकलापः**

- आफ्नो घरमा लगाइएका तरकारी वा फलफूलमा कुनै समस्या रोग लागेको छ छैन भनी सामान्य प्रश्न सोध्ने,
- विद्यार्थीहरूलाई समूहगत रूपमा विभाजन गरी स्थानीय स्तरमा उपलब्ध हुने औषधि (विषादी) हरू के के हुन सक्छन् खोजी गर्न लगाउने,
- समूहगत रूपमा तयार गरी ल्याएको विषादीहरू कक्षामा प्रस्तुत गर्न लगाउने,
- त्यसमा पुन: छलफल गरी विषादीको रूपमा प्रयोग गर्न सकिने कुराहरू जस्तै :- तितेपाती, काँचोपात, साबुन

पानी, वनमासा, खिर्रो, खरानी, गाईभैँसीको पिसाब लगायत अन्य औषधिको बारेमा जानकारी दिने ,

- त्यसपछि घरेलु सामग्रीहरू औषधिको रूपमा कसरी प्रयोग गर्न सकिन्छ भनी छलफल गर्ने, जस्तै : गाईभैसीको पिसाब एक भागमा तीन भाग पानी मिसाइ छर्नाले बोटबिरूवा राम्रो हुने,किराबाट बचाउन सकिने, तितेपाती, असुरो, वनमासालाई १५ दिनसम्म ड्रममा राखी कुहाएर बनेको झोलमा आधाभन्दा बढी पानी मिसाइ छर्न सकिने)

---

*त्यस्तै गरी पशुपछीमा लागेका केही रोगहरूका लागि गर्न सकिने घरेलु औषधिका बारेमा गाउँका कोही जानकारसँग सोधेर लेखी ल्याउन लगाउने,*

---

- उक्त लेखेर ल्याएको सामग्री कक्षामा प्रस्तुत गर्न लगाउने,
- त्यसमा पुन: छलफल गरी औषधिको रूपमा प्रयोग गर्न सकिने कुराहरू जस्तै :-लसुन, अदुवा, केतुकी फूलको बोटको बोक्रा, चिप्लेकिरा,टिमुर,अमिलो,काँचो सिम्रिक,राजवृक्षको फल (पिसाब रोकिएमा), घिउकुमारी र बेसार मिसाइ थुनेलो भएमा लगाउने र अन्य घरेलु औषधिको बारेमा जानकारी दिने,
- तयार गरी प्रस्तुत गरेको सूचीमा छलफल गरी थप जानकारीका लागि स्थानीय स्तरमा कृषि फर्म वा पशुपछी पालन फर्ममा क्षेत्र भ्रमण गराउने,
- सम्बन्धित विज्ञसँग भेट गरी त्यसका बारेमा थप जानकारी लिने,
- नगरभित्रका कृषि प्रदायक संस्थाहरूमा लगी नागरिक वडापत्र हेर्न लगाउने,
- त्यहाँका सूचना अधिकारीसँग भेटी त्यहाँबाट प्राप्त सेवा सुविधाका बारेमा छलफल गराउने,
- विद्यार्थीहरूलाई आवश्यकताअनुसारको समूह विभाजन गरी स्थानीय कृषि उत्पादनको महत्त्वको सूची बनाउन लगाउने,
- समूहगत रूपमा तयार गरेको सूचीलाई प्रस्तुत गर्न लगाउने,
- फेरि तीन समूहमा विभाजन गरी उक्त महत्त्वलाई आर्थिक, सामाजिक र स्वास्थ्य सम्बन्धी छुट्याउन लगाउने, जस्तै : स्थानीय उत्पादन ढुवानी खर्च नलाग्ने हुँदा कम मूल्यमा पाइन्छ । आर्थिक, स्थानीय उत्पादन गाउँघरमा आवश्यक परेमा प्रयोग गर्न सकिन्छ । सामाजिक, स्थानीय उत्पादन छिट्टै ल्याएर प्रयोग गरिने हुँदा ताजा हुन्छ । स्वास्थ्य सम्बन्धी )


**ङ) सिकाइ मूल्याङ्कनः**

- मौखिक प्रश्नोत्तर गराउनुहोस् ।
- समूहमा छलफल गरी लेख्नका लागि प्रश्न दिनुहोस् ।
- आफ्नो घरमा वा छिमेकमा के के खेती गरिएको वा के के पशुपछी पालिएको छ तिनीहरूमा कस्ता रोग लाग्छन् र त्यसका लागि घरेलु औषधिको रूपमा के प्रयोग गरिएको छ सो को बारेमा सोधेर लेखेर ल्याउनुहोस् ।
- कृषि सेवा प्रदायक कार्यालयबाट पाइने ५ ओटा सेवा सुविधाहरू लेख्नुहोस् ।

---

*नोटः शिक्षक साथी यी नमूना क्रियाकलापमात्र हुन् । तपाईंहंरूले यस्तै अन्य क्रियाकलापहरू गराई मनोरञ्जनात्मक तरिकाले सिकाउन सक्नुहुने छ । विशेषगरी पाठ्यघण्टा ३० मा आधारित रहेर खोज, क्षेत्रगत भ्रमण र विद्यार्थी केन्द्रित क्रियाकलापहरू गराउनुहोला ।*

---




प्रकाशक

**पोखरा महानगरपालिका**

गण्डकी प्रदेश, नेपाल